# लेखापरीक्षण प्रतिवेदन

# धरान उप महानगरपालिका

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## धरान उप महानगरपालिका

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्योटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्योट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख
महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/504

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
धरान, सुनसरी।

## कैफियतसहितको राय

हामीले यस उपमहानगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. उपमहानगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सत्र) प्रयोगमा रहेको छ । उपमहानगरपालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.५७ करोड ३९ लाख ३९ हजार, पर्यटन पूर्वाधार विकास आयोजनाको रु.१ करोड २० लाख ३४ हजार र एकीकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.३ करोड ७६ लाख १४ हजार समेत गरी रु.६२ करोड ३५ लाख ९० हजार समावेश गरेको छैन।

२. उपमहानगरपालिकाको रु.४ अर्ब २९ करोड ३० लाख ५९ हजार लेखापरीक्षण गरिएकोमा रू. ८ करोड ७६ लाख ९७ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.१ करोड ६७ लाख २६ हजारको प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू.८५ लाख ३८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड १४ लाख ९९ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ३२ लाख ५१ हजार र पेस्की बाँकी रु.७६ लाख ८३ हजार रहेको छ। गत वर्षसम्म रु.४२ करोड ९० लाख २५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रू. ४१ करोड ९६ लाख ७४ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. उपमहानगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने धरान उपमहानगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो उपमहानगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी धरान उपमहानगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।



( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७० | ३८१ | ८,७६,९६,९८४ | १ | ९६ | १,६७,२५,९८४ | ० | ६९ | २८५ | ७,०९,७१,००० | ८५,३७,७०४ | २,३२,५१,४०३ | ३,१४,९८,८९४ | ० | ० | ५,४७,५०,२९६ | ७६,८२,९९९ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सुनसरी | ४२,९०,२४,९९२ | ९०,६८,८५५ | ७,१२,५३,५४० | ३४,८७,०२,५९७ | ० | ७,०९,७१,००० | ४१,९६,७३,५९७ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७८/७९ | ६२ | एजबिल्ट जरिवाना | १,००,००० |
| २ | २०७८/७९ | ५८ | विद्यालय कार्यसम्पन्न | २३,७१० |
| ३ | २०७८/७९ | ५५ | शिक्षण सहयोग अनुदान | ५४,००० |
| ४ | २०७८/७९ | २८.७ | आन्तरिक राजस्वतर्फः | १२,११,६०० |
| ५ | २०७८/७९ | ६९ | भौतिक निर्माण तर्फको कार्यसम्पन्न | १,६२,००,००० |
| ६ | २०७८/७९ | ३२ | कर्मचारीको स्तर वृद्धि | २४,०१२ |
| ७ | २०७९/८० | ५७ | पेश्की बाँकी: | १,९३,६८२ |
| ८ | २०७९/८० | ३९ | असुलगर्न बाँकि बहालः | १,३६,८७९ |
| ९ | २०८०/८१ | ५६ | सूचना प्रकाशनः | १३,०५१ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| १० | २०८०/८१ | ५७.३ | शिक्षा तर्फका थप व्यहोराहरुः | ६,००,२०० |
| ११ | २०८०/८१ | ५९.७, ५९.८, ५९.१० | शिक्षा तर्फः | २६,०३,२१० |
| १२ | २०८०/८१ | ७४.२ | वडा कार्यालय वडा नं. ८ तर्फः | ३,७७,००० |
| १३ | २०८०/८१ | ७३.१, ७३.२, ७३.३ | वडा कार्यालय वडा नं. २ तर्फः | ६,५८,०४७ |
| १४ | २०८०/८१ | ५८ | प्रशिक्षक भत्ताः | ११,९०० |
| १५ | २०८०/८१ | ९२.२ | प्रदेश पूँजिगततर्फ | १८,९१,८०० |
| १६ | २०८०/८१ | २८ | पेश्की बाँकी: | ५०,०४,८९० |
| १७ | २०८०/८१ | ९०.४ | पालिकाको पूजिंगत तर्फः | ७,५५,४०५ |
| १८ | २०८०/८१ | ९३ | परामर्श सेवा खरिदः | २९,५५,००७ |
| १९ | २०८०/८१ | ६८ | जिन्सी हस्तान्तरणः | ९९,८५० |
| २० | २०८०/८१ | ७२ | जिन्सी दाखिला हुनु पर्नेः | १,४०,००० |
| २१ | २०८०/८१ | ९४ | जिन्सी दाखिला वडा नं.११ तर्फः | १,८२,७२५ |
| २२ | २०८०/८१ | ४७ | गोधुलि फुटबल प्रतियोगिताः | ८४,५२४ |
| २३ | २०८०/८१ | ६९ | खप्ने जिन्सी सामानः | १३,४३,८२५ |
| २4 | २०८०/८१ | ७६ | कृषि उपकरण खरिदमा मू अ कर (वडा नं.-१४) | ४,५५० |
| २5 | २०७४/७५ | ५९.२ | अतिरिक्त समय कार्य गरेबापत बढी भुक्तानी | ३२९० |
| २6 | २०७४/७५ | १५ | शुक्र तामाङ्को पेश्की फर्स्यौट | ३००००० |
| २7 | २०७५/७६ | ३९ | रामबाबु यादवको पेश्की फर्स्यौट | ७५००० |
| २8 | २०७५/७६ | ३९ | रामबाबु यादवको  पेश्की फर्स्यौट | १००००० |
| 29 | २०७६/७७ | ८ | कर्मचारी करार | १७५७०१९३ |
| ३0 | २०७६/७७ | १० | कर्मचारी प्रोत्साहन भत्ताः | २२५४८१५७ |
| ३1 | २०७६/७७ | २७ | खेलकुद विकास कार्यक्रमः | ६५१५२५ |
| ३2 | २०७६/७७ | ३० | परामर्श सेवाः | ३९६५०० |
| ३3 | २०७६/७७ | ३१ | सुरक्षा गार्डः | ६१०२०० |
| ३4 | २०७६/७७ | ३२ | नगर सरसफाइ खर्चः | ९१९६१५ |
| ३5 | २०७६/७७ | ३३ | कर्मचारी भर्नाः | ८५२१००० |
| ३6 | २०७६/७७ | ६० | सोझै खरिदः | १५९२५४३ |
| ३7 | २०७६/७७ | ७५ | शीर्षक फरक पारी गरेको खर्च | २१६३४ |

| | |
|---|---|
| जम्मा | ८७९७९५२४ |

# (८०११४३०२३०० - धरान उप महानगरपालिका )

# परिचय

१ **परिचयः**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा २० वडा रहेको छ भने क्षेत्रफल १९२.६१ वर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदनअनुसार १ लाख ७३ हजार ९६ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।१०।२ देखि २०८१।१०।२५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** जम्मा रु. ४,२९,३०,५८,८४४/६६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २,४९,५९९/- असुल भई दाखिला प्रमाण पेश भएको छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकिकृत बित्तीय बिबरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

| क्र.सं. | आयतर्फ | | | क्र.सं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी धरौटी अन्य कोष समेत | | १४४१०२१०६.६४ | १ | चालु खर्च तथा पूँजीगत खर्च | | १३२३५५१५५६.८२ |
| २ | राजस्व ( आन्तरिक आय) | | ५३४४३१२८१.०६ | | चालु खर्च | ८७८०८०८६७.२२ | |
| | (क) आन्तरिक राजस्व | २४७०१७१७५.०८ | | | पूँजीगत खर्च | ४२९०१२६०३.६९ | |
| | (ख) राजस्व बाँडफाँड | २८३९२३२७३.८५ | | | वित्तीय खर्च | १६४५८०८५.९१ | |
| | (ग) विभाज्य कोष | ३४९०८३२.१३ | | २ | IPFMS खर्च तर्फ | | ६२३५९०९११.६३ |
| ३ | वित्तीय हस्तान्तरण संघ | | ८७५९३९००० | | सामाजिक सुरक्षा भत्ता | ५७३९३९२१४.६३ | |
| | क) वित्तीय समानीकरण अनुदान | २८३८३६००० | | | पर्यटन पूर्वाधार विकास आयोजना | १२०३७४५२ | |
| | ख) सशर्त अनुदान | ५००१०३००० | | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३७६१४२४५ | |
| | ग) समपूरक अनुदान | ६००००००० | | ३ | कोष तर्फको खर्च | | १०६२६१५९८.६५ |
| | घ) विशेष अनुदान | ३२०००००० | | | विविध खर्च खाता ग.२.७ | ३१९०५०५०.५ | |
| ४ | प्रदेश सरकारबाट प्राप्त | | ५२६९२००० | | धरौटीको खर्च | २८५३१२७६.१६ | |
| | क) वित्तीय समानीकरण अनुदान | २०१९२००० | | | कर्मचारी कल्याण कोष | ३५२४००५६.९९ | |
| | ख) सशर्त अनुदान | १२५००००० | | | विपद तथा प्रकोप व्यवस्थापन कोष | ५६९८२१६ | |
| | ग) समपुरक अनुदान | २००००००० | | | मर्मत संभार कोष खर्च | ४८८६९९९ | |
| ५ | IPFMS आम्दानी तर्फ | | ६२३५९०९११.६३ | ४ | विभाज्य कोषबाट हस्तान्तरण | | ९८८२६८ |
| | सामाजिक सुरक्षा भत्ता | ५७३९३९२१४.६३ | | ५ | पेश्की खर्च | | १११९४२९२ |
| | पर्यटन पूर्वाधार विकास आयोजना | १२०३७४५२ | | ६ | निकासा फिर्ता तर्फ | | ४८१५९४४०.९६ |
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३७६१४२४५ | | | संघीय संचितकोष खाता | ४३९७९०७१.९५ | |
| ६ | कोष तर्फको आय धरौटी समेत | | ९०८५६७९९.७७ | | प्रदेश संचित कोष खाता | ३९५८४७०.०१ | |
| | विविध खर्च खाता ग.२.७ | २९९३३०७५.३९ | | | बैदेशी रोजगार कोषलाई फिर्ता | २२१८९९ | |
| | धरौटी आय | २६७७६५३९.३८ | | ७ | दाखिला गर्न बाँकी दायित्व | | -२७०८०४ |
| | कर्मचारी कल्याण कोष | २००००००० | | ८ | कोषको भौज्दात तर्फ | | २०६२१०४२२.९ |
| | विपद तथा प्रकोप व्यवस्थापन कोष | २०००००० | | | कार्य संचालन कोष मौज्दात | ८०२७१५.७२ | |
| | मर्मत संभार कोष | ३००६१३८ | | | प्रकोप व्यवस्थापन कोष भौज्दात | १७१६३५२.२९ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कार्य संचालन कोष | १००००० | | | विभाज्य कोष भौज्दात | ११०२७१५.१३ | |
| | सडक बोर्डबाट निकासा | ६५४१०४७ | | | विविध खर्च खाता भौज्दात | ९०७६४७४.१६ | |
| | धरान खानेपानी व्यवस्थापन बोर्डको प्राप्त | २५०००००० | | | कर्मचारी कल्याण कोष | ५२२९९५.६६ | |
| | | जम्मा | २३२१६१२०९९.१ | | धरौटी मौज्दात | ४७५१०४९८.५७ | |
| ७ | गत बर्षको मौज्दातमा फरक | | ७३५८७.९५ | | संचित कोष मौज्दात | १४२८३२२६७.१६ | |
| | | | | | मर्मत कोषको मौज्दात | २३४८९६९.३५ | |
| | | | | | चालु खर्च खाता जोर बर्ष वडा नं. १ | १९७०००.५ | |
| | | | | | पूँजिगत खर्च खाता जोर बर्ष वडा नं. १२ | १००००० | |
| | | | | | वित्तीय खर्च खाता जोर बर्ष | १४.३६ | |
| | | | | | नगद मौज्दात | ४२०. | |
| | कुल जम्मा | | २३२१६८५६८७.१ | | कुल जम्मा | | २३२१६८५६८७.१ |

३ **बित्तीय प्रतिवेदनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| वित्तीय प्रतिवेदन | | | | | | |
|---|---|---|---|---|---|---|
| सरकारी बजेट, आम्दानी र खर्च कारोवारको बजेट तुलनात्मक प्रतिवेदन | | | | | | |
| विवरण | यस वर्ष रु. | | | गतवर्ष रु. | | |
| | शुरु बजेट | कायम भएको अन्तिम बजेट | वास्तविक प्राप्ति/ खर्च | शुरु बजेट | कायम भएको अन्तिम बजेट | वास्तविक प्र |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| क. आयतर्फ | | | | | | |
| ११००० कर | ४७,३८,८८,०००.०० | ४७,३८,८८,०००.०० | ३९,०३,१३,३९६.६४ | ४४,२६,५५,५००.०० | ४४,२६,५५,५००.०० | ३६,६६,०० |
| १३००० अनुदान | | | | | | |
| संघीय सरकार | ९०,०५,८३,०००.०० | ९०,०५,८३,०००.०० | ८३,१९,५९,९२८.०५ | ९०,८०,९४,०००.०० | ९०,८०,९४,०००.०० | ८४,७६,६८, |
| प्रदेश सरकार | ५,२६,९२,०००.०० | ५,२६,९२,०००.०० | ४,८७,३३,५२९.९९ | ५,१४,७०,०००.०० | ५,१४,७०,०००.०० | ४,५६,३६,८ |
| अन्तरिक श्रोत | १,७५,००,०००.०० | १,७५,००,०००.०० | ९०,४१,०४७.०० | ५,२०,००,०००.०० | ५,२०,००,०००.०० | १,९२,०५,३ |
| १४००० अन्य राजस्व | २२,८७,२०,०००.०० | २२,८७,२०,०००.०० | १४,२८,८४,१११.५९ | १७,१५,०५,५००.०० | १७,१५,०५,५००.०० | १२,५०,२४ |
| १५००० विविध प्राप्ति | १०,००,०००.०० | १०,००,०००.०० | ३,९२,८४०.०० | ५,५०,०००.०० | ५,५०,०००.०० | १७,५२,६३ |
| ३२००० वित्तीय सम्पत्ति | ५,१०,००,०००.०० | ५,१०,००,०००.०० | ५,६९,०७,६९१.५७ | १५,३६,४२,०००.०० | १५,३६,४२,०००.०० | १७,१७,१६ |
| जम्मा | १,७२,५३,८३,०००.०० | १,७२,५३,८३,०००.०० | १,४८,०२,३२,५४४.८४ | १,७७,९९,१७,०००.०० | १,७७,९९,१७,०००.०० | १,५७,७६,० |
| २११००पारिश्रमिक / सुविधा | ५०,८९,४२,६६०.०० | ५०,८९,४२,६६०.०० | ४७,९६,८९,८४७.१५ | ३७,६०,०२,१००.०० | ३७,६०,०२,१००.०० | ३५,०५,०४ |
| २१२००कर्मचारीको सामाजिक सुरक्षा खर्च | ३,००,००,०००.०० | ३,००,००,०००.०० | २,००,००,०००.०० | २,७०,००,०००.०० | २,७०,००,०००.०० | २,२०,००,० |
| २२१०० सेवा महसुल | ८०,३४,५१६.०० | ८०,३४,५१६.०० | ६५,९३,९४९.९७ | ९५,१०,०११.०० | ९५,१०,०११.०० | ७७,३७,८९ |
| २२२०० पूँजीगतसम्पत्तिको संचालन र सम्भार खर्च | २,४६,९९,९८१.०० | २,४६,९९,९८१.०० | २,१५,८६,३७३.८४ | २,०१,४४,१५९.०० | २,०१,४४,१५९.०० | १,८०,८३, |
| २२३००कार्यालय सामान तथा सेवाहरू | १,६५,६९,०८१.०० | १,६५,६९,०८१.०० | १,२१,२६,२६८.१३ | १,८०,३५,३५७.०० | १,८०,३५,३५७.०० | १,४७,०१,७ |
| २२४०० सेवा तथा परामर्श खर्च | १३,७७,६०,४१२.०० | १३,७७,६०,४१२.०० | १२,४९,७०,३७३.०६ | १२,५६,२५,७४२.०० | १२,५६,२५,७४२.०० | ११,८७,७२ |
| २२५००कार्यक्रम सम्वन्धी खर्चहरू | १६,५६,०२,६०६.०० | १६,५६,०२,६०६.०० | ११,४५,६१,९७९.३५ | १६,४६,६५,२११.०० | १६,४६,६५,२११.०० | ११,७१,६९ |
| २२६०० अनुगमन, मूल्यांकनर भ्रमण खर्च | ४१,२२,७३५.०० | ४१,२२,७३५.०० | २९,६८,२८९.०० | ३३,२०,०००.०० | ३३,२०,०००.०० | २२,७६,१८ |
| २२७०० विविध खर्च | १,३२,६४,६५९.०० | १,३२,६४,६५९.०० | ९८,२२,०५७.५७ | १,४१,४८,२५६.०० | १,४१,४८,२५६.०० | १,२१,७१,८ |
| २४२०० आन्तरिक ऋणको ब्याज, सेवा शुल्क तथा बैंक कमिसन | ३,००,००,०००.०० | ३,००,००,०००.०० | ० | २,७०,००,०००.०० | २,७०,००,०००.०० | २,६६,६६,२ |
| २५१००सार्वजनिक संस्थानहरूलाई सहायता | ० | ० | ० | ० | ० | ० |
| २५३०० अन्य | ७,७७,७६,०००.०० | ७,७७,७६,०००.०० | ७,१३,३४,३०८.७५ | २,१४,४३,२९१.०० | २,१४,४३,२९१.०० | १,८८,६५,३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सहायता | | | | | | |
| २६३०० अन्यतहका सरकारहरूलाई अनुदान | ० | ० | ० | २२,२०,१८,०००.०० | २२,२०,१८,०००.०० | २१,०२,८४ |
| २६४०० सामाजिकसेवा अनुदान | ० | ० | ० | ७,००,०००.०० | ७,००,०००.०० | ६,९८,९५० |
| २७२०० सामाजिक सहायता | १,५६,२५,५००.०० | १,५६,२५,५००.०० | १,२६,६८,९५३.०० | २,३७,२५,३३४.०० | २,३७,२५,३३४.०० | २,०७,६८,८ |
| २८१००सम्पत्ति सम्वन्धी खर्च | २९,७७,०००.०० | २९,७७,०००.०० | १७,१७,३३१.४० | २३,२०,०००.०० | २३,२०,०००.०० | १९,९१,४६ |
| २८२०० फिर्ता खर्च | १०,५०,०००.०० | १०,५०,०००.०० | १,१६,५९१.०० | ५,५०,०००.०० | ५,५०,०००.०० | ९२,७९७.० |
| २८९०० भैपरी आउने चालु खर्च | ० | ० | ० | ० | ० | ० |
| ३११०० स्थिर सम्पत्ती प्राप्ति खर्च | ६५,४८,८७,८५०.०० | ६५,४८,८७,८५०.०० | ४४,२१,३१,४४०.६९ | ६९,१२,८३,५३९.०० | ६९,१२,८३,५३९.०० | ५५,९३,४९ |
| ३१५०० भैपरीआउने पूँजीगत | ० | ० | ० | ० | ० | ० |
| ३३१०० आन्तरिक दायित्व | ३,४०,७०,०००.०० | ३,४०,७०,०००.०० | १,६४,५८,०८५.९१ | ३,२४,२६,०००.०० | ३,२४,२६,०००.०० | १,६१,१५,० |
| जम्मा | १,७२,५३,८३,०००.०० | १,७२,५३,८३,०००.०० | १,३३,६७,४५,८४८.८२ | १,७७,९९,१७,०००.०० | १,७७,९९,१७,०००.०० | १,५१,८२,५ |
| अनुमानित बचत (न्युन) रकम (क - ख) | | | १४,३४,८६,६९६.०२ | | | ५,९३,५४,५ |

४ **वित्तीय विवरणको यथार्थता:**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं२७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.५७,३९,३९,२१४/६३, पर्यटन पूर्वाधार विकास आयोजना, १,२०,३७,४५२/-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ३,७६,१४,२४५/- समेत रु.६२,३५,९०,९११/६३ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

५ **फरक जिम्मेवारी:**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. १४,४१,०२,१०६/६४ मौज्दात रहेकोमा यो वर्ष संचितकोषमा रु.१४,४१,७५,६९४/५० जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.७३५८७./९५ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

६ **फरक हिसाब:**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु. ७३,५८७/८६, यस वर्षको प्राप्ति रु. ६२,३६,६४,५००/४९, यस वर्षको भुक्तानी रु. ६२,३५,९०,९११/६३ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | १४४१७५६९४.५ | १५५३९१९०८०.८३ | १४९१८८४३५२.४३ | २०६२१०४२२.९ |
| एकीकृत आर्थिक विवरणअनुसार | १४४१०२१०६.६४ | २१७७५८३५८१.३२ | २११५४७५२६४.०६ | २०६२१०४२२.९ |
| फरक | ७३५८७.८६ | -६२३६६४५००.४९ | -६२३५९०९११.६३ | ० |

७ **बैङ्क हिसाब विवरण:**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले म.ले.फा.नं. २१२ तयार गरी देहायको फरक मौज्दातको स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| ग १.१, आन्तरिक राजस्व खाता | १९१८९६४.१३ | १७७३६३२६.५५ | १५८१७३६२.४२ |
| ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | २६४५६१.०२ | २६४५६१.०२ |
| ग २.१, चालू खर्च खाता- विजोर वर्ष | ० | २३९६५०.७ | २३९६५०.७ |
| २.३ , पूँजिगत खर्च खाता- विजोर वर्ष | ० | ४५. | ४५. |
| ग २.५, वित्तीय व्यवस्था खर्च खाता- विजोर वर्ष | ० | ४१९१४.०९ | ४१९१४.०९ |
| ग २.७, विविध खर्च खाता | ९०७६४७४.१६ | ९२२९५९१.१६ | १५३११७ |
| ग ३.१, स्थानीय तह धरौटी खाता | ४७५१०४९८.५७ | ५२४६३२४७.५६ | ४९५२७४८.९९ |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | १४२८३२२६७.१६ | १३३२६८९९५.६ | -९५६३२७१.५६ |
| ग ५.१, स्थानीय तह विविध कोष खाता | ३५१९०१७.७३ | ६९४७५८३.१३ | ३४२८५६५.४ |
| ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ११०२७१५.१३ | ११०२७१५.१३ | ० |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १७१६३५२.२९ | २११८६२०.२९ | ४०२२६८ |
| जम्मा | २०, ७६ , ७६ , २८९.१७ | २२, ३४ , १३ , २५०.२३ | १५७३६९६१.०६ |

सञ्चितकोषमा श्रेस्ता अनुसार वर्षान्तको मौज्दात रु. २०,७६,७६,२८९/१७ र बैक अनुसार वर्षान्तको मौज्दात रु. २२,३४,१३,२५०/२३ देखिएकोमा श्रेस्ताभन्दा बैक रु. १,५७,३६,९६१/०६ बढी देखिन्छ । यस सम्बन्धमा एकिन गरि हिसाव मिलान हुनु पर्दछ ।

८ **खर्च विश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. २४,७०,१७,१७५/०८, राजस्व बाँडफाँडबाट रु २८,३९,२३,२७३/८५ र अनुदानबाट रु. ८८,०६,९३,४५८/०४ समेत रु. १,४१,१६,३३,९०६/९७ आम्दानी भएकोमा चालुतर्फ रु. ८७,८०,८०,८६७/२२, पूँजीगत तर्फ रु. ४२,९५,९७,००६/६९ र बित्तिय खर्च रु.१,६४,५८,०८५/९१ गरी जम्मा रु. १,३२,४१,३५,९५९/८२ खर्च भएको छ । उक्त खर्च मध्ये आन्तरिक आयको हिस्सा १८.६५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु.१,९४,१२,०००/- खर्च भएको छ जुन आन्तरिक आयको ७.८५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.३१ प्रतिशत चालु र ३३.६८ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ९ बजेट पेश, पारित र अख्तियारी:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।०३।१० मा रु.१ अर्ब ७१ करोडको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।२८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०३।२९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## १० बजेट सीमा निर्धारण समिति:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## ११ बजेट तथा कार्यक्रम तर्जुमा:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## १२ योजना प्राथमिकीकरण:

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार २० वडाको लागि वडागत र पालिकास्तरका कुल ३८३ योजनामा बजेट विनियोजन गरेतापनि देहाय बमोजिमका ३८३ वटा मात्र योजनाहरु सम्पन्न भएको उल्लेख छ । तोकिए बमोजिमका योजनाहरु सम्पन्न गर्नु पर्दछ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु. २० लाख माथिका योजना सङ्ख्या | रु. ५ लाखदेखि २० सम्मका योजना सङ्ख्या | रु. ५ लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | १५९ | २६ | ५७ | ७६ |
| २ | वडास्तरीय | २२४ | २ | ५६ | १६६ |
| | जम्मा | ३८३ | २८ | ११३ | २४२ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

१३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

१४ **आन्तरिक नियन्त्रण प्रणाली:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।१।३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वियन गर्न परिपत्र गरेको छ । हालसम्म यस पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागु गरेको छैन । वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकलाई प्रभावकारी बनाउन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्दधन प्रभावकारी हुन नसकेको अवस्था छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाइ यथाशीघ्र कार्यान्वियन गर्नु पर्दछ ।

१५ **तलबी प्रतिवेदन:**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३७ कर्मचारीको रु.२,१७,४६,१६९/- र पालिकाका १६७ कर्मचारीको रु.१०,५४,६२,०६६/९० समेत रु.१२,७२,०८,२३७/२ खर्च लेखेको छ । तलवी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलवी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१६ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाबाट प्राप्त दरबन्दीको विवरण अनुसार नगरकार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा तर्फको जम्मा दरबन्दी ४०८ रहेकोमा स्थायी २१९ करार १७५ गरि ३९४ पदपूर्ति भएको तथा १४ पद रिक्त रहेको उल्लेख छ । पालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुको जम्मा दरबन्दी २३ रहेकोमा ११ फाजिल समेत ३४ जना कार्यरत तथा शिक्षातर्फ स्वीकृत दरबन्दी ५ रहेकोमा ४ कार्यरत तथा १ रिक्त रहेको पाइयो । पालिकाको कार्य संचालनलाई प्रभावकारी बनाउन उल्लेखित रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१७ **ज्यालादारी कर्मचारी:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ (८) मा नगर प्रहरी सवारी चालक सयस बगैंचे प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक ४८ जना ज्यालादारीमा नियुक्त गरी रु. १,०५,१२,०००/- भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत तोकिएको पद भन्दा फरक पदमा करारमा कर्मचारी नियुक्ति गरि तलब भत्ता भुक्तानी दिएको नियम सम्मत देखिएन ।

| | |
|---|---|
| अनियमित भएको | १,०५,१२,००० |

१८ **कर्मचारी प्रोत्साहन भत्ता:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । पालिकाले रु.२९,८८,११२/ प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ। पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानून बमोजिम खर्च लेख्नुपर्दछ ।

१९ **अवकाश कोष:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले कर्मचारीहरूको सेवा सुविधा (सावधिक जीवन बीमा, उपदान, औषधी उपचार तथा विदा) वापतको रकम भुक्तानी गर्नका लागि कर्मचारी कल्याण कोष स्थापना गरी सञ्चालन गरेको छ । यस आर्थिक वर्षमा पालिकाको उक्त कोषमा अ.ल्या रु.१,५७,६३,०५२/६५ भएको र यस बर्ष थप भएको रु.२,००,००,०००/- गरी जम्मा रु.३,५७,६३,०५२/६५ आम्दानी भएको छ । पालिकाका ८ जना स्थानीय तहका कर्मचारी अवकाश बापतको जम्मा रु.३,५२,४०,०५६/९९- भुक्तानी गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी सोझै कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले कानून निर्माण गरी सोही बमोजिम कोषको सञ्चालन गर्नेतर्फ ध्यान दिनुपर्छ ।

२० **आर्थिक सहायताः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.१९,७४,४७२/- आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. २४,७०,१७,१७५/०८ को ०.८० प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड बेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ ।

२१ **जिन्सी निरीक्षण:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा नियमावलीको व्यवस्था अनुसार प्रतिवेदनमा एम्बुलेन्स-१, ल्यान्डरोवर-१, ट्र्याक्टर-१, मोटरसाईकल-१ समेत बिभिन्न ४३ थान तथा मर्मत गर्नु पर्ने सामानहरुमा मोटर साइकल-२, पिन्ट्रर-४, ल्यापटप-३, कुर्सी टेवल-१० समेत बिभिन्न ३३ थान उल्लेख छ । प्रतिवेदनमा उल्लेखित सामानहरु समयमै लिलाम तथा मर्मत गर्नुपर्दछ ।

२२ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं | मुख्य क्षेत्र | वार्षिक बजेट | खर्च रकम | कुल खर्चमध्ये खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३२७६२५५०. | २१९४८२६३.८७ | ६६.९८ |
| २ | सामाजिक विकास | ६०८१८२३०२. | ५४४३६६८२६.९५ | ८९.५१ |
| ३ | पूर्वाधार विकास | ५७२०८३९८६. | ३७३५४५१७०.६५ | ६५.३ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २९९५८४१३. | १८७५५९२०.०४ | ६२.६१ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४८२३९५७४९. | ३७८१२९६६७.३१ | ७८.३९ |
| कुल जम्मा | | १७२५३८३००० | १३३६७४५८४८.८२ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ८९.५१ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र मा सबै भन्दा घटी ६२.६१ प्रतिशत खर्च रहेको छ । साथै सवैभन्दा बढी सामाजिक विकासमा रु.५४,४३,६६,८२६/९५ र सवैभन्दा कम सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा रु. १,८७,५५,९२०/०४ खर्च भएको पाईयो ।

२३ **एकमुष्ट बजेट:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को २ मा बजेट पेश तथा पारित गर्ने बिषयमा आगामी आर्थिक बर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित बिबरण माथि छलफल गरि पारित हुने बजेटमा एकमुष्ट रकम राख्न मिल्ने देखिदैन । यसै गरी आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ को नियम १६ को उप नियम १८ मा कार्यालयले बजेट तर्जुमा गर्दा आगामी आर्थिक बर्षमा कार्यान्वियन गरिने कार्यक्रम वा आयोजनाको लक्ष्य र कुल लागत बजेटमा समावेश गर्नु पर्ने व्यवस्थाबाट पनि एकमुष्ट बजेट राख्न मिल्ने देखिदैन । कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ । एकमुष्ट बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन्

| क्र.सं | योजनाको नाम | बजेट/खर्च |
|---|---|---|
| १ | विभिन्न निर्माण कार्यहरु (उपप्रमुख कोष) | ४५००००० |
| २ | विभिन्न कार्यक्रम खर्च (उपप्रमुख कोष) | २७००००० |
| ३ | विभिन्न निर्माण कार्यहरु-प्रमुख कोष | ७९८५००० |
| ४ | विभिन्न कार्यक्रम खर्च-प्रमुख कोष | ७१००००० |
| ५ | विभिन्न पार्क निर्माण | ७४०४००० |
| | जम्मा | २९६८९००० |

२४ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु. ४४,२१,३१,४४०/ ६९ निकासा भएकोमा प्रथम त्रैमासिकमा १६.९८ प्रतिशत, दोस्रो त्रैमासिकमा १३.२० प्रतिशत, तेस्रो त्रैमासिकमा २३.३१ प्रतिशत र चौथो त्रैमासिकमा ४६.५१ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र ३५.६२ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च रु. | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पूँजीगत खर्चतर्फ | ४४,२१,३१,४४०/६९ | ७,५०,२५,७१९/०४ | ५,८४,०४,६४८/२९ | १०,३०,३३,६७२/१६ | २०,५६,६७,४०१/२० | १५,७५,१२,०६४/९ |
| प्रतिशत | | १६.९८ | १३.२ | २३.३१ | ४६.५१ | ३५.६२ |

२५ **सार्वजनिक सुनुवाई:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था भएकोमा सो कार्य भएको देखिएन । तोकिए बमोजिम सार्वजनिक सुनुवाई गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

२६ **सेवाप्रवाहको स्थिति:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| विवरण | जम्मा |
|---|---|
| पञ्जिकरण तर्फ | |
| जन्मदर्ता | १८२१ |
| मृत्युदर्ता | ११२२ |
| बसाईसराई आएको | ४१७४ जना |
| बसाईसराई गएको | २०२९ जना |
| विवाह दर्ता | १२७४ |
| सम्बन्धविच्छेद दर्ता | ४८४ जोडी |
| स्वीकृत घरनक्सा दर्ता पास | ३४३ |
| पूर्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण | १४७० मीटर |
| कालोपत्रे सडक मर्मत | ७३१.३६ मीटर |
| ग्राभेल सडक निर्माण | २४७.१० मीटर |
| ढल तथा नाला निर्माण | ५०६६ मीटर |
| इन्टरलक टायल निर्माण | ४२९.२६ मीटर |

२७ **न्यायिक समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १९ र यो वर्ष थप भएको ६१ गरी कुल ८० विवाद दर्ता भएकोमा ५७ वटा मात्र फर्स्योट भई २३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२८ **पेश्की बाँकी:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ मा पेश्की दिईएको रकम तोकिएको म्यादभित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । निम्नानुसार पेश्की दिएको रकम रु.१,३१,९४,२९२/- मध्ये म्याद नाघेको पेश्की रु. ७६८२९९९/- आर्थिक वर्षको अन्त्य सम्मपनि फछर्यौट नभई बाँकी रहेको देखियो । पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्दछ । म्याद नाघेको पेश्की रु.

| क्र. सं. | पद/ नाम | पेश्की लिएको भौ नं. र मिति | बापत | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|---|---|
| १ | हेभी सवारी चालक विनोद थापा मगर | ७९७/२०८०।७।१ | भ्रमण पेश्की | | ५४५५ |
| २ | हेभी सवारी चालक मदन मरिक | ८३३/२०८०।७।१ | कर्मचारी आकस्मिक सुविधा | | ५०००० |
| ३ | जन स्वास्थ्य अधिकृत रामबाबु यादव | ४०५/२०८१।३।१२ | नागरिक आरोग्य कार्यक्रम | | २०००० |
| ४ | बाइसधारा /जेशीका जे.भि | ५/२०८०।५।४ | रेडक्रस चौक अमरहाट शिखरमार्ग सडक स्तरोन्नती धरान | | २५३७५४४. |
| ५ | दिपादील कन्ट्रक्सन | ७/२०८०/०५/०६ | बहुभाषिक विद्यालय स्थापना धरान १६ | | २२७००००. |
| ६ | बद्रर्स कन्स्ट्रक्सन | २७/२०८०/१२/०२ | भगवती आधारभूत विद्यालय भवन निर्माण धरान १५ | | २३०००००. |
| ७ | नेपाल विधुत प्राधिकरण धरान | २०/ २०८१/०१/१८ | वसन्तटार पोल सार्ने | | ५००००० |
| ८ | बद्रर्स कन्स्ट्रक्सन | ३१/ २०८१।३।१४ | भगवती आधारभूत विद्यालय भवन निर्माण धरान १५ | ४२२००० | ० |
| | नेपाल विधुत प्राधिकरण धरान | २५/ २०८१/०२/२९ | वसन्तटार पोल सार्ने | ८४४०३. | ० |
| | | | जम्मा | ५०६४०३ | ७६८२९९९ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **५,०००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **४,८९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ७६,८२,९९९ |

२९ **दाखिला गर्न बाँकी दायित्वः**

आयकर ऐन, २०५८ को दफा ८८(१) अनुसार पारीश्रमिक कर, ८९(१) अनुसार अग्रिम कर र सामाजिक सुरक्षा कर समेत समयमै दाखिला हुनु पर्ने उल्लेख छ । पालिकाको सुत्र परीक्षण गर्दा रु.२,७०,८०४/- दाखिला गर्न बाँकी देखिन्छ । उक्त रकम दाखिला भएको प्रमाण पेश हुनुपर्छ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७०,८०४ |

३० **विविध खर्च:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । यस स्थानीय तहले यो वर्ष पालिका तर्फ रु. १८,४८,१२३/५० र वडा तर्फ रु.

६७,१८,३०२/- गरि जम्मा रु. ८५,६६,४२५/- विविधतर्फ खर्च गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. २४,७०,१७,१७५/०८ को ३.४७ प्रतिशत हुन आउँछ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

३१ **वार्षिक खरिद योजना/गुरुयोजना:**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ४४,२१,३१,४४०/६९ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिदको गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३२ **गत वर्षको भुक्तानी (चालु)**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१५) मा भुक्तानी दिन बाँकिको विवरणमा तलब, महङ्गी भत्ता र स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोशाक,खाधान्न,औषधि उपचार, बिरामी र बन्दीको सिधा, सेवा निवृत्त सुविधा र स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति, संस्था वा कम्पनीसँग भएको सम्झौता बमोजिमको रकम समावेश गर्न सकिने उल्लेख छ । पालिकाको गतवर्षको भुक्तानी दिन बाँकीको कच्चावारी (म.ले.प.फा.नं. २२१) को ढाँचामा तयार नगरि र सबै भुक्तानी बाँकि कार्यक्रमहरु शिर्षकगत रुपमा उल्लेख समेत नगरी आ.व. २०७९/८० को भुक्तानी दिन बाँकि योजना तथा कार्यक्रम (चालु) समावेशगरी रु.१,०९,११,१०४/- भुक्तानी दिएको देखियो । माथि उल्लेखित खर्च भन्दा फरक कार्यालय संचालन सम्बन्धी खर्च, मर्मत सम्भार खर्च, सरसफाई खर्च लगायत कार्यक्रम भुक्तानी दिन बाँकिको विवरणमा समावेश गरि यस वर्ष भुक्तानी दिएकोले नियमानुसार भुक्तानी दिन बाँकिको विवरणमा समावेश गर्न मिल्ने कार्यक्रममात्र समावेशगरी भुक्तानी दिनुपर्दछ।

३३ **सवारी साधन मर्मतः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा सोको अभिलेख तयार गरी राख्नुपर्दछ । पालिकाले मर्मत खर्च भुक्तानी गर्दा म.ले.प.फा.नं. ४१५ तयार नगरी सवारी साधन मर्मतमा विभिन्न भौचरहरुबाट रु. ५९,९७,९४०/४२ खर्च लेखेको छ । नियमको पालना गरी खर्च अनुगमन तथा नियन्त्रण तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ । पालिकामा ५० वटा मोटरसाइकल, १० वटा गाडी, १ वटा ब्याकहोलोडर, १ रोलर, ६ वटा ट्याक्टर, ४ वटा ट्रक र ४ वटा दमकल रहेका छन् । साथै इन्धन खर्च लेख्दा अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाबाट जारी कार्य सञ्चालन निर्देशिका २०७७ अनुसार इन्धन खर्च पाउने मापदण्ड अनुकुल हुने गरी सभाबाट मापदण्ड बनाई सोही अनुसार खर्च लेख्नुपर्दछ ।

३४ **भ्रमण खर्च तथा भ्रमण प्रतिवेदनः**

भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण आदेश नं. भ्रमणमा खटिनेको नाम दर्जा भ्रमण खटिएको स्थान, मिति समेत खुल्ने गरी अनुसूचि ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वास्नीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था समेत गर्नुपर्ने व्यस्था छ । पालिकाले यस वर्ष भम्रण खर्चमा रु.२३,०९,२२६/- खर्च गरेकोमा भ्रमण अभिलेख खाता राखेको पाइएन । भ्रमण प्रतिवेदन आंशिक रुपमा राख्ने गरेको पाइयो। विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च बाट फरक खर्च शिर्षकको कर्मचारी भ्रमण खर्च भुक्तानी गरेको पाइयो। भ्रमण पश्चात अनिवार्य रुपमा भ्रमण अभिलेख, भ्रमण प्रतिवेदन तथा अनुगमन प्रतिवेदन राख्ने तथा आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गरी नियमावलीको व्यवस्था पालना गर्नुपर्दछ ।

३५ **कर तथा शुल्क असुली:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | प्राप्तिको श्रोत | वार्षिक अनुमानित आय | आम्दानी | असुली प्रतिशत |
|---|---|---|---|---|
| १ | ११३१३ - सम्पती कर | ३६००००००० | ३३९४९९९६.२१ | ९४.३ |
| २ | ११३१४ - भुमिकर/मालपोत | १०००००००० | ७६१९३७०.०३ | ७६.१९ |
| ३ | ११३१७ - वहाल कर | ७०००००००० | ४५२४२७१८.२८ | ६४.६३ |
| ४ | ११३१८ - वहाल विटौरी कर | ७५००००० | ८१०२९८४. | १०८ |
| ५ | ११४५१ - सवारी साधन कर (साना सवारी) | ९७६००० | २४२०० | २.४९ |
| ६ | ११४५२ - पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १०००००००० | १०५२०१८९.६८ | १०५.२ |
| ७ | ११४७९ - अन्य मनोरञ्जन कर | ११०००० | २१३५०० | १९४ |
| ८ | ११६३२ - अखेटोपहारमा लाग्ने कर | २००००००० | १५८३४००. | ७९.१७ |
| ९ | ११६९१ - अन्य कर | ० | २६६३.५ | |
| १० | १४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ६५०००००० | ६९७५१८५.७२ | १०७.३१ |
| ११ | १४२१२ - सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ५००००० | १५७४५४. | ३१.४९ |
| १२ | १४२१८ - विद्युत सेवा शुल्क | १००००० | १६१०३१.८ | १६१ |
| १३ | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | १५००००००० | १५३१३५६३. | १०२.०९ |
| १४ | १४२२१ - न्यायिक दस्तूर | ५००००० | ४६७३१३. | ९३.४६ |
| १५ | १४२२३ - शिक्षा क्षेत्रको आम्दानी | १५०००००० | १२८२४००. | ८५.४९ |
| १६ | १४२२४ - परीक्षा शुल्क | १००००० | ६२३००. | ६३.३ |
| १७ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ५५०,००० | २९१२७६१.७५ | ५२९.५९ |
| १८ | १४२४१ - पार्किङ्ग शुल्क | ६६२००००० | ४२१९३१५.९९ | ६३.७३ |
| १९ | १४२४२ - नक्सापास दस्तुर | ८४२५००००० | २८८१३१७३.६२ | ३४.१९ |
| २० | १४२४३ - सिफारिश दस्तुर | २७५०००००० | २६३२८३६४.१ | ९५.७४ |
| २१ | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ३५०००००० | २५६१८५०. | ७३.१९ |
| २२ | १४२४५ - नाता प्रमाणित दस्तुर | १५०००००० | १८७३१५०. | १२४.८८ |
| २३ | १४२४९ - अन्य दस्तुर | ३००००००० | ७२७४४८३. | २४२.४८ |
| २४ | १४२६२ - विद्युत सम्बन्धी दस्तुर | ० | ११०००. | |
| २५ | १४३१२ - प्रशासनिक दण्ड , जरिवाना र जफत | २००००००० | ५३२८६४१.३६ | २६६.४३ |
| २६ | १४५११ - बीमा दावी प्राप्ति | ० | १०३७४८. | |
| २७ | १४५२९ - अन्य राजस्व | ३०५०००००० | ५८४३५४.७६ | १.९२ |
| २८ | १४६११ - व्यवसाय कर | ४०००००००० | ३६५९२२११.१४ | ९१.४८ |
| २९ | १५१११ - बेरूजू | १००००००० | ३९२८४०. | ३९.२८४ |

| | | | | |
|---|---|---|---|---|
| ३० | ३२१२२ - बैंक मौज्दात | ० | ३३६४०४.१३ | |
| जम्मा | | ३६१२०६००० | २४९०१०५६७.०७ | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३६ **आयको हिसाव मिलानः**

पालिकाले उपलब्ध गराएको एकिकृत आर्थिक बिबरणमा आन्तरिक आय रु. २४,७०,१७,१७५/०८ उल्लेख छ । सुत्रबाट आन्तरिक आयको परीक्षण गर्दा रु. २४,९०,१०,५६७/०७ देखिन्छ रु.१९,९३,३९१/९९ यस सम्बन्धमा सुत्र सपोटमा देखिएको प्राविधिक समयस्याका कारण पालिकामा आइनसकेको रकम समेतलाई आम्दानी देखाएकोले यस्तो फरक पर्न गएको भन्ने पालिकाको भनाई रहेको छ । यस सम्बन्धमा एकिन गरि हिसाव मिलान हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,९३,३९१.९१ |

३७ **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ३६,१२,०६,०००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु २४,९०,१०,५६७/०७ अर्थात अनुमान भन्दा ६८.९३ प्रतिशत न्यून आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतहरुको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३८ **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था रहेको छ । पालिकाको राजस्व व्यवस्थापन प्रणाली (GIS Based tax information system) को प्रतिवेदन अनुसार यस आर्थिक वर्षसम्म कुल १७१४० व्यवसाय दर्ता रहेकोमा यस वर्ष कर तिर्ने व्यवसायको संख्या ६००१ मात्र देखियो । पालिकाले यो राजस्व शीर्षकमा जम्मा रकम रु. ३,९५,९२,२११/१४ उठाएको छ । पालिकाले दर्ता भएका र संचालनमा रहेका सबै व्यवसायिलाई करको दायरा ल्याई समयमा नै कर उठाई आन्तरिक राजस्व बढाउनेतर्फ ध्यान दिनुपर्दछ ।

३९ **सवारी साधन खरिदः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । पालिकाले यस बर्ष देहाय बमोजिम खरिद गरेको पाइयो ।

| क्र.सं. | सवारी साधनको नाम | खरिद संख्या | खरिद मूल्य | प्रयोग गर्ने पदाधिकारी |
|---|---|---|---|---|
| १ | मोटरसाइकल | ५ | १४२८७५९ | पालिकाका विभिन्न कर्मचारीले बुझेको |
| २ | स्कुटर | १ | ३०५००० | वडा नं ६ ले खरिद गरेको |

४० **मूल्य अभिबृद्धिकर दाखिलाः**

एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ मा मूल्य अभिबृद्धि कर नलाग्ने वस्तुको कारोबार गर्ने संस्थाले दाखिला गर्ने मुल्य अभिबृद्धि कर वित्तीय संकेत नम्बर ३३३१७ मा दाखिला गर्नु पर्ने उल्लेख छ । पालिकाले देहायका फर्मबाट संकलन गरेको मूल्य

अभिवृद्धिकर देहाय बमोजिम दाखिला गरेको पाइयो ।सो रकम सम्बन्धित फर्मबाट अशुल गरि दाखिला हुनु पर्दछ ।

| सि नं. | फर्मको नाम | जम्मा गरेको संकेत नं | जम्मा गर्नु पर्ने संकेत नं | दाखिला रकम |
|---|---|---|---|---|
| १ | प्रिन्सा निर्माण सेवा मोरङ | ३३३१४ | ३३३१७ | ३११२८४.४२ |
| २ | लिङ्गथेप एण्ड को-कन्ट्रक्सन धरान | ३३३१४ | ३३३१७ | ८६२०१.७५ |
| ३ | पाथिभरा कन्स्ट्रक्सन इटहरी | ३३३१४ | ३३३१७ | २७३२३०.१ |
| | | | | ६७०७१६.२७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,७०,७१६.२७ |

४१ **आन्तरिक आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १३२४१३५९५९.८२ | २४७०१७१७५.०८ | १८.६५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १८.६५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

४२ **वितरणमुखी खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा खरिद गरेको सामग्री एवं समिति र संघसस्थामार्फत गरेको खर्चबाट निम्नानुसारका सामग्री वितरण गरेको व्यहोरासहित खर्च लेखेको छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । यसका केही उदाहरण निम्न तालिकामा उल्लेख गरिएको छ । पालिकाले यस्ता प्रकृतिका वितरणमुखी खर्चलाई नियन्त्रण गरी अन्य विकासात्मक कार्यमा लगानी बढाउनुपदर्छ ।

| क्रस | भौ नं/मिति | खर्च शीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | भुक्तानी पाउने | खर्च |
|---|---|---|---|---|---|
| १ | ७६९।२०८०। ७। १ | धार्मिक क्षेत्र प्रवर्द्धन कार्यक्रम | नेवा:देय दवुलाई चौथो वृहत खुल्ला लाखेनाच प्रदर्शनी कार्यक्रमको लागि सहयोग बापत | नेवार राष्ट्रिय मञ्च (नेवाः देय् दवू) | ८०,००० |
| २ | ८९५।२०८०।७। २१ | विविध कार्यक्रम खर्च-उपप्रमुख कोष | दन्तकाली स्टिल फर्चिचरलाई श्री सुसनरोड सेवा समाज, ओखलढुङ्गा सेवा समाज र खड्कि सेवा समाजलाई सहयोगको लागि कुर्सि खरिदको भुक्तानी | दन्तकालि स्टिल फर्निचर | ९०,००० |
| ३ | १०१९।२०८०।८। २१ | विविध कार्यक्रम खर्च- प्रमुख कोष | कोशी प्रदेश फुटवल संघलाई प्रदेश अन्तर्गत रहेका १४ जिल्लाहरुलाई अन्तराष्ट्रिय लाइसेन्स कोचिङ्ग कोर्स संचालन वापतको रकम सम्झौता वमोजिम भुक्तानी। | कोशी प्रदेश फुटवल संघ | २,००,००० |
| ४ | १०३३।२०८०।८। २२ | विविध कार्यक्रम खर्च-उपप्रमुख कोष | नेवा देय दबु नेवार राष्ट्रिय मञ्चलाई समुहिक म्हपुजा कार्यक्रम संचालन गरे वापत सम्झौता वमोजिम रकम भुक्तानी | नेवार राष्ट्रिय मञ्च (नेवाः देय् दवू) | ६०,००० |
| ५ | ११३७।२०८०।९। ५ | विभिन्न संस्थागत, व्यक्तिगत अनुदान सहयोग | झिगु समाज धरानलाई ने.स. ११४४ प्रतिवदा नववर्ष शुभकामना आदान प्रदान तथा प्रभातफेरी कार्यक्रमको लागि सहयोग रकम भुक्तानी | झीगु समाज धरान | ४०,००० |
| ६ | ११८३।२०८०।९। १६ | विविध कार्यक्रम खर्च-उपप्रमुख कोष | धरान ख्रीष्टियन समाजलाई ख्रीष्टमस महोत्सव कार्ग्रक्रम संचालन वापत सम्झौता वमोजिम रकम भुक्तानी | धरान ख्रिष्टियन समाज | ९९,१०० |
| ७ | १३०२।२०८०। १०।४ | विविध कार्यक्रम खर्च- प्रमुख कोष | कोशी प्रदेश फुटवल संघ लाई सम्झौता बमोजिम कार्यक्रम सम्पन्न गरेकोले रकम भुक्तानी गरिएको | कोशी प्रदेश फुटवल संघ, धरान | १,००,००० |
| ८ | १४३३।२०८०। १०।१४ | विविध कार्यक्रम खर्च-उपप्रमुख कोष | नेवा: सांस्कृतिक उत्थान मञ्च माघे संक्रान्तीको अवसरमा बहुजातिय सँस्कृतिक धिमेबाजा,बाँसुरी बाध्यवादन पौराणिक चर्या नृत्य कार्यक्रम संचलान वापत सम्झौता बमोजिम रकम भुक्तानी। | नेवा: सांस्कृतिक उत्थान मञ्च-धरान सुनसरी | १,५०,००० |
| ९ | १४४३/२०८०। १०।१५ | विविध कार्यक्रम खर्च-उपप्रमुख कोष | किरात याक्थुङ चुम्लुङ लाई सम्झौता बमोजम कार्य सम्पन्न गरेकाले रकम भुक्तानी गरिएको । | किरात यक्थुङ चुम्लुङ उपमहानगर कार्यसमिति धरान | १,००,००० |
| १० | ६०४।२०८०।६।९ | आदिवासी जनजाती क्षमता विकास सम्बन्धी कार्यक्रम | नेपाल आदिवासी जनजाती महासंघ नगर समन्वय परिषद् धरान | नेपाल आदिवासी जनजाती महासंघ नगर समन्वय परिषद् धरान | २,००,००० |
| ११ | १३६०।२०८०। १०।८ | धरान उत्सव २०८० (थप) | धरान नृत्यकला प्रतिष्ठानलाई धरान उत्सवमा नृत्यकला प्रस्तुति गरे वापत सम्झौता वमोजिम रकम भुक्तानी | धरान नृत्य कला प्रतिष्ठान | २,००,००० |
| १२ | २१३८।२०८०।३। ५ | आदिवासी जनजाती क्षमता | किरात राई यायोख्खालाई साकेला शिली प्रदर्शनी तथा सुभकामना आदानप्रदानको | किरात राई यायोक्खा उपमहानगर कार्यसमिति धरान | ३०,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | विकास सम्बन्धी कार्यक्रम | लागि सम्झौता गरिएबमोजिमको रकम भुक्तानी गरिएको | | |
| १३ | २१४१।२०८१।३।५ | आदिवासी जनजाती क्षमता विकास सम्बन्धी कार्यक्रम | किरात राई यायोक्खा धरान लाई मुन्दुम विमर्स कार्यक्रम गरे वापत सम्झौता वमोजिम रकम भुक्तानी | किरात राई यायोक्खा उपमहानगर कार्यसमिति धरान | ५०,००० |
| १४ | २१६२।२०८१।३।५ | एच आई भि एड्स पोजेटिभ समुह | धरान पोजिटिभ समुहले सम्झौता बमोजिम कार्यक्रम सम्पन्न गरेकाले रकम भुक्तानी दिइएको | धरान पोजिटिभ समुह धरान | ४९,४८० |
| १५ | २१६४।२०८१।३।५ | विभिन्न संस्थागत, व्यक्तिगत अनुदान सहयोग | शाक्यमुनि युवा समुह धरान लाई ज्येष्ठ नागरीक श्रीमान श्रीमति सम्मान कार्यक्रमको खर्च रकम भुक्तानी | शाक्यमुनि युवा समुह | २५,००० |
| १६ | २१८३।२०८१।३।६ | आदिवासी जनजाती क्षमता विकास सम्बन्धी कार्यक्रम | नेपाल शेर्पा संघलाई मौलिक नृत्य श्याब्रु प्रशिक्षण कार्यक्रम संचालन गरे वापत सम्झौता वमोजिम रकम भुक्तानी | नेपाल शेर्पा संघ नगर कार्यसमिति धरान | ५०,००० |
| १७ | २२१८।२०८१।३।६ | आदिवासी जनजाती क्षमता विकास सम्बन्धी कार्यक्रम | किरात याक्खा छुम्मालाई यारापफुङ बनाउने दुई दिने तालिमको लागि सम्झौता गरिए बमोजिमको रकम भुक्तानी दिइएको । | किरात याक्खा छुम्मा नगर कार्य समिति धरान | ५०,००० |
| १८ | २२२५।२०८१।३।७ | आदिवासी जनजाती क्षमता विकास सम्बन्धी कार्यक्रम | किरात याक्थुङ चुम्लुङलाई किरात सिरिजंगा लिपि तथा लिम्बु भाषा प्रशिक्षणको लागि सम्झौता बमोजिमको रकम भुक्तानी दिइएको। | किरात याक्थुङ चुम्लुङ उपमहानगर कार्यसमिती | ५०,००० |
| १९ | २२४४।२०८१।३।९ | सडक बालबालिका तथा मानव व्यवस्थापन कार्यक्रम (80114302101) | बाल आवाज इटहरीलाई सडक बालबालिका तथा मानब व्यवश्थापनको लागि सम्झौता भए बमोजिमको रकम भुक्तानी भएको | बाल आवाज इटहरी | १,००,००० |
| २० | १७६०।२०८०।११।२४ | धरान रन १० कि मि राष्ट्रिय प्रतियोगिता | धरान १० के रन -१२ औं नेवा च्यारिटी रन २०८०सम्पन्न गरेकाले सम्झौता वमोजिमको रकम भुक्तानी गरिएको | धरान रन समुह | ३००००० |
| २१ | १८५६।२०८०।१२।१८ | विविध कार्यक्रम खर्च- प्रमुख कोष | बिजु श्रेष्ठलाई Effect of drying method and temperature on the quality of apple chips and its quality evaluation बिषयमा रिसर्च गरे वापतको रकम भुक्तानी। | बिजु श्रेष्ठ | २५,००० |
| २२ | १८५७।२०८०।१२।१८ | राईजिङ्ग गोल्डकप फुटसल प्रतियोगीता | द राईजिङ्ग क्लव धरानलाई राइजिङ्ग गोल्डकप फुटसल प्रतियोगिता सम्पन्न गरेकाले सम्झौता वमोजिमको रकम भुक्तानी गरिएको । | द राइजिङ क्लब | १५०००० |
| २३ | २११४।२०८१।२। | हाम्रो भेट्रान | तेस्रो हाम्रो धरान फुटबल प्रतियोगिता २०८१ | हाम्रो धरान भेट्रान फुटबल क्लब धरान | १,००,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | २ | फुटबल प्रतियोगिता | सम्पन्न गरेकाले भेट्रान फुटवल क्लबलाई सम्झौता बमोजिम रकम भुक्तानी दिइएको | १२ | |
| २४ | २११५।२०८१।२। २ | सुबास राई स्मृति वडा स्तरीय फुटवल लिग प्रतियोगिता | धरान भेट्रान क्लब धरान १२ ले सुवास राई स्मृती सुपर एट वडा स्तरिय लिग कम नकआउट फुटबल प्रतियोगिता सम्पन्न गरेकाले सम्झौता वमोजिमको रकम भुक्तानी दिइएको । | हाम्रो धरान भेट्रान फुटबल क्लब धरान १२ | ५००००० |
| २५ | २१२६।२०८१।३। ५ | पानवारी सामुदायिक गोल्डकप प्रतियोगिता | पानवारी फुटवल क्लवले पानवारी सामुदायिक गोल्डकप प्रतियोगिता सम्पन्न गरेकोले सम्झौता वमोजिमको रकम भुक्तानी भएको | पानबारी फुटबल क्लब | १,००,००० |
| २६ | २१६५।२०८०।३। ५ | लागु औषध विरुद्धको कार्यक्रम | नयाँ परिवर्तन नेपाल पुर्नस्थापना केन्द्रलाई लागु औषधमा फुसेका धरान ११ बस्ने कोपिला परियार र १७ बस्ने सरु राईको उपचारार्थ सम्झौता वमोजिमको रकम भुक्तानी | नयां परिवर्तन नेपाल पुनर्स्थापना केन्द्र, धरान १६ | ५०,००० |
| २७ | २२४०।२०८१।३। ९ | प्रदेश स्तरीय महिला बास्केटबल प्रतियोगिता | धरान बास्केटबल संघले प्रदेश स्तरीय महिला बास्केटवल प्रतियोगिता सम्पन्न गरेकाले सम्झौता बमोजिमको रकम भुक्तानी भएको | धरान बास्केटबल एशोसिएसन धरान १८ | २,००,००० |
| २८ | २२५६।२०८१।३। ९ | होराईजन बास्केबल प्रतियोगिता | हराइजन क्लवलाई आठौ होराइजन बास्केटबल प्रतियोगिता सम्पन्न गरेकाले सम्झौता बमोजिमको रकम भुक्तानी दिइएको । | हराईजन क्लव धरान | २००००० |
| २९ | २११४।२०८१।२। २ | हाम्रो भेट्रन फुटबल प्रतियोगिता | तेस्रो हाम्रो धरान फुटबल प्रतियोगिता २०८१ सम्पन्न गरेकाले भेट्रान फुटवल क्लबलाई सम्झौता बमोजिम रकम भुक्तानी दिइएको | हाम्रो धरान भेट्रान फुटबल क्लब धरान १२ | १,००,००० |
| ३० | २४०१।२०८१।३। १९ | स्वर्णिम गोल्ड कप फुटबल प्रतियोगिता | स्वर्णिम क्लव धरान लाई शिक्षा युवा तथा खेलकुद महाशाखाको सिफारीस र सम्झौता वमोजिम इन्डोर फुटवल प्रतियोगीता कार्यक्रम संचालन गरे वापतको रकम भुक्तानी | स्वर्णिम क्लव धरान लाई शिक्षा युवा तथा खेलकुद महाशाखाको सिफारीस र सम्झौता वमोजिम इन्डोर फुटवल प्रतियोगीता कार्यक्रम संचालन गरे वापतको रकम भुक्तानी | २००००० |

४३ **दलित क्षमता विकास कार्यक्रमः** (२३०७/२०८०-६-१३):

दलित समुदायको क्षमता विकास कार्यक्रम अन्तर्गत पालिकाले शुभश्री जेनेरल स्टोर (१०७४२३१४७) बाट मुल्य अभिबृद्धि कर लाग्ने र नलाग्ने गरी रु १,६६,८४४ को सामग्री खरिद गरी उक्त समुदायलाई वितरण गरेको छ । सप्लायर्स कर्ताले सामग्री आपूर्ति गर्नुपूर्व नै लागत अनुमान बनाउँदा सिलाई मेसिनमा मुल्य अभिबृद्धि कर थप गरी बनाएकोमा सोही दरमा बिल पेश गरी (प्रति थान मुल्य अभिबृद्धि कर सहित रु.१२९८३.७० का दरले ५ थान सिलाइ मेशिन र रु.२२९३९ का दरले ३ थान छाला सिलाउने मेसिन) रु.१३३७३५.५० भुक्तानी गरेको पाइयो । मुल्य अभिबृद्धि कर नलाग्ने सिलाइ मेसिनमा मुल्य अभिबृद्धि कर समावेश गरी भुक्तानी भएको कर रकम रु.१५३८५.५२ दाखिला भएको प्रमाण पेश गर्नु पर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,३८५.५२ |

४४ **कानूनी परामर्श खर्चः**

आवश्यक कानूनी राय सल्लाह सुझाब प्रदान गर्न, पालिकालाई विपक्षी बनाएर न्यायीक तथा अर्धन्यायीक समितिमा परेका मुद्दाहरुको प्रतिरक्षा गर्न तथा पालिकाको तर्फबाट कुनै न्यायिक वा अर्धन्यायीक निकायमा मुद्दा मामिला गर्नुपर्ने भएमा सो समेत गर्ने शर्तमा पालिकाले तपशिलमा उल्लेखित कानूनविदहरुलाई मिति २०८०।४।१ मा संझौता गरी आ व २०८०/८१ मा रु ७२०००० खर्च भुक्तानी गरेको देखिन्छ । महिना समाप्त भएपछि मासिक रुपमा रु ३०,००० का दरले पारिश्रमिक उपलब्ध गराउने गरि संझौता भएको भएता पनि लेखापरीक्षणको क्रममा हाजिरी किताब परीक्षण गर्दा निजको हाजिरी पुस्तिकामा नाम नै नचढाएको तथा अन्य कुनै तरिकाले हाजिरी गरेको देखिएन । यसरी करारमा कर्मचारी राखी हाजिरी विना रकम भुक्तानी लेख्नु नियम सम्मत देखिन्दैन । अतः यस्तो खर्च रकम नियमित हुनु पर्दछ ।

| क्र.सं. | नाम थर | मासिक शुल्क | जम्मा भुक्तानी रकम | कर कट्टी हुनुपर्ने रकम | १ प्रतिशत कर कट्टी भएको रु | नपुग कर रकम |
|---|---|---|---|---|---|---|
| १ | अवइन्द्र निरौला | ३०००० | ३६०००० | ५४००० | ३६०० | ५०४०० |
| २ | जे के राई | ३०००० | ३६०००० | ५४००० | ३६०० | ५०४०० |
| जम्मा | | | ७२०००० | १०८००० | ७२०० | १००८०० |

**(विस्तृत विवरण बेरूजु दफा ४४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| अनियमित भएको | १,००,८०० |
|---|---|

## ४५ **Software खरिद सम्बन्धमाः**

४५.१ (क ) २५९५/३।२४ कुनैपनि सरकारी निकायले software खरिद गर्दा सूचना प्रविधि विभाग संग अनुमति लिनुपर्ने, त्यस्तो प्रणालीको सुरक्षा अडिट गराउनु पर्ने तथा सरकारी क्लाउड रिसोर्स उपलब्धताका लागि अनुरोध गर्नुपर्ने कानुनी प्रावधान छ ।पालिकाले यस बर्ष सांग्रिला इन्फरमेटिक्स प्रा.लि.काठमाडौंलाइ व्यवसाय कर र बहाल करलाई GMIS संग आवद्ध गर्ने कार्यको लागि सफ्टवेयर खरिद बापत मिति २०८०।१०।२४ मा संझौता गरि रु १९९८९७ भुक्तानी गरेको छ।पालिकाले खरिद गरेको उक्त software को लागत अनुमान तयार गर्दा विश्वासनीय आधार लिएको ।यसै गरि पालिकाले उक्त सफ्टवेयरको सोर्स की प्राप्तीको लागि कुनैपनि सर्त गरेको देखिएन । तसर्थ यसरी कानुनी प्रावधान पुरानगरी संचालनमा ल्याइएको त्यस्तो सफ्टवेरको खर्च पुष्ट्याँइको प्रमाण पेश गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | १,९९,८९७ |
|---|---|

४५.२ (ख ) २५९६/३।२४ पालिका र इनोभेटिभ डाटा सोलुसन प्रा.लि.ललितपुर (६०६५७८१६७) विच पालिकामा संचालनमा रहेको कर सुचनालाई भूसुचना प्रणालिमा आवद्ध गरि GMIS प्रणालिलाई नियमित रुपमा संचालनमा ल्याउने प्रयोजनका लागि सेवा लिन मञ्जुर गरि मिति २०८१।३।१२ का दिन मु अ कर सहित रु ४९४००० भुक्तानी गर्ने गरी संझौता भएको देखिन्छ ।पालिकाले खरिद गरेको उक्त software को लागत अनुमान तयार गर्दा विश्वासनीय आधार लिएको ।यसै गरि पालिकाले उक्त सफ्टवेयरको सोर्स की प्राप्तीको लागि कुनैपनि सर्त गरेको देखिएन । तसर्थ यसरी कानुनी प्रावधान पुरानगरी संचालनमा ल्याइएको त्यस्तो सफ्टवेरको खर्च पुष्ट्याँइको प्रमाण पेश गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | ४,९४,००० |
|---|---|

## ४६ **कर कट्टी नगरेकोः**

आयकर ऐन,२०५८ को दफा ८८ मा बासिन्दा ब्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्री बोनस, अवकास भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकास भुक्तानीको रकममा १५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहायका व्यक्ति तथा संघ संस्थालाई गरेको सहयोग तथा भुक्तानीमा नियमानुसार १५ प्रतिशत कर कट्टि गर्नुपर्नेमा त्यस्तो कट्टी गरेको नदेखिएकोले नियमानुसार कट्टी गरि संचित कोष दाखिला गर्नुपर्ने रु.

| क्रस | भौ नं/मिति | खर्च शीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | भुक्तानी पाउने | खर्च | १५% ले हुने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ८८३/२०८० ।७।२० | विविध कार्यक्रम खर्च-उपप्रमुख कोष | धरान बास्केटबल एशोसियसनलाई मिति २०८०। ०५।२५-३० गतेसम्म संचालित दोश्रो धरान मेघा रेवाहाङ्ग अन्तर विद्यालय स्तरीय बास्केटबल प्रतियोगिता २०८० कार्यक्रमकोलागि भुक्तानी | धरान बास्केटबल एशोसिएसन | १०००००० | १५००० | भ्याट विल नभएको तथा १५% पनि कट्टी पनि नभएको, कर छुटको प्रमाण पेश नभएको |
| २ | ११३०/९।३ | कला, साहित्य, संगित, नृत्य | सामना फिल्म प्रा.लि.लाई काँडेतार चलचित्र प्रदर्शनको लागि सम्झौता वमोजिम सहयोग रकम भुक्तानी | सामना फिल्मस् प्रा.लि. | ७५,००० | ११२५० | भ्याट विल नभएको तथा १५% पनि कट्टी पनि नभएको, कर छुटको प्रमाण पेश नभएको |
| ३ | ७९४/७।१ | विविध कार्यक्रम खर्च-उपप्रमुख कोष | विजयपुर मिडिया ग्रुप प्रा.लि.लाइ कविता कन्सर्ट आयोजना बापतको रकम भुक्तानी | विजयपुर मिडिया ग्रुप प्रा.लि | ३५,००० | ५२५० | भ्याट विल नभएको तथा १५% पनि कट्टी पनि नभएको, कर छुटको प्रमाण पेश नभएको |
| ४ | २२५१।३।९ | वी.पी. मेमोरियल | नेपाल सितोरियो कराते संघ धरानलाई वि.पि. | नेपाल | ३००००० | ४५००० | भ्याट |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कराते प्रतियोगिता | मेमोरियल कराँते प्रतियोगिताको खर्च रकम भुक्तानी दिइएको | सितोरियो कराते डो धरान | | | विल नभएको, १५% कर कट्टी पनि नगरेको र कर छुटको प्रमाण समेत पेश नभएको |
| ५ | १९२९/२०८०।१२।३० | एलाईनेट जिम शारीरिक सुगठन प्रतियोगिता | एलाइनेट जिमले पाँचौ मिस्टर कोशि अञ्चल ब्यापि खुल्ला शारीरिक सुगठन प्रतियोगिता सम्पन्न गरेकाले सम्झौता वमोजिको रकम भुक्तानी गरिएको । | एलाइनेट जिम धरान ५ श्याम चोक | २३५००० | ३५२५० | भ्याट विल नभएको, १५% कर कट्टी पनि नगरेको र कर छुटको प्रमाण समेत पेश नभएको |
| ६ | ११५६/०८०।११।२४ | पाँचौं मिष्टर भिजन खुला धरान नगर च्याम्पियनसिप | भिजन फिटनेसलाई सम्झौता वमोजिम पाँचौ मिष्टर भिजन खुला धरान नगर च्याम्पियनसिप सम्पन्न गरेकाले भुक्तानी गरिएको | भिजन फिटनेस, धरान | १००००० | १५००० | भ्याट विल नभएको, १५% कर कट्टी पनि नगरेको र कर छुटको प्रमाण समेत पेश नभएको |
| ७ | १०/०८०।६।१७ | जातजाती, धर्म, कला, साहित्य तथा संस्कृति (वडा नं १५ चालू) | जातीय संस्कृति झल्कने सिनेमा बनाए बापत मिक्लाजुङ्ग फिल्मस् प्रा लि लाई भुक्तानी | मिक्लाजुङ्ग फिल्मस् प्रा. लि. | १००००० | १५००० | भ्याट विल नभएको, १५% कर कट्टी पनि नगरेको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | र कर छुटको प्रमाण समेत पेश नभएको |
| जम्मा | | | | | ९४५००० | १४१७५० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४१,७५० |

४७ **गोधुलि फुटबल प्रतियोगिताः** (१८६३/२०८०-१२-१९):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **८४,५२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४८ **विविध कार्यक्रम खर्च-उपप्रमुख कोषबाटः** (१३८८/२०८०-१०-१०):

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष विविध कार्यक्रम खर्च-उपप्रमुख कोषबाट निङशाम एण्ड ग्रुप प्रा.लि. धरानलाई गुरुङ् जातिको सांस्कृतिक चाड तमु लोसारको (पौष १५) अवसरमा महासांगितिक कन्सर्ट सहयोगार्थ रु. १,००,००० भुक्तानी खर्च लेखेको छ ।उक्त प्रा.लि. सगंको संझौतामा कन्सर्ट तथा सांगितिक कार्यक्रम सम्पन्न भएपछि यस्तो संझौताको रकम भुक्तानी गरिने कुरा उल्लेख छ ।उक्त प्रा.लि.ले २५५ सेट खाजा खानाको विल मात्र पेश गरेर सो रकम भुक्तानी लिएको देखियो । तर यस्ता प्रकृतिका रात्रिकालिन कन्र्सर्ट र नाचगान तथा खर्चले उपयगिता सिर्जना गरी अधिकतम प्रतिफल दिने भन्दा पनि पालिकालाई अनावस्यक आर्थिक दायित्व सिर्जना गर्ने र आगामी दिनमा यस्ता खालका अनुत्पादक क्षेत्रको खर्च बढ्दै जाने प्रवृत्तीले पालिकाले धान्न नसक्ने आर्थिक भारमा बढोत्तरी हुनेभएकोले यसरी गरिएको खर्च औचित्य हिन देखिन्छ । अतः बार्षिक स्वीकृत कार्यक्रम र कार्यपालिकाको निर्णय वेगर पदाधिकारीको तोकादेशका आधारमा भुक्तानी भएको यस्तो खर्चको औचित्य पुष्टी सहित खर्च नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

४९ **अन्य कार्यालयको खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को नियम ३९ बमोजिम सरकारी खर्च गर्दा बजेटको सिमा भित्र रही तोकिएको प्रकृया पूरा गरी तोकिएको प्रयोजनमा मात्र खर्च गर्नु पर्दछ । स्थानीय निकायका लागि वित्तीय समान्यीकरण अनुदान बापत केन्द्र सरकारबाट छुट्टै बजेट बिनियोजन हुने सरकारी कार्यालयका लागि खर्च गर्न मिल्ने देखिदैन । कार्यालयले विभिनन्न सरकारी कार्यालयको भवन निर्माण,मर्मत संभार, बस्तुगत अनुदान तथा अन्य चालु प्रकृतिका खर्चहरु बापत ठुलो परिमाणमा भुक्तानी दिने गरेको पाईयो । यसरी सार्वजनिक निर्माण,अनुदान, सहायता उपलब्ध गराउनु पर्ने अवस्था श्रृजना भएमा आफ्नो आन्तरिक श्रोतबाट प्राप्त रकमको उपभोग गर्नुपर्नेमा सो समेत गरेको पाईएन । यसरी हुने सार्वजनिक खर्चबाट काममा दोहोरोपना हुन सक्ने, बजेट तथा जिन्सी मालसामानको अनियमिता र हिनामिना समेत हुन सक्ने हुँदा यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ । यसमा कार्यालयले ध्यान दिएको देखिएन । केहि उदाहरणहरु:-

| क्र.सं. | गो. भौ./मिति | ब.उ.शि.नं. | अन्य कार्यालयकोनाम | कामकोविवरण | भुक्तानीरकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | १२७८/१०।२ | मालपोत कार्यालय व्यवस्थापन | मालपोत कार्यालय धरान | अल्ट्रा सन इनर्जि लाई मालपोत कार्यालय धरान सुनसरीको लागि 150Ah Tall Tubular Battery(DTX-1500) १२ थान मोडलका इनभटरब्याट्री खरिदको भुक्तानी | ३,४१,९९७ | मालपोत कार्यालयमा दाखिला गरेको प्रमाण पेश भएको छैन । |
| २. | १२७९/१०।२ | मालपोत कार्यालय व्यवस्थापन | मालपोत कार्यालय, धरान | ओमेगा इन्फोसिसलाई मालपोत कार्यायलय धरान सुनसरीको लागि epson ds 530 force scanner २ थान, dell desktop 1 र dell minitor१ थान समाग्रि खरिदको भुक्तानी । | २,६४,९८५ | मालपोत कार्यालयमा दाखिला गरेको प्रमाण पेश भएको छैन । |
| ३. | १४०९।१०।११ | विविध कार्यक्रम खर्च- प्रमुख कोष | ट्राफिक कार्यालय धरान | अग्री आस्था प्रा.लि.लाई ट्राफिक कार्यालय धरानको ना १ झ १२७६ नम्बरको स्कारपीयो मर्मत वापतको रकम भुक्तानी | १,००,०००. | |
| ९ | २३९०/३।१७ | मालपोत कार्यालय व्यवस्थापन (८०११४३०२१०१) | मालपोत कार्यालय पानवारी | आर्जु एण्ड अर्पण निर्माण सेवा (६०९११९२८८) धरानलाई मालपोत कार्यालय पानवारी भवनको दक्षिण तर्फ सेड निर्माणको अन्तिम मूल्यांकनको रकम संलग्न योजना महाशाखाको सिफारिश,अनुगमन समितिको सिफारिश, मालपोत कार्यालयबाट कार्य सम्पन्नको पत्रको आधारमा भुक्तानी भएको | ३,६१,१४२ | |
| ११ | २४२४/३।१९ | दलित समुदायको क्षमता विकास कार्यक्रम (८०११४३०२१०१) | नेपाल युथ क्रिएसन प्रा.लि. | नेपाल युथ क्रियसन प्रा.लि.लाई सामाजिक विकासशाखाको सिफारीस र सम्झौता वमोजिम दलित क्षमता विकास अन्तर्गत लोक सेवा आयोग तयारी कक्षा संचालन वापतको रकम भुक्तानी | १,२०,००० | |

५० **जिन्सी हस्तान्तरण (पालिका चालू)** (७८६/२०८०-७-१):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई, कुनै बस्तुगत सहायत वा कुनै प्रकारले प्राप्त हुन आएको सम्पती तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पती तथा जिन्सी खातामा सात दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गरी राख्नुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले आधरभुत स्वस्थ्य सेवा केन्द्र धरान ८ का लागि शुभश्री जेनेरल धरानबाट खरिद गरेको रु. २१,४७०/- को स्टिलको दराज हस्त्रान्तरण गरी खर्च जनाएको पाईयो । पालिका मातहतका स्वास्थ्य चौकीहरु Cost Centre को रुपमा नरहने हुँदा छुट्टै खर्च भएर नजाने जिन्सी खाता राख्न मिल्ने देखिदैन । यसरी पालिका मातहतका इकाईहरुलाई स्थायी प्रकृतिका मालसामानहरु उपलब्ध गराउँदा छुट्टा छुट्टै सहायक जिन्सी खाता प्रयोगमा ल्याउनु पर्ने देखिन्छ । पालिकाले स्वास्थ्य चौकीको नाममा खर्च जनाएको त्यस्तो मालसमा पालिकाको मुल जिन्सीमा पुन आम्दानी जनाएको प्रमाण पेश हुनु पर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,४७० |

५१ **सुकुम्वासी व्यवस्थापन/अव्यवस्थित घर नम्बरीङ कार्यक्रमः**

पालिकाले यस बर्ष सुकुम्वासी व्यवस्थापन/अव्यवस्थित घर नम्बरीङ कार्यक्रम अन्तर्गत विभिन्न कर्मचारी तथा विद्यार्थी परिचालन गरी अव्यवस्थित बसोबासको तथ्याङ्क संकलन तथा घर नम्बर वितरण कार्यको अभिलेख रेकर्ड तथा फिल्डमा घर नम्बर वितरण कार्यको अभिलेखन राख्ने कार्य गरे वापत रु ११,८०,१९० रकम भुक्तानी गरेको छ ।यसबाट बार्षिक रुपमा संकलन भएको तथ्याङ्कको एकिकृत विवरण पेश भएको छैन ।बार्षिक रुपमा त्यस्ता कार्यको विवरण तयार गरी कार्यान्वयन गर्न सके मात्र खर्च गर्नुको औचित्य पुरा हुने देखिन्छ ।अतः पालिकाले यसरी संकलन गरिएको तथ्याङ्कको बार्षिक विवरण तयार गरी घर नम्बर वितरणको प्रमाण सहित प्रतिवेदन पेश गर्नुपर्दछ । रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,८०,१९० |

५२ **जिन्सी दाखिला (वडा तर्फ)**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई, कुनै बस्तुगत सहायत वा कुनै प्रकारले प्राप्त हुन आएको सम्पती तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पती तथा जिन्सी खातामा सात दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । देहायका वडाहरुले खप्ने सामग्रीहरु खर्च भएर नजाने जिन्सी खातामा आम्दानी बाँधी राख्नु पर्नेमा खर्च भएर जाने जिन्सी खातामा आम्दानी बाँधेको देखियो । खर्च भएर नजाने मलेपफा नं.४०८ मा आम्दानी जनाएको प्रमाण पेश हुनुपर्दछ ।

| क्रस | भौ नं/मिति | खर्च शीर्षक | कार्यक्रम/ आयोजना/ क्रियाकलापकोनाम | भुक्तानी पाउने | खर्च | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १५३१/ १०।२३ | विविध कार्यक्रम खर्च- उपप्रमुख कोष | श्री नन्दपुर खानेपानी तथा सरसफाइ उपभोक्ता समिति धरान २७, पटनाली | श्रीनन्दपुर खानेपानी तथा सरसफाइ उपभोक्ता समिति धरान २७, पटानालीको लागि कम्प्युटरखरिद(Dell desktop i5 4 gb ram 256 gb ssd with 18.5"monitor and mouse keyboard set | ७५१४५ | जिग्वी कम्प्युटर्स (१३३०८८९३५) धरान ९ बाट खरिद गरिएको । उक्त संस्थामा स्टोर दाखिला पनि नभएको । |
| २ | ११४०/ ९।५ | विविध कार्यक्रम खर्च- प्रमुख कोष | २ नं वडा प्रहरी कार्यालय | हाइटेक कम्प्युटर एण्ड इलेक्ट्रोनिक्सलाई मेयर कोषबाट खर्च हुनेगरी २ नं वडा प्रहरी कार्यलयको लागि ल्याप्टप खरिदको भुक्तानी | ७६,२७५ | वडा प्रहरी कार्यालयमा दाखिला गरेको प्रमाण पेश भएको छैन । |
| ५ | १४३०/१०। १२ | विविध कार्यक्रम खर्च- उपप्रमुख कोष | पञ्चायत मा.वि. धरान-१४ | माइक्रोटेक कम्प्युटर पोइन्टलाई पञ्चायत मा.वि. धरान-१४ को लागि नगर उप-प्रमुखज्यूको तोक आदेश वमोजिम Intel CeleronN4020/4gb/128gb ssd/15.6Fhdultra thin laptop ल्यापटप खरीद वापतको रकम भुतानी | ९९,९९४ | विद्यालयमा दाखिला गरेको प्रमाण पेश भएको छैन । |

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

५३ **फोहरमैला व्यवस्थापनः**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्नुपर्ने उल्लेख छ । धरान उपमहानगरपालिका, बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र भेन्चर वेस्ट टु इनर्जी प्रा.ली. बिच ८ जुन २०१७ मा डिजाइन, निर्माण, संचालन तथा हस्तान्तरण गर्ने गरी भएको त्रिपक्षीय सम्झौतामा ठोस फोहोरो संकलन तथा वर्गीकरण गर्ने कार्य भेन्चर वेस्ट टु इनर्जी प्रा.ली.को हुने उल्लेख छ । पालिकाको श्रेस्ता परीक्षण गर्दा फोहोर संकलनमा पालिकाको सवारी साधन तथा

संकलनकर्ता प्रयोग भई सोमा खर्च गरेको देखियो । उपरोक्त सम्झौता बमोजिम नगरको ठोस फोहोर संकलनको काम संस्थाको भएकोले पालिकाले नगर क्षेत्रको सरसफाईको लागि मात्र खर्च गर्नुपर्दछ ।

५४ **असुल गर्न बाँकी बहालः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९ मा पालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत बहाल बिटौरी शुल्क लनगरन पाउने व्यवस्था रहेको छ । पालिकाले यो शीर्षकमा जम्मा रकम रु. १,०१,२३,८६५/७२ राजस्व उठाएको छ । पालिकाभित्र सपिङ कम्प्लेक्स भवनमा २२ वटा, बि.पि. सुन्दर बजारमा ३० वटा, पालिका तरकारी बजारको क क्षेत्रमा १४ वटा, ख क्षेत्रमा १६१ वटा रेहेको र पालिकासँग भएको सम्झौता अनुसार देहायबमोजिमका व्यक्ति तथा संस्थाहरूबाट बहाल रकम उठ्न बक्यौता रहेको हुँदा सम्बन्धितबाट असूल गरी स्थानीय संचितकोष दाखिला हुनुपर्दछ ।

| क्र.सं. | बहालमा बस्नेको नाम | भाडामा लिएको भवन | देखि | सम्म | यस वर्षको बाँकि रकम |
|---|---|---|---|---|---|
| १ | निरन राई | बि पि सुन्दर बजार कोठा नं. १५ | २०८१ बैशाख | २०८१ आसार | ३०९०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,९०० |

५५ **सेनिटरी प्याडः**

५५.१ **सेनिटरी प्याड खरिदः** ५६१-०८१।३।२४ कार्यक्रम कार्यान्वयन पुस्तिकाको २.८.१० क्रियाकलाप नं. २.७.१३.२३ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राहरूका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम गर्नुपर्ने र कार्यविधिमा विद्यालयले आफ्ना छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरी प्याड स्थानीय तहमा माग गर्ने, पालिकाले शैक्षिक व्यवस्थापन प्रणालीको तथ्याकंसँग भिडाई विद्यालयलाई आवश्यक संख्यामा उपलब्ध गराउने, विद्यालयले प्राप्त सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा राख्ने र विद्यालयले छात्राहरूको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी स्थानीय तहले विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गर्ने तथा विद्यालयले सो कार्यमा भएका कार्यहरुको प्रतिवेदन तयार गरी स्थानीय तहमा पठाउने व्यवस्था छ ।

पालिकाले यस वर्ष विद्यालयहरुसँग माग फारम माग नगरी २६ विद्यालयमा कक्षा ६ देखि १२ सम्म अध्ययन गर्ने ५५७४ जना छात्राहरुको लागि आवश्यक पर्ने ६६८८८ प्याकेट सेनिटरी प्याड खरिद गर्न मुल्य अभिबृद्धि कर सहित रु.५४४२००७।- लागत अनुमान बनाई विद्युतीय बोलपत्रको आधारमा लागत अनुमानको तुलनामा ५५.७९ प्रतिशत कम अर्थात रु. २४०५८२०।- कबोल गर्ने एन्जल टच हाइजिन म्यानूफ्याक्चरिङ्ग प्रा.लि. (६०९८३३८९८) सँग मिति २०८१।३।५ मा सम्झौता गरी सम्झौताबमोजिम ६६८८८ प्याकेट सेनिटरी (Pure Ultra Clear Day & Night 320 mm) प्याड प्रति प्याकेट रू.३५.९६७९ (मु.अ.कर सहित) का दरले रू.२४,०५,८२०।- को खरिद गरेको छ । खरिद गरिएका सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयमार्फत छात्राहरुलाई वर्षभरी वितरण गर्नुपर्ने प्रावधान रहेकोमा वर्षान्तको अन्तिममा खरिद गरेको देखिएकोले खरिद प्रकृयामा सुधार हुनुपर्दछ । साथै खरिद गरेको सेनिटरी प्याड बितरण गरेको भारपाई संलग्न भएको देखिएन । यस सम्बन्धमा पालिकाबाट विद्यालयमा हस्तान्तरण गरेको र विद्यालयबाट विद्यार्थीहरुलाई वितरण गरेको प्रतिवेदन पेश हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,०५,८२० |

५५.२ **प्याड नस्ट गर्ने मेसिनः** ५३१-०८१।३।२३ पालिकाले यस वर्ष सेनिटरी प्याड व्यवस्थापन खर्च शीर्षकबाट मुल्य अभिबृद्धि कर सहित सेनिटरी प्याड नस्ट गर्ने मेसिन (सेनिटरी न्यापकिन डिस्पोजल मेसिन १०० प्याकेट प्रतिदिन) प्रति गोटा रु.४०,०००।- का दरले २३ वटा मेसिन सुमंगला सप्लायर्स (६१७३६१३७२) सँग मिति ०८१।३।१७ मा सम्झौता गरी रु.९,२०,०००।- मा खरिद गरेको पाइयो । खरिद गरिएको मेसिन विद्यालयको माग अनुसार आवश्यकताको पहिचान गरी खरिद गरेको पाइएन । जुन उद्देश्यले खरिद गरिएको हो

सोही उद्देश्यमा प्रयोग गर्नको लागि विद्यालयलाई हस्तान्तरण गरेको र उपयोग भएको सम्बन्धमा पालिकाबाट अनुगमन गरी हस्तान्तरित मेसिन पूर्ण प्रयोगमा आउनु पर्दछ । पालिकाबाट खरिद गरिएको उक्त मेसिन हस्तान्तरण गरिएको प्रमाण पेश हुनुपर्दछ । रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,२०,००० |

५६ **सूचना प्रकाशनः** (११६-२०८०-८-२६):

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१३,०५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५७ **शिक्षा तर्फका थप व्यहोराहरुः**

५७.१ **एकमुष्ठ अनुदानः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.१३.१३ अन्तर्गत ९.९ मा शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका र सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को परिच्छेद ३ का आधारमा समायोजन वा एकीकरण हुनुपर्ने विद्यालयमा नपर्ने सामुदायिक विद्यालयहरुलाई मात्र करार सम्झौता अनुसार कार्य सम्पादन गर्ने शर्तमा वार्षिक एकमुष्ट रु. १०,००,०००।– निकासा दिने व्यवस्था छ । पालिकाले यस वर्ष श्रावणदेखि बैशाखसम्म २ जना बाल विकासा सहजकर्ता र १ जना कार्यालय सहयोगीको तलब भत्तामा रु.५,२६,०००।– र २०८१ जेठमा दरबन्दी मिलान गरी १ जना निमावि र २ जना प्राथमिक तहका स्थायी शिक्षकको लागि तलब भत्तामा रु.२,६५,३४२।– समेत जम्मा रु.७,९१,३४२।– तलब भत्तामा निकासा दिएको अवस्थामा पुनः दिपेन्द्र स्मृती आधारभूत विद्यालय, धरान- १७ लाई एकमुष्ठ अनुदान उपलब्ध गराएको देखियो । यसरी दोहोरो अनुदान उपलब्ध गराउने व्यवस्था नभएकोले पालिकाबाट दोहोरो भुक्तानी गरेको बाल विकास सहजकर्ता र कार्यलय सहयोगी बापत भुक्तानी भएको रकम असुल गरी संघीय संचित कोष दाखिला हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,२६,००० |

५७.२ **नमुना विद्यालयः** ५१३-०८१।३।२२ क्रियाकलाप नं.२.७.१३.१३ मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले यस वर्ष पब्लिक हाई स्कूल, धरान १२ लाई नमुना मा.वि.को लागि रु.६०,००,०००।-अनुदान उपलब्ध गराएको छ । उपलब्ध गराएको अनुदान रकम विद्यालयले पेश गरेको गुरु योजना पालिकाले स्वीकृत गरी सोही अनुरुपको कार्यमा खर्च गरेको खर्च पुष्टि हुने प्रमाण पेश हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६०,००,००० |

५७.३ **विद्यालयको सामाजिक तथा आर्थिक लेखापरीक्षणः** ३८६-०८१।३।१० कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराउनको लागि आधारभूत तह सञ्चालित विद्यालयहरुलाई रु.१०,०००।- र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रु.१५,०००।- अनुदान दिने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित ४७ वटा सामुदायिक विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराउनको लागि रु.५,७०,०००।- अनुदान रकम निकासा दिएको देखियो । उपलब्ध अनुदानबाट देहायका विद्यालयहरुले यस वर्षको आर्थिक लेखापरीक्षण गराई प्रतिवेदन पालिकामा पेश गरेको छैन । यस सम्बन्धमा पालिकासँग सोधपुछ गर्दा विद्यलयले लेखापरीक्षण गराउँदै गरेको भन्ने पालिकाको भनाइ रहेको छ । पालिकाले विद्यलयबाट प्रतिवेदन प्राप्त गरी लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका सुझाव विद्यालयले कार्यान्वयनमा ल्याए नल्याएको सम्बन्धमा लेखाजोखा हुनुपर्दछ ।

| क्र. स. | विद्यालयको नाम | ठेगाना | निकासा रकम |
|---|---|---|---|
| १ | पञ्चकन्या आधारभूत विद्यालय | धरान-४ | १०००० |
| २ | कालिका आधारभूत विद्यालय | धरान-४ | १०००० |
| ३ | सहिदस्मृति माध्यमिक विद्यालय | धरान-८ | १५००० |
| ४ | पब्लिक माध्यमिक विद्यालय | धरान-१३ | १५००० |
| ५ | शिक्षा सदन माध्यमिक विद्यालय | धरान-१५ | १५००० |
| ६ | सम्यक शिक्षा आधारभूत विद्यालय | धरान-१७ | १०००० |
| ७ | पञ्चकन्या माध्यमिक विद्यालय, (रेल्वे) | धरान-१७ | १५००० |
| ८ | श्री माध्यमिक विद्यालय,घोपा | धरान-१७ | १५००० |
| ९ | चण्डीका भवानी आधारभूत विद्यालय | धरान-२० | १०००० |
| १० | भगवती आधारभूत विद्यालय | धरान-२० | १०००० |
| ११ | बाल्मिकी आधारभूत विद्यालय | धरान-२० | १०००० |
| | **जम्मा** | | १३५००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२४** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

**(विस्तृत विवरण बेरूजु दफा ५७.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३५,००० |

५७.४ **एकमुष्ठ अनुदानबाट विद्यालय सञ्चालनः** ४४-०८०।६।३० कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.१३.१३ अन्तर्गत ९.९ मा शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका र सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को परिच्छेद ३ का आधारमा समायोजन वा एकीकरण हुनुपर्ने विद्यालयमा नपर्ने सामुदायिक विद्यालयहरुलाई मात्र करार सम्झौता अनुसार कार्य सम्पादन गर्ने शर्तमा वार्षिक एकमुष्ट रु. १०,००,०००।– निकासा दिने व्यवस्था छ । यस्ता अनुदान पाउने विद्यालयको प्रधानाध्यापकले विद्यालय सञ्चालन गर्ने कार्यविधि, २०७६ को बुँदा नं. ८ मा व्यवस्था भए बमोजिम योग्यता पुगेका दुई जना शिक्षक, एक जना बालकक्षा शिक्षक र एक जना विद्यालय सहयोगीको लागि पारिश्रमिक खर्च र विद्यालय व्यवस्थापन, शैक्षिक सामग्री विकास र विद्यालय सुधार योजनामा आधारित रही शैक्षिक सुधारका लागि आवश्यक पर्ने खर्चको लागि प्रस्ताब तायार गरी बुँदा नं. ९ मा व्यवस्था भए बमोजिम विद्यालय व्यवस्थापन समितिबाट उक्त प्रस्ताव स्वीकृत गराई अनुदान रकम खर्च गर्ने व्यवस्था छ । पालिकाले यस वर्ष श्री दिपेन्द्र स्मृती आधारभूत विद्यालय, धरान- १७ लाई एकमुष्ट रु. १०,००,०००।- अनुदान उपलब्ध गराएको छ । उपलब्ध रकमबाट विद्यालयको प्रधानाध्यापकले खर्च गर्ने प्रस्ताव तयार गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराएर सोही बमोजिम खर्च गरे नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन गरेको पाइएन । कार्यविधिमा भएको व्यवस्था बमोजिम विद्यालयले नियुक्त गरेको शिक्षक तथा कर्मचारीको हाजिरी सहित नियुक्ति गरेको पत्र संलग्न भएको देखिएन । कार्यविधिमा व्यवस्था भए बमोजिम खर्चको प्रस्ताव गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गरेको कागजात, शिक्षक र विद्यालय सहयोगीको नियुक्ति, हाजिरी र भुक्तानी भएको भरपाइ सहितको प्रमाण पेश हुनुपर्दछ ।

| क्र.सं. | भौ.नं./मिति | सिकाइ केन्द्रको नाम | अनुदान रकम |
|---|---|---|---|
| १ | ४४-०८०।६।३० | श्री दिपेन्द्र स्मृती आधारभूत विद्यालय, धरान- १७ | १०००००० |

| प्रमाण पेश नगरेको | १०,००,००० |
|---|---|

५७.५ **पाठ्यपुस्तकः** कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.४.६.१. मा सार्वजनिक विद्यालयमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ । यसरी अनुदान उपलब्ध गराउँदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी संख्याका लागि स्वीकृत दररेटका आधारमा हिसाव गरी अनुदान उपलब्ध गराउने, विद्यार्थीहरुले शैक्षिक सत्रको सुरुवात मै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य स्थानीय तहको हुने, जिल्ला तथा स्थानीय तहले पाठ्यपुस्तक समयमा उपलब्धता, अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउने लगायतका व्यवस्था छ । पालिकाले यस आ.व.मा IEMIS मा प्रविष्ट तथ्याङ्क र विद्यालयमा अध्ययनरत विद्यार्थीको यथार्थ तथ्यांकसँग सत्यापन नगराई विद्यालयले पाठ्यपुस्तक खरिद गरी पेश गरेको बिलको आधारमा यस वर्ष सामुदायिक विद्यालयतर्फका कक्षा १ देखि १२ सम्मका विद्यार्थीको लागि रू. ७८,३२,५२४।-खर्च गरेको छ । पालिकाको शैत्रिक सत्र २०८१ को IEMIS अनुसार सामुदायिक विद्यालयतर्फका वटा विद्यालयहरुमा कक्षा १ देखि १० सम्मका १००२३ जना र कक्षा ११ र १२ का २४४४ जना गरी जम्मा १२४६७ जना विद्यार्थी देखिएको छ । पालिकाले विद्यालयहरुले समयमा नै पूरा सेटमा नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीहरुलाई बितरण गरे नगरेको सम्बन्धमा अनुगमन समेत गरेको देखिएन । IEMIS र विद्यार्थीको यथार्थ तथ्यांकसँग सत्यापन नहुँदा विद्यालयलाई दिइने अन्य बुक कर्नर व्यवस्थापन, सिकाइ सामग्री व्यवस्थापन लगायतका शीर्षकमा हुने अनुदान निकासा यथार्थ हो भनी भिडान गर्न नसकिने हुँदा IEMIS मा प्रविष्ट तथ्याङ्क र विद्यालयमा अध्ययनरत विद्यार्थीको यथार्थ तथ्यांकसँग सत्यापन गराई अनुदान दिनु पर्दछ र खर्चको सुनिश्चितताको लागि आवश्यक संयन्त्र बनाइ अनुगमन गरिनु पर्दछ ।

५७.६ **सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानव स्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । पालिकाले आ. व. २०८०।८१ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिवेदन कार्यालयसंग देखिएन । पालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५७.७ **सिकाइ केन्द्रः** ३९४-०८१।३।१० कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.१३.११ को ६.७ मा स्थानीय तहले नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक केन्द्रले वार्षिक साधारण सभा गरेको, साधारण सभाबाट बजेट र कार्यक्रम पास गरेको, गत आ.व.को खर्च स्वीकृत गरेको, लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको र शैक्षिक सूचना व्यवस्थापन प्रणाली भरेको अवस्था रहेको सामुदायिक सिकाइ केन्द्रलाई सञ्चालन अनुदान बापत रु.२,५०,०००।– उपलब्ध गराउने व्यवस्था छ । पालिकाले यस वर्ष उज्यालो सामुदायिक सिकाइ केन्द्र, धरान ५ लाई रु.१,९३,०००।- अनुदान रकम उपलब्ध गराएकोमा सिकाइ केन्द्रले तोके बमोजिमको मापदण्ड पूरा गरेको र परिचालिका नियुक्ति गरी हाजिरी सहित पारिश्रमिक भुक्तानी गरेको प्रमाण पेश गरेको नदेखिएकोले उक्त प्रमाण पेश हुनुपर्दछ ।

| प्रमाण पेश नगरेको | १,९३,००० |
|---|---|

५७.८ **रोजगारमूलक तालिमः** स्वीस सरकारको लगानीमा पालिका अन्तर्गत रहेको बेरोजगारमध्ये पालिकाको रोजगार शाखामा सूचीकृत विपन्न वर्गका बेरोजगारीहरुबाट छनौट गरी छनौटमा परेका बेरोजगारीहरुलाई व्यवसायिक सीपमूलक तालिम दिएर दिगो तथा सम्मानित रोजगारीको लागि योग्य बनाउने तथा स्वःरोजगार बनाउने उद्देश्यबमोजिम विगत वर्षका ५५ जना र यस वर्षका ६० जना बेरोजगार युवा युवतीलाई १० महिने अर्थात १६९६ घण्टा मोटर साइकल मर्मत, वेल्डर, आल्मुनियम फेब्रिकेट, कुक, प्लम्बर, वेल्डिङ्ग

इलेक्ट्रिसियन जस्ता तालिम सञ्चालन गरी हालसम्म रु. ४१,६२,८५७।- भुक्तानी गरेको पालिकाबाट उपलब्ध तथ्याङ्कबाट देखिन्छ । लेखापरीक्षणको समयसम्ममा पनि सम्झौताबमोजिम कार्य सम्पन्न भई नसकेको देखिएकोले सम्झौताबमोजिम कार्य सम्पन्न हुनुपर्दछ ।

| क्र.सं. | तालिम प्रदायक संस्थाको नाम | तालिमको नाम र अवधि | सम्झौता अवधि | हालसम्मको अवस्था | तालिममा सहभागी संख्या | सम्झौता रकम | हालसम्मको भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | पाथिभरा हिमालयन पोलीटेक्निक इन्स्टीच्यूट प्रा.लि. (३०४३६१००१) | OJT सहित १० महिने मोटरसाइकल मेकानिक्स तालिम | २०८०।३।२१ देखि २०८१।११।१६ | सीप परीक्षणको अवस्था | २० | १३६८४१० | ७६१८३४ |
| २ | साना व्यवसाय परामर्श तथा तालिम केन्द्र प्रा.लि. (३०३२०३५३७) | १० महिने कार्यगत अभ्यास सहितको वेल्डर तालीम | २०८०।३।२१ देखि २०८१।११।१६ | सीप परीक्षणको अवस्था | १७ | १४८९३२० | ८१०२९४ |
| ३ | साना व्यवसाय परामर्श तथा तालिम केन्द्र प्रा.लि. (३०३२०३५३७) | १० महिने कार्यगत अभ्यास सहितको आल्मुनियम फेब्रिकेटर तालीम | २०८०।३।२१ देखि २०८१।११।१६ | सीप परीक्षणको अवस्था | १८ | १४८९३२० | ८६१७०५ |
| ४ | एक्सपर्ट टेक्निकल कलेज नेपाल प्रा.लि. (६०१८७८३४१) | १० महिने कार्यगत अभ्यास सहितको कुल तालीम | २०८०।१२।१६ देखि २०८२।३।१६ (लई २१२६७९९) | तालिम सञ्चालनरत | २० | २१२१४८८ | ६५६४९५ |
| ५ | एक्सपर्ट टेक्निकल कलेज नेपाल प्रा.लि. (६०१८७८३४१) | १० महिने अभ्यास सहितको प्लम्बर तालीम | २०८०।१२।१६ देखि २०८२।३।१६ (लई २११७३०७) | तालिम सञ्चालनरत | २० | २०९२१०८ | ६४४७३४ |
| ६ | गल्फ इन्टरनेशनल टेक्नीकल ट्रेनिङ्ग इन्स्टिच्यूट प्रा.लि. (३०२४७६३९२) | अभ्यास सहितको १० महिने विल्डिङ्ग इलेक्ट्रिसियन तालीम | २०८०।१२।१६ देखि २०८२।३।१६ (लई २१०१२६१) | तालिम सञ्चालनरत | २० | १६७९ ४८८ | ४२७७९५ |
| | **जम्मा** | | | | **११५** | **१०२४०१३४** | **४१६२८५७** |

**(विस्तृत विवरण बेरूजु दफा ५७.८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५७.९ **विद्यालय सुधार योजना निर्माणः** ३८६-०८१।३।१० कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि आधारभूत तहका विद्यालयलाई प्रति विद्यालय रु.१५,०००।- र माध्यमिक विद्यालयहरुलाई रु.२०,०००।-का दरले एकमुष्ठ अनुदान दिने उल्लेख छ । यस्तो अनुदान विद्यालय सुधार योजना निर्माण गरेका तथा अद्यावधिक गरेका विद्यालयहरुलाई मात्र उपलब्ध गराउन सकिने व्यवस्था छ । पालिकाले पालिकाभित्रका ४९ वटा विद्यालयहरुलाई विद्यालयलाई सुधार योजना निर्माणको लागि रु.८,०५,०००।– निकासा दिएकोमध्ये देहायका ३ वटा विद्यालयहरुबाट विद्यालय सुधार योजना निर्माण गरी पालिकामा पेश गरेको देखिएन । पुस्तिकामा उल्लेखित व्यवस्था बमोजिम विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गरेको प्रमाण पेश हुनुपर्दछ साथै पेश गर्ने विद्यालयले योजना अनुरुपको शैक्षिक सुधार कार्यक्रम गरे नगरेको सम्बन्धमा पालिकाबाट लेखाजोखा हुनुपर्दछ ।

| क्र.स. | विद्यालयको नाम | ठेगाना | निकासा रकम |
|---|---|---|---|
| १ | पब्लिक माध्यमिक विद्यालय | धरान-१३ | २०००० |
| २ | पञ्चायत आधारभूत विद्यालय | धरान-१६ | १५००० |
| ३ | बाल्मिकी आधारभूत विद्यालय | धरान-२० | १५००० |
|  | जम्मा |  | ५०००० |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००० |

५७.१० **छात्रबृत्ति निकासाः** ३६२-०८१।३।६ शिक्षा मानव श्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. ७.२.१.१ को बुँदा नं. ४.२ अनुसार IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी कक्षा १ देखि ८ सम्मका दलित छात्र तथा छात्राहरुलाई रु.४०० का दरले छात्रवृत्ति अनुदान दिने र सो अनुदान वितरणको भरपाई पेश गर्नुपर्ने व्यवस्था छ । विद्यालयले पालिकामा पेश गरेको छात्रवृत्ति अनुदान वितरणको भरपाई परीक्षण गर्दा देहायका विद्यालयहरुमा निकासा भन्दा भरपाई कम पेश भएकोले बढी निकासा भएको रकम असुल गरी सङ्घीय सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।

| क्र.सं. | विद्यालयको नाम | भरपाई पेश गरेको विद्यार्थी संख्या | निकासा रकम | भरपाइ रकम | बढी निकासा रकम |
|---|---|---|---|---|---|
| १ | सम्यक शिक्षा आ. वि. धरान-१७ | ११८ | ५१२०० | ४७२०० | ४००० |
| २ | पब्लिक माध्यमिक विद्यालय धरान-१३ | ९७ | ४१२०० | ३८८०० | २४०० |
|  | जम्मा |  |  |  | ६४०० |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **७,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१७** को निर्णयले रू **२६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **४,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **२५,६००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१७** को निर्णयले रू **४,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **३६,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,४०० |

५७.११ **छात्राबृत्तिः** ३६२-०८१।३।६ शिक्षा मानव श्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. ७.२.१.१ को बुँदा नं. ४.२ अनुसार IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी कक्षा १ देखि ८ सम्मका दलित छात्र तथा छात्राहरुलाई रु.४०० का दरले छात्रवृत्ति अनुदान दिने र सो अनुदान वितरणको भरपाई पेश गर्नुपर्ने व्यवस्था छ । यस वर्ष पालिकाले देहायका विद्यालयहरुलाई छात्राबृत्ति अनुदान निकासा गरेकोमा विद्यालयबाट बितरण गरी भरपाई पेश गरेको नदेखिएकोले भरपाई पेश हुनुपर्दछ ।

| क्र. स. | विद्यालयको नाम | ठेगाना | निकासा रकम |
|---|---|---|---|
| १ | पञ्चकन्या माध्यमिक विद्यालय, (रेल्वे) | धरान-१७ | १०४८०० |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२४** को निर्णयले रू **६,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०४,८०० |

५८ **प्रशिक्षक भत्ताः** (२३३३-२०८०-३-१४):

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५९ **शिक्षा तर्फः**

शिक्षा तर्फका व्यहोराहरु देहाय बमोजिम रहेका छन्

५९.१ **कक्षा ८ को परीक्षा संञ्चालनः** ४२३-०८१।३।१६ कार्यक्रम कार्यान्वियन पुस्तिकाको २.८.१५ क्रियाकलाप नं. २.७.१३.३०२ मा कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण एवं विद्यार्थी मूल्यांकन पालिकास्तरीय हुने भएकोले प्रश्न निर्माण, परीक्षा सञ्चालन, परीक्षण, ग्रेडिङ्ग, रिजल्ट तयारी लगायतका कार्यका लागि प्रति विद्यार्थी रु. २७५।– का दरले खर्च गर्ने व्यवस्था छ साथै परीक्षालाई थप व्यवस्थित गर्ने प्रयोजनका लागि स्थानीय तहले आन्तरिक स्रोतबाट समेत बजेट व्यवस्था गर्न सक्ने उल्लेख छ । पालिकाबाट उपलब्ध तथ्याङ्क अनुसार पालिकाले यस वर्ष पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा कक्षा ८ मा अध्ययन गर्ने ११६२ र संस्थागतमा १९८६ जना सहित जम्मा ३१४८ जना विद्यार्थीको परीक्षा सञ्चालन गर्न संघीय सशर्तबाट रु.२,९१,१४१।– र नगरपालिका चालुबाट रु.७,१०,५१५।-समेत जम्मा रु.१०.०१,६५६।- खर्च गरेको देखिन्छ । विद्यार्थी संख्याको आधारमा औषतमा एक विद्यार्थीको लागि रु.३१८ खर्च गरेको देखिन्छ ।

५९.२ **विद्यार्थी र विद्यालयः** पालिकामा सञ्चालन रहेका ४८ वटा सामुदायिक विद्यालयहरुमा शैक्षिक सत्र २०८१ मा प्रारम्भिक बाल विकासदेखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थी १३८६६ जना रहेको देखिन्छ । पालिकामा ५० जनाभन्दा कम विद्यार्थी भएका विद्यालय १४ वटा रहेको देखिन्छ । विद्यार्थी संख्या कम भएका विद्यालयहरु सुविधाको दृष्टिकोणले सम्भव भएसम्म मर्ज गरी शिक्षकको दरबन्दी समेत मिलान गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । पालिकाले उपलब्ध गराएको तथ्यांक अनुसार विद्यार्थी संख्याको आधारमा विद्यालयको संख्याको अवस्था देहाय बमोजिम रहेका छन्

| क्र.सं. | विद्यार्थी संख्या | सार्वजनिक विद्यालय संख्या | |
|---|---|---|---|
| | | शैक्षिक सत्र २०८० | शैक्षिक सत्र २०८१ |
| १ | ५० जना भन्दा कम विद्यार्थी भएको | १२ | १४ |
| २ | ५० देखि १०० जना | ९ | ८ |
| ३ | १०० देखि १५० जना | ४ | ५ |
| ४ | १५० देखि २०० जना | ३ | ४ |
| ५ | २०० देखि २५० जना | ४ | ३ |
| ६ | २५० देखि ३०० जना | १ | २ |
| ७ | ३०१ देखि ४०० जना | ४ | २ |
| ८ | ४०१ देखि ५०० जना | ४ | ३ |
| ९ | ५०० देखि माथी | ७ | ७ |
| | जम्मा | ४८ | ४८ |

५९.३ **पालिकाको शैक्षिक अवस्थाः** पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका अन्तर्गत रहेका सामुदायिक तथा परम्परागत विद्यालयहरुमा कक्षा ८ मा १३३७ जना, कक्षा १० मा १२७८ र कक्षा १२ मा १९२८ जना विद्यार्थी अध्ययन गरेको देखियो । त्यसै

गरी संस्थागत विद्यालयहरुमा कक्षा ८ मा जना, कक्षा १० मा जना र कक्षा १२ मा जना विद्यार्थी देखिएकोमा पालिकाबाट उपलब्ध भएको कक्षा ८ को अन्तिम परीक्षाको नतिजा अनुसार संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको नजिता कमजोर रहेको देखियो । सरकारको बढी लगानी हुने सामुदायिक विद्यालयको नतिजामा ग्रेड A र A+ ल्याउनेको संख्या कम देखिनु सन्तोष जनक मान्न सकिएन । पालिकाले शैक्षिक गुणस्तर अभिबृद्धि गर्नेतर्फ पनि विशेष ध्यान दिनुपर्ने देखिन्छ । पालिकाबाट उपलब्ध भएका सामुदायिक र संस्थागत विद्यालयको कक्षा ८ को अन्तिम परीक्षामा सहभागी विद्यार्थीहरुको नतिजा देहाय बमोजिम रहेको छः

| क्र. सं. | GPA | कक्षा ८ संस्थागत | कक्षा ८ सामुदायिक |
|---|---|---|---|
| १ | ०.०-१.६ | ५६ | १०५ |
| २ | १.६-२.० | १ | ० |
| ३ | २.०-२.४ | ८ | ५६ |
| ४ | २.४-२.८ | १३१ | ३७३ |
| ५ | २.८-३.२ | ७०९ | ३६४ |
| ६ | ३.२-३.६ | ७६४ | १७८ |
| ७ | ३.६-४.० | ३७२ | २७ |
| जम्मा | | २०४१ | ११०३ |

५९.४ **निःशुल्क शिक्षाः** नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास शिक्षादेखि बाह्र कक्षासम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । पालिकाबाट उपलब्ध तथ्याङ्क अनुसार पालिकामा ९६ वटा संस्थागत विद्यालयहरु सञ्चालनमा रहेका र ती विद्यालयहरुमा छात्रा १३७१६ जना र छात्र १७१९३ जना गरी जम्मा ३०९०९ जना विद्यार्थी अध्ययनरत छन् । अध्ययनरत विद्यार्थीहरूलाई नियमानुसार छात्रा बृत्ति उपलब्ध गराउने सम्बन्धमा पालिकाबाट पहल गरेको पाइएन । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्बन्धित विद्यालयको वेभसाइटबाट सार्वजनीकरण गर्नु गराउनु पर्दछ ।

५९.५ **बढी दिनको दिवा खाजा निकासाः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार स्थानीय निकायले दिवाखाजा बापत कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरुलाई प्रति दिन प्रति विद्यार्थी रु.१५/- का दरले एक शैक्षिक शत्रमा १८० दिन नबढ्ने गरी विद्यालय सञ्चालित दिन र सो दिनहरुमा उपस्थित विद्यार्थीको संख्या यकिन गरेरमात्र विद्यालयलाई त्रैमासिक रुपमा पेश्की स्वरुप विद्यालयको वैंक खातामा निकासा दिनु पर्ने व्यवस्था छ । विद्यालयले आफूले पाउनुपर्ने अनुदान रकम निकासाका लागि अघिल्लो महिनाको चौमासिक प्रगति विवरण तयार गरी अनुदान निकासा माग बमोजिमको ढाँचा अनुसूची ७ मा उल्लेख भए बमोजिम स्थानीय तहमा पेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले विद्यालयहरुबाट पेश भएको विद्यार्थीको प्रमाणित हाजिरीको आधारमा दिवा खाजाबापतको रकम निकासा दिएको छ । विद्यालयले पेश गरेको विद्यार्थीको हाजिरी परीक्षण गर्दा १८० दिन भन्दा बढी दिनको हाजिरी पेश भएको र सोही अनुसार पालिकाले विद्यालयलाई निकासा दिएको देखियो । पालिकाले विद्यालयलाई दिवाखाजाबापत १८० दिन भन्दा बढी दिनको निकासा दिएको रकम यकिन गरी सम्बन्धितबाट असुल गरी संघीय संचित कोष दाखिला हुनुपर्दछ ।

| क्र.स. | विद्यालयको नाम | ठेगाना | २०८० श्रावणदेखि चैत्रसम्म दिवा खाजाबापत निकासा गरेको दिन | २०८१ बैशाखदेखि असारसम्म दिवा खाजाबापत निकासा गरेको दिन | जम्मा निकासा भएको दिन | २०८१ मा भएको विद्यार्थी संख्या | बढी निकासा भएको दिन | बढी निकासा रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षानिकेतन माध्यमिक विद्यालय | धरान-२ | १३४ | ५८ | १९२ | १४८ | १२ | २६६४० |
| २ | भानुस्मृति माध्यमिक विद्यालय | धरान-३ | १५४ | ६४ | २१८ | १८६ | ३८ | १०६०२० |
| ३ | कालिका आधारभूत विद्यालय | धरान-४ | १४० | ६८ | २०८ | ५६ | २८ | २३५२० |
| ४ | शिक्षा ज्योति आधारभूत विद्यालय | धरान-४ | १५६ | ६४ | २२० | ९७ | ४० | ५८२०० |
| ५ | हिमाली माध्यमिक विद्यालय | धरान-५ | १४३ | ६१ | २०४ | ३८८ | २४ | १३९६८० |
| ६ | रणदेवी आधारभूत विद्यालय | धरान-६ | १५७ | ६२ | २१९ | ९६ | ३९ | ५६१६० |
| ७ | सरस्वती माध्यमिक विद्यालय, पानवारी | धरान-६ | १४९ | ७६ | २२५ | २७१ | ४५ | १८२९१५ |
| ८ | सहिद स्मृति माध्यमिक विद्यालय | धरान-८ | १५५ | ६१ | २१६ | १४० | ३६ | ७५६०० |
| ९ | ल्याबोरेटरी माध्यमिक विद्यालय | धरान-८ | १४१ | ६३ | २०४ | १४४ | २४ | ५१८४० |
| १० | अनन्त शिक्षा ज्योती आधारभूत विद्यालय | धरान-११ | १५१ | ६४ | २१५ | ११० | ३५ | ५७७५० |
| ११ | ज्ञानोदय माध्यमिक विद्यालय | धरान-११ | १४३ | ६३ | २०६ | १९६ | २६ | ७६४४० |
| १२ | पब्लिक हाइ स्कुल | धरान-१२ | १४७ | ६१ | २०८ | ६६१ | २८ | २७७६२० |
| १३ | अमर आधारभूत विद्यालय | धरान-१३ | १५६ | ६७ | २२३ | ६८ | ४३ | ४३८६० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | पब्लिक माध्यमिक विद्यालय | धरान-१३ | १४६ | ६३ | २०९ | १०० | २९ | ४३५०० |
| १५ | पंचायत दन्तकाली माध्यमिक विद्यालय | धरान-१४ | १४७ | ६४ | २११ | ६८ | ३१ | ३१६२० |
| १६ | जनता आधारभूत विद्यालय, खोरिया वस्ती | धरान-१५ | १५२ | ६३ | २१५ | १२६ | ३५ | ६६१५० |
| १७ | शिक्षा सदन माध्यमिक विद्यालय | धरान-१५ | १४५ | ६१ | २०६ | ३०५ | २६ | ११८९५० |
| १८ | भगवती आधारभूत विद्यालय | धरान-१६ | १४४ | ६५ | २०९ | २६ | २९ | ११३१० |
| १९ | पञ्चायत आधारभूत विद्यालय | धरान-१६ | १५० | ६४ | २१४ | ५१ | ३४ | २६०१० |
| २० | शारदा बालिका नमूना माध्यमिक विद्यालय | धरान-१६ | १५५ | ६४ | २१९ | ११२ | ३९ | ६५५२० |
| २१ | सम्यक शिक्षा आधारभूत विद्यालय | धरान-१७ | १६१ | ६५ | २२६ | ८५ | ४६ | ५८६५० |
| २२ | पञ्चकन्या माध्यमिक विद्यालय, (रेल्वे) | धरान-१७ | १४६ | ६४ | २१० | १६६ | ३० | ७४७०० |
| २३ | ज्वालामुखी माध्यमिक विद्यालय | धरान-१७ | १४१ | ४३ | १८४ | १५७ | ४ | ९४२० |
| २४ | श्री माध्यमिक विद्यालय, घोपा | धरान-१७ | १५१ | ६६ | २१७ | ७३ | ३७ | ४०५१५ |
| २५ | किरातेश्वर माध्यमिक विद्यालय | धरान-१९ | १४३ | ७८ | २२१ | १५८ | ४१ | ९७१७० |
| २६ | चण्डीका भवानी आधारभूत विद्यालय | धरान-२० | १६५ | ५२ | २१७ | ३२ | ३७ | १७७६० |
| २७ | मदन आश्रित आधारभूत | धरान-२० | १५३ | ६७ | २२० | ६० | ४० | ३६००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय | | | | | | | |
| २८ | भगवती आधारभूत विद्यालय | धरान-२० | १४४ | ६५ | २०९ | २६ | २९ | ११३१० |
| २९ | सूर्योदय आधारभूत विद्यालय | धरान-२० | १४९ | ७० | २१९ | १७ | ३९ | ९९४५ |
| ३० | सुलिकोट आधारभूत विद्यालय | धरान-२० | १३७ | ५४ | १९१ | १५ | ११ | २४७५ |
| ३१ | जनज्योती आधारभूत विद्यालय | धरान-२० | १४६ | ५५ | २०१ | २० | २१ | ६३०० |
| ३२ | बाल्मिकी आधारभूत विद्यालय | धरान-२० | १४० | ६२ | २०२ | ६ | २२ | १९८० |
| ३३ | दिपेन्द्र स्मृति आ.वि. | धरान-१७ | १४७ | ६१ | २०८ | १५४ | २८ | ६४६८० |
| | जम्मा | | | | | | | १९७०२१० |

**(विस्तृत विवरण बेरूजु दफा ५९.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,७०,२१० |

५९.६ **शिक्षक दरबन्दी र पदपूर्तिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत ६८ वटा बाल विकास केन्द्र, २२ वटा प्राथमिक विद्यालय, ६ वटा निम्न माध्यमिक विद्यालय र २० वटा माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका छन । सञ्चालनमा रहेका धार्मिक विद्यालय बाहेक ४८ विद्यालयहरुमा भएको शिक्षकको एकमुष्ठ दरबन्दी र पदपूर्तिको अवस्था, पदपूर्ति भएका शिक्षकको तलब भत्तामा भएको खर्च एवं कक्षा १ देखि १२ सम्मका विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत र विषयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ ।

| तह | दरबन्दी संख्या | शिक्षकको पदपूर्ति अवस्था | | | | | २०८० को विद्यार्थी संख्या | विद्यार्थी शिक्षक अनुपात | शिक्षकको तलबमा भएको खर्च |
|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | शिक्षण अनुदान | जम्मा | | | |
| प्राथमिक शिक्षक | २१३ | १६० | ३५ | १७ | | २१२ | ४४१९ | २१:०१ | १९८७४३९९२ |
| निम्न माध्यमिक शिक्षक | १११ | ९२ | ११ | ७ | १ | १११ | ३७७१ | ३४:०१:०० | |
| माध्यमिक शिक्षक | ९३ | ७७ | ११ | ५ | ८ | १०१ | २५६० | २६:०१:०० | १०८१४१६५७ |
| उच्च माध्यमिक शिक्षक | २५ | | | २४ | | २४ | ३२९१ | १३८:०१:०० | |
| प्राविधिक धार | २० | | | २० | | २० | ३२० | १६:०१ | |
| जमा | ४६२ | ३२९ | ५७ | ७३ | ९ | ४६८ | १४३६१ | ३१:०१:०० | ३०६८८५६४९ |

पालिकाको स्थायी पदमा पदपूर्ति हुने शिक्षकको कुल दरबन्दी ३६० रहेको मध्ये ३२९ पदमा स्थायी पदपूर्ति भएको, प्राविधिक धार र उच्च माध्यमिक तहमा अध्यापन गर्ने शिक्षक बाहेक २९ जना करारमा नियुक्त भएको र २ पद रिक्त रहेको देखियो । स्थायी पदमा पदपूर्ति हुने दरबन्दीको ९१ प्रतिशत दरबन्दी स्थायीबाट पदपूर्ति भएकोले रिक्त र करार दरबन्दीमा स्थायी शिक्षक नियुक्तिको लागि ध्यान दिनुपर्ने देखिन्छ । पालिकाको विद्यार्थी शिक्षक अनुपात हेर्दा सबैभन्दा कम प्रा.वि. तहमा एक शिक्षकले २१ जना र सबैभन्दा बढी उ.मा.वि. तहमा एक शिक्षकले १३८ जना विद्यार्थी र समग्रमा पलिकामा एक शिक्षकले ३१ जना विद्यार्थीलाई अध्यापन गर्ने देखिन्छ । शिक्षा नियमावली, २०५९ अनुसार तराईमा एक शिक्षकले औषतमा ५० जना विद्यार्थीलाई अध्यापन गराउनु पर्ने व्यवस्था भन्दा कम विद्यार्थी अध्यापन गर्ने गरेको देखिन्छ ।

केही उदाहरणः पालिका अन्तर्गत बालविकासदेखि कक्षा ५ सम्म अध्ययन अध्यापन हुने विद्यालयहरुमध्ये देहायका ४ विद्यालयहरुमा अध्ययन गर्ने विद्यार्थी संख्या, कार्यरत शिक्षक र खर्चको अवस्था

| क्र. सं. | विद्यालयको नाम | बालविकासदेखि कक्षा ५ सम्मका विद्यार्थी संख्या | कार्यरत शिक्षक र कर्मचारी | तलब भत्तामा खर्च | विविध खर्च | जम्मा खर्च | प्रति विद्यार्थी लगानी |
|---|---|---|---|---|---|---|---|
| १ | उदय आ. वि . धरान-२० | ११ | ३ | ९००१२६ | १०२१२६ | १००२२५६ | ९१११४ |
| २ | सुलिकोट आ. वि . धरान-२० | १९ | ४ | १६०९८०७ | १०९१०८ | १७१८९१५ | ९०४६९ |
| ३ | बालमिकी आ. वि . धरान-२० | १० | ३ | २०१२३८९ | ८४०४१ | २०९६४३० | २०९६४३ |
| ४ | सूर्योदय आ. वि . धरान-२० | १७ | ३ | ११५०५९१ | ११९७०८ | १२७०२९९ | ७४७२३ |
| | जम्मा | | | ५६७२९१३ | ४१४९८३ | ६०८७९०० | |

**(विस्तृत विवरण बेरूजु दफा ५९.६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५९.७ ( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१७** को निर्णयले रू **३,६३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **६,४९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५९.८ ( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **६४३,०८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१७** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

**(विस्तृत विवरण बेरूजु दफा ५९.८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५९.९ **विद्यार्थी निर्वाह खर्चः** २६७-०८०।१२।२ कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.५० मा प्राविधिक धार कक्षा ९-१२ अध्ययन गर्ने विद्यार्थी संख्या यकिन गरी शिक्षण सिकाइ सामग्री, ल्याव असिष्टेण्टका लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामग्री व्यवस्थापन तथा व्यवहारिक अभ्यासका लागि प्रति विद्यार्थी रु. १५,०००।– का दरले हुन आउने रकम एकमुष्ट रुपमा विद्यालयलाई अनुदान दिने, प्राविधिक धार अन्तर्गत अध्ययनरत विद्यार्थीले तोकिएको कक्षामा व्यावहारिक अभ्यास गर्न कक्षा १० पछि ३ महिना, कक्षा ११ पछि ३ महिना र कक्षा १२ पछि ६ महिनाको व्यावहारिक अभ्यास वा कक्षा १२ पछि १२ महिनाको व्यावहारिक अभ्यास गराउनु पर्ने र व्यावहारिक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागि प्रति महिना १ हजारका दरले सम्बन्धित विद्यार्थीको बैंक खातामा उपलब्ध गराउने व्यवस्था छ । पालिकाले यस वर्ष प्राविधिक धार सञ्चालन भएका ३ विद्यालयका ३२० जना विद्यार्थीको लागि रू.४८,००,०००।- अनुदान उपलब्ध गराएको छ तर अनुदान निकासा भएको रकममध्ये कक्षा ११ र १२ सञ्चालन भएका विद्यालयबाट व्यावहारिक अभ्यास (OJT) मा सहभागी हुने कक्षा १०, कक्षा ११ र कक्षा १२ का जम्मा २२६ जना विद्यार्थीका खातामा विद्यालयले नियमानुसार रू. ९२७०००।- रकम जम्मा गर्नुपर्नेमा गरेको देखिएन । आगामी दिनमा कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएको व्यवस्था कार्यान्वयन हुनुपर्दछ । विद्यालयले विद्यार्थीको खातामा उक्त रकम जम्मा गरेको प्रमाण पेश हुनपर्दछ ।

| क्र.सं. | विद्यालयको नाम | कक्षा १० का विद्यार्थी संख्या | कक्षा ११ का विद्यार्थी संख्या | कक्षा १२ का विद्यार्थी संख्या | जम्मा हुनुपर्ने रकम |
|---|---|---|---|---|---|
| १ | श्री पब्लिक हाइ स्कुल धरान | ३३ | ३० | ३५ | ३९९००० |
| २ | श्री शिक्षा निकेतन माध्यमिक विद्यालय धरान २ | ३२ | ४८ | ४८ | ५२८००० |
| | जम्मा | ६५ | ७८ | ८३ | ९२७००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,२७,००० |

५९.१० **विज्ञान प्रयोगशालाः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१३ मा शैक्षिक गुणस्तर सुदृढीकरण गर्न विज्ञान प्रयोगशाला निर्माणका लागि प्रति विद्यालय रु.६,५०,०००।-का दरले अनुदान दिने व्यवस्था छ । पालिकाले यस वर्ष विज्ञान प्रयोगशाला निर्माणका लागि ३ वटा विद्यालयलाई रु.१९,५०,०००।– निकासा दिएको देखिएकोमा २ वटा विद्यालयबाट विभिन्न विज्ञान प्रयोगशालाका सामग्री खरिद गरेको बिल पेश गरेकोमा हिमाली मा.वि. धरान ५ बाट भने विल भरपाई समेत पेश भएको पाईएन । खरिद गरिएका बिल भरपाई समेत खरिद भएका प्रयोगशालाका सामग्री जिन्सी दाखिला भएको प्रमाण पेश हुनुपर्दछ । पालिकाबाट

आवश्यक प्रमाण सहित अनुदानबाट निर्माण भएको विज्ञान प्रयोगशाला प्रयोगमा आए नआएको अनुगमन गरी प्रयोगशालाको प्रभावकारी उपयोगको सम्बन्धमा पालिकाबाट लेखाजोखा हुनुपर्ने देखिन्छ ।

| क्र.सं. | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| १ | सम्यक शिक्षा आ. वि. धरान-१७ | ६५०००० |
| २ | हिमाली मा.वि. धरान ५ | ६५०००० |
| | जम्मा | १३००००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,००,००० |

६० **स्वास्थ्य तर्फः**

स्वास्थ्य तर्फ देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन्

६०.१ **औषधि खरिदको लागत अनुमानः** ३१९-०८१।१।१८ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(१) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही तयार गर्नुपर्ने र मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च, उद्योग वाणिज्य संघले जारी गरेको दररेट आदि विषयहरुलाई आधार मानी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद गर्नको लागि स्वास्थ्य कार्यालय, सुनसरीको आ.व. २०८०।८१ को जिल्ला दररेटलाई आधारमानी विभिन्न ५७ प्रकारका औषधि तथा सर्जिकल सामग्रीको मुल्य अभिबृद्धि कर बाहेक रु.३३,११,०१०।४५ लागत अनुमान बनाएको देखियो । पालिकाले स्वीकृत लागत अनुमानबाट औषधि खरिद गर्न विद्युतीय बोलपत्र आह्वान गरी लागत अनुमानको तुलनामा ६९.९६ प्रतिशत कम अर्थात मुल्य अभिबृद्धि कर बाहेक रु.९,९४,३२०.३ कबोल गर्ने राम लक्ष्मण फार्मेसी (३००८७६८९३सँग सम्झौता मितिले १५ दिनभित्र कार्य सम्पन्न गर्ने शर्तमा मिति २०८०।१०।२४ मा सम्झौता गरी मुल्य अभिबृद्धि कर सहित रु.९,९४,३३७।– को औषधि खरिद गरेको पाइयो । पालिकाले विद्युतीय बोलपत्रको माध्यमबाट औषधि खरिद गर्न पहिले र पछि पनि सोझै खरिद विधिबाट रु.२७,२५,२०२।– को खरिद गरेको पाइयो । यस सम्बन्धी विवरण

| क्र. सं. | खर्च शीर्षक | भौ. नं./ मिति | आपूर्ति कर्ता | रकम |
|---|---|---|---|---|
| १ | महामारी व्यवस्थापन कोष | १०-०८०।५।१८ | अमोघ केयर प्रा . लि . (६०२४२८४९५) | ९४२२१३ |
| २ | महामारी व्यवस्थापन कोष | १५-०८०।६।१८ | प्रशान्त सर्जिकल ट्रेड कन्सर्न (३०२८५०७०५) | ४७२६९१ |
| ३ | महामारी व्यवस्थापन कोष | १६-०८०।६।१८ | राम लक्ष्मण फार्मेसी (३००८७६८९३) | ३२५०६५ |
| ४ | सशर्त चालु | ५२०-०८१।३।२३ | महादेव फार्मेसी (३००२४२९१३) | ७९५३३ |
| ५ | सशर्त चालु | ५३०-०८१।३।२३ | मेडिगोल्ड इन्टरनेशनल प्रा.लि. | ९०५७०० |
| | जम्मा | | | २७२५२०२ |

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । तर पालिकाले वर्षभरि आवश्यक पर्ने औषधिको परिमाण यकिन नगरी आवश्यकताको पहिचान बेगर खरिद गरेको छ । पालिकाले सम्झौतामा उल्लेखित स्पेशिफिकेशन र

WHO-GMP Certified Company अनुसारका औषधि आपूर्ति भए नभएको सम्बन्धमा प्राविधिकबाट परीक्षण समेत नगरी भुक्तानी दिएको पाइएकोले आपूर्ति भएको औषधि तोकिएको गुणस्तरमा आपूर्ति भएको विस्वस्त हुन सकिएन ।

६०.२ **औषधि खरिदको तुलनाः** ५३०-०८१।३।२३ पालिकाले विद्युतीय बोलपत्रको माध्यमबाट औषधि खरिद गरे पश्चात औषधि खरिदका लागि बिनियोजित बजेटमध्ये बाँकी रकमबाट विभिन्न १६ प्रकारका औषधि मेडिगोल्ड इन्टरनेशनल प्रा.लि.बाट रु.९,०५,७००।-को सोझै खरिद गरेको देखियो । यसरी खरिद गर्दा पालिकाले विद्युतीय बोलपत्रको माध्यमबाट खरिद गरेको मुल्यभन्दा बढी दरमा खरिद गर्दा पालिकालाई रु.६,४३,६१५।- थप व्ययभार परेको देखियो । आगामी दिनमा सुधार हुनुपर्दछ ।विद्युतीय बोलपत्र र सोझै खरिद गर्दा एकै प्रकारका औषधिको फरक दर परेको विवरण देहायबमोजिम रहेका छन्

| क्र.सं. | बजेट शीर्षक | औषधिको नाम | राम लक्ष्मण फार्मेसीबाट खरिद गरिएको इकाइ मुल्य | मेडिगोल्ड इन्टरनेशनल प्रा.लि.बाट खरिद गरिएको इकाइ मुल्य | इकाइ मुल्यमा फरक | सोझै खरिद गरेको औषधिको परिमाण | सोझै खरिद गर्दा पालिकालाई परेको व्ययभार |
|---|---|---|---|---|---|---|---|
| १ | सशर्त | Clove Oil5ml | ०.१ | २८ | २७.९ | ३०० | ८३७० |
| २ | सशर्त | Ciprofloxacin (as hydrochloride) eye/ear drop | ०.१ | २५ | २४.९ | २००० | ४९८०० |
| ३ | सशर्त | Hyoscine butyl 10mg | ९ | १२ | ३ | ६००० | १८००० |
| ४ | सशर्त | Chloramphenicol Eye Appli Cap | ०.१ | २ | १.९ | २००० | ३८०० |
| ५ | सशर्त | Ranitidine (as hydrochloride) 150mg | १.८ | २.२ | ०.४ | ३०००० | १२००० |
| ६ | सशर्त | Relyte Ors Powder | ०.१ | ८.५ | ८.४ | २५००० | २१०००० |
| ७ | सशर्त | Cetrizine 10mg | २ | ३.५ | १.५ | ५०००० | ७५००० |
| ८ | सशर्त | Cetrizine syrup 5ml | ०.१ | ४९ | ४८.९ | ६०० | २९३४० |
| ९ | सशर्त | Zinc Tab 20mg | ०.१ | ३.६ | ३.५ | ६००० | २१००० |
| १० | सशर्त | Paracetamol 500mg | ०.०१ | ०.८ | ०.८ | १५०००० | १२०००० |
| ११ | सशर्त | Paracetamol syrup | ०.१ | ३० | २९.९ | ५०० | १४९५० |
| १२ | सशर्त | Promethazine Hydrochloride 25 mg | | २ | | ४५०० | ० |
| १३ | सशर्त | Chlorpheniramine 4mg | ०.४ | १.५ | १.१ | ३०००० | ३३००० |
| १४ | सशर्त | Benzoic Acid & Salicylic Acid ointment 25gm | ०.१ | ५६ | ५५.९ | ४५० | २५१५५ |
| १५ | सशर्त | Ibuprofin 400mg | ०.१ | ३ | २.९ | ८००० | २३२०० |
| | | **जम्मा** | | | | | **६४३६१५** |

**(विस्तृत विवरण बेरूजु दफा ६०.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६०.३ **निःशुल्क उपचार सहायताः** जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को

दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ । सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ । नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट १३०० जनाको लागि रु. २,९३,१७,५००।- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

| क्र. सं. | उपचारको किसिम | व्यक्ती संख्या | रु हजारमा | कैफियत |
|---|---|---|---|---|
| १ | क्यान्सर | ८१४ | १८४१७५०० | १.जेष्ठ देखि अस्विन सम्म ४०४ जना खर्च ९२९०००० |
| | | | | २. कार्तिक र मंसिर ४०६ जना ४०६७५०० |
| २ | डाइलाइसिस गराइरहेका | ३७४ | ८३३५००० | ३. पुष देखि असार सम्म |
| ३ | मृगाला प्रत्यारेपण गरेका | ६३ | १४४५००० | ४ ९० जना १५९६०००० |
| ४ | मेरूदण्ड पक्षघातका विरामी | ४९ | ११२०००० | |
| | जम्मा | १३०० | २९३१७५०० | जम्मा खर्च २९३१७५०० |

६०.४ **न्यानो झोला कार्यक्रम-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि पालिकाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले आ.व. २०७९।८० को बाँकी २३२ वटा न्यानो झोला जिम्मेवारी सारेको र यस आर्थिक वर्षमा न्यानो झोला खरिद गरेको देखिएन । पालिका अन्तर्गत रहेका १ वटा बर्थिङ्ग सेन्टर (धरान स्वास्थ्य चाकी) मा प्रसूती भएका ३२ जना सुत्केरी आमाहरुलाई ३२ वटा बितरण गरी पालिकामा २०० वटा न्यानो झोला बाँकी रहेको पालिकाबाट उपलब्ध तथ्याङ्कबाट देखिन्छ । बाँकी रहेको न्यानो झोला लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

६०.५ **खोपको अवस्थाः** पालिकालाई आवश्यक पर्ने खोपको डोज स्वास्थ्य कार्यालय, सुनसरीबाट प्राप्त हुने पालिकाले जनाएको छ । यस आ.व.मा पालिकालाई तल उल्लेखित ११ प्रकारका खोपको लागि ६९२१२ डोज प्राप्त भएकोमा ५७९४० डोज प्रयोग भएको, १०७८८ डोज फिर्ता गरेको र ४०९ डोज खोप खेर गएको पालिकाबाट उपलब्ध विवरणबाट देखिन्छ । प्राप्त डोजको पूर्ण उपयोग गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

| खोपको प्रकार | प्राप्त डोज | प्रयोग भएको डोज | फिर्ता भएको डोज | खेर गएको |
|---|---|---|---|---|
| B.C.G | ९८४० | ७९४० | १८०० | १०० |
| RDTA | ५१३१ | ३९०४ | १२०० | १० |
| O.P.V | ८४४० | ७४३० | १००० | ९० |
| F.I.P.V | ६०४० | ५१५० | ८५० | ४० |
| pcv | ८१८० | ७१६४ | १००० | १६ |
| DPT, Hep-B, Hib | ८४७० | ७४३० | १००० | ६० |
| M.R | ६५६० | ५७९० | ७५० | २० |
| J.E | ३५०० | २७९० | ७०० | १० |
| TCV | ३२४० | २६६५ | ५५० | २५ |
| TD | ४८१० | ४१९० | ६०० | २० |
| कोभीडको फाइजर खोप | ५००४ | ३४८७ | १३३८ | १८ |
| जम्मा | ६९२१२ | ५७९४० | १०७८८ | ४०९ |

## ६१ कृषि तथा पशु तर्फ देखिएका व्यहोराहरुः

कृषि तथा पशु तर्फ देखिएका व्यहोराहरु देहाय अनुसार छन्

६१.१ **कृषि पशु अनुदानः** कृषि क्षेत्रको रुपान्तरण,कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनीकरण गर्नु गराउनु पर्दछ ।

| क.स. | कार्यक्रम | अनुदानको प्रकार | ब्यहोरा | लाभान्वित संख्या | कुल लागात | पालिकाबाट भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| **संघीय तर्फको** | | | | | | |
| १ | च्याउ पकेट निरन्तरता | ७५ % | चिन्डेडाडा कृषि सामुदायिक होमस्टे धरान-२० | | १००००० | ७४५०० |
| २ | च्याउ पकेट निरन्तरता | ७५ % | ग्रिनट्रेडिङ्ग कृषि फर्म,धरान-२० | | १००००० | ७४५०० |
| ३ | तरकारी खेती प्रवर्द्धन | ५०% | तरकारी मल,बीउ विजन वितरण | | ७००००० | ३५०००० |
| ४ | तरकारी खेती प्रवर्द्धन | ८५ % | पूर्वाधार निर्माण | ४ वटा समूह | ८८२३५५ | ७५०००० |
| ५ | तरकारी खेती प्रवर्द्धन | ८५ % | पुजारी कुलो सिचाइ प्रणाली निर्माण,धरान-५ | | ३५२९४० | ३००००० |
| ६ | आ.व. २०७९/०८० मा स्थापना भएको बंगुर पकेट विकास कार्यक्रम निरन्तरता प्राप्त रु ७००००० | ७५ % | आ.व. २०७९/०८० मा बंगुर पकेट कार्यक्रममा सहभागी फर्महरुलाई बंगुर नश्ल सुधार (बंगुर पाठापाठी/ छतौरा छतौरी खरि) बंगुर दाना खरिदमा कुल खर्चको ७५ % रकम अनुदान दिईएको | ७ वटा | ८५६१९० | ६०८६७६ |
| ७ | हरियो घाँस विस्तार कार्यक्रम प्राप्त रु ८०१००० | ७५ % | हरियो घिँ विस्तार कार्यक्रम<br>हिँउदे र बर्षे घाँस विस्तार गरि दुई चरणमा गरिएको छ । कृषकको कुल लागत खर्चको ७५ % अनुदान रकम भुक्तानी गरिएको छ । | हिँउदे<br>सहभागी १० जना<br>बर्षे<br>८ जना | २०१२२९<br>१५६१८६ | १५०९२२<br>८४२८१ |
| ८ | धरान बधशालाको भौतिक संरचना विस्तार धरान-६ सुनसरी प्राप्त रु २०३७००० | ५० % | धरान बधशालाको भौतिक संरचना विस्तार गरिएको र कुल खर्चको ५० % रकम भुक्तानी गरिएको छ । | १ जना | २०३७००० | |
| प्रदेश तर्फको | | | | | | |
| १. | बंगुरपालन प्रबर्द्धन तथा पुर्न स्थापना कार्यक्रम प्राप्त रु ३०००००० | ७५ % | कार्यक्रम मागदर्शनमा उल्लेख भए अनुसार अफ्रिकन स्वाईनफिभर रोग वाट क्षति पुगेका फर्महरु छनौट गरि बंगुरका पाठापाठी/ छतौराछतौरी खरिद र दाना खरिदमा ७५ % रकम अनुदान दिईएको छ । | १३ वटा फर्म | | २३६५५५० |
| २. | बाबा विश्वकर्मा गौशाला गोठ सुधार वडा नं.८ | ७५ % | बाबा विश्वकर्मा गौशालामा गोठ सुधार भएको । | | | १४९४९६० |
| | जम्मा | | | | **५३८५९००** | **६२५३३८९** |

**(विस्तृत विवरण बेरूजु दफा ६१.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६१.२ **कार्यविधिमा भन्दा बढी अनुदानः** ३५५-०८१।३।५ प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८० को बुँदा नं.१० मा पशुपन्छी तथा मत्स्य विकास पूर्वाधार निर्माणको लागि सार्वजनिक निकायबाट सञ्चालन गरिने हकमा अधिकतम १०० प्रतिशत, कृषक समूह वा सहकारी वा उपभोक्ता समितिको हकमा अधिकतम ८५ प्रतिशत र निजी एवं व्यावसायिक प्रयोजनको हकमा अधिकतम ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिने व्यवस्था छ । पालिकाले देहायका बंगर कृषि फर्महरुलाई बंगुर पकेट विकास कार्यक्रमको निरन्तरताको लागि यस वर्ष ५० प्रतिशत अनुदानबापत अग्रिम कर कटाई रु. ४,१५,२५२।-भुक्तानी गर्नुपर्नेमा रु.५,९९,१८२।-भुक्तानी गरेको देखियो । कार्यविधिमा उल्लेखित शर्त बिपरित पालिकाले ७५ प्रतिशत अनुदान दिने निर्णय गरी कृषकहरुलाई अनुदान उपलब्ध गराउनु नियम बिपरित रहेकोले यसबाट सरकारलाई रु.१,८३,९३०/- बढी व्ययभार परेको देखियो । पालिकाले कार्यविधिमा भएको व्यवस्थाको पूर्ण पालना गर्नेतर्फ ध्यान दिनु पर्दछ । साथै बढी व्ययभार परेको रकम नियमित हुनुपर्दछ । रु.

| क्र.सं. | अनुदानपाउने फर्म | सम्झौतारकम | पेशभएको बिल | खुदभुक्तानी | भुक्तानीहुनुपर्ने रकम | बढीभुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | चाम्लिङकृषि पशुपन्छी फर्म(३०४३६४११६) | १२३२०० | १७१२६० | १२१३३० | ८३०६१ | ३८२६९ |
| २ | नमुनाइलामे बंगुर फार्म (६१९१३८०८८) | ३६९६० | ४८१६० | ३५१०७ | २३३५८ | ११७४९ |
| ३ | पेवावहुउदेश्यि कृषि फर्म (६१६९३५२५१) | १७२४८० | २३२५८० | १६९९५९ | ११२८०१ | ५७१५८ |
| ४ | (६१६३५८५४४) | ३६९६० | ५०९७० | ३६३०७ | २४७२० | ११५८७ |
| ५ | मचिन्द्रकृषि तथा पशुपन्छी फर्म (१०४०१५५३७) | ३०८०० | ४९६२० | ३०१६७ | २४०६६ | ६१०१ |
| ६ | सुच्चाकृषि फर्म (६०९३६४८६६) | ४३१२० | ७०४७० | ४२२२० | ३४१७८ | ८०४२ |
| ७ | सायाचोङ्गबहुउद्देश्य कृषि फर्म (११४५०२२३४) | १७२४८० | २३३१३० | १६४०९२ | ११३०६८ | ५१०२४ |
| | **जम्मा** | **६१६०००** | **८५६१९०** | **५९९१८२** | **४१५२५२** | **१८३९३०** |

**(विस्तृत विवरण बेरूजु दफा ६१.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| अनियमित भएको | १,८३,९३० |

६१.३ **बढी व्ययभारः** ३५५-०८१।३।५ प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८० को बुँदा नं.१० मा पशुपन्छी तथा मत्स्य विकास पूर्वाधार निर्माणको लागि सार्वजनिक निकायबाट सञ्चालन गरिने हकमा अधिकतम १०० प्रतिशत, कृषक समूह वा सहकारी वा उपभोक्ता समितिको हकमा अधिकतम ८५ प्रतिशत र निजी एवं व्यावसायिक प्रयोजनको हकमा अधिकतम ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिने व्यवस्था छ । पालिकाले देहायका कृषक तथा कृषि फर्महरुलाई हिउदे र वर्षे घाँस विस्तार कार्यक्रमको लागि बिल पेश गरेको आधारमा ५० प्रतिशत अनुदानबापत रु. १,५७,१४१।– भुक्तानी हुनुपर्नेमा अग्रिम कर कटाई रु. २,३०,१६२।-भुक्तानी भएको देखियो । कार्यविधिमा उल्लेखित शर्त बिपरित पालिकाले ७५ प्रतिशत अनुदान दिने निर्णय गरी कृषकहरुलाई अनुदान उपलब्ध गराउनु नियम बिपरित रहेकोले यसबाट सरकारलाई रु.७३,०२१।- बढी व्ययभार परेकोले सम्बन्धितबाट असुल गरी संघीय संचित कोष दाखिला हुनुपर्दछ । रु.

| क्र.सं. | भौ.नं./मिति | भुक्तानीपाउने | सम्झौता | बिलपेश | ५०प्रतिशतले भुक्तानी हुनुपर्ने रकम | भुक्तानीरकम | बढी निकासा |
|---|---|---|---|---|---|---|---|
| १ | ३२७-०८१।३।५ हिउँदे घाँस | चुडाकर्णजवेगु - कृ.अ. | ३९७१८ | ३९११८ | १९५५९ | २९७८९ | १०२३० |
| २ | | चाम्लिङकृषि पशुपन्छी फर्म (३०४३६४११६) | ७७६० | ७७६० | ३८८० | ५८२० | १९४० |
| ३ | | चाम्लिङ्गकृषि फर्म | ३६९२० | ३६९२० | १८४६० | २५३६७ | ६९०७ |
| ४ | | नेत्रबन्दु न्यौपाने | ५७०० | ५७०० | २८५० | ४२७५ | १४२५ |
| ५ | | पदमबहादुर अधिकारी | ९५८० | ९५८० | ४७९० | ७१७५ | २३८५ |
| ६ | | पानवारीकृषी फर्म (६०७२९७३८६) | ७७०० | ६२८५ | ३१४३ | ४७१४ | १५७२ |
| ७ | | पानावारीकृषि फर्म | ११०३० | ११०३० | ५५१५ | ८२७३ | २७५८ |
| ८ | | मातृभुमीएग्रीकल्चर एण्ड फार्मीङ प्रा. ली. (६०२४८६०७९) | ६४०८० | ६४०८० | ३२०४० | ४८०६० | १६०२० |
| ९ | | शिवशक्तिएण्ड पुण्य प्रसाद फेमिली कृर्षि फर्म | १८२१६ | १८१२६ | ९०६३ | १३६७२ | ४६०९ |
| १० | ५४९-०८१।३।२३ वर्षे घाँस | आयतकृर्षि फर्म | २०३०० | १६०२१ | ८०११ | ११८३६ | ३८२६ |
| ११ | | ताराअधिकारी | १८१८० | १९४०० | ९७०० | १३४३० | ३७३० |
| १२ | | नन्दपुजागाई फर्म | ३८७५० | १९७५७ | ९८७९ | १४५९५ | ४७१७ |
| १३ | | पानवारीकृषी फर्म (६०७२९७३८६) | ६०९० | ७००५ | ३५०३ | ४४९८ | ९९६ |
| १४ | | बिष्णुपादुका बंगुर कृषि फर्म (६१२८६७०४२) | ६८९० | ७५३५ | ३७६८ | ५०९२ | १३२५ |
| १५ | | राधाकृष्ण कृर्षि फर्म | ४०६०० | २००६० | १००३० | १४८१९ | ४७८९ |
| १६ | | शिवशक्तिएण्ड पुण्य प्रसाद फेमिली कृर्षि फर्म | २०३०० | २०३०० | १०१५० | १४९९७ | ४८४७ |
| १७ | | सुमनखनाल | ५०७६ | ५६०५ | २८०३ | ३,७५० | ९४८ |
| | | जम्मा | ३५६८९० | ३१४२८२ | १५७१४१ | २३०१६२ | ७३०२१ |

**(विस्तृत विवरण बेरूजु दफा ६१.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७३,०२४ |

६२ **सामाजिक सुरक्षाः**

सामाजिक सुरक्षा तर्फ देखिएका व्यहोराहरु देहाय बमोजिम छन्ः

६२.१ **खर्च भएको विवरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २२ उपदफा २ अनुसार अनुसूची-१० बमोजिमको ढाँचामा पालिका र बैक (सानिमा बैक, सिद्धार्थ बैक, सिटिजन्स बैक, एभरेष्ट बैक, ग्लोबल आइ एम इ, रा.बा. बैक धरान रा.बा. बैक पानवारी, नेपाल इन्भेष्टमेन्ट मेगा बैक, माछापुच्छ्रे बैक, लक्ष्मी सनराइज बैक१०वटा) बीच द्विपक्षीय मिति २०७९ साउनमा सम्झौता भई पालिकाभित्र रहेका २० वटै वडाहरुको सामाजिक सुरक्षा भत्ता बैंकबाट उपलब्ध गराउदै आएको छ । पालिकाले यस बर्ष सामाजिक सुरक्षा भत्ता विद्युतीय भुक्तानी प्रणाली (EFT) बाट बितरण गरेको छ । यस आर्थिक वर्षमा पालिकालाई रु.५७,४६,८३,०००।- बिनियोजन भएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालय, सुनसरीबाट लाभग्राहीहरुको खातामा रु. ५७,४१,८६,९९४।- निकासा

भएकोमध्ये मृत्यु भएका लाभग्राहीको खाताबाट विभिन्न मितिमा फिर्ता भई खुद रु.५७,३९,३९,२१४.६३ खर्च भएको विवरण पेश भएको छ । नगरपालिकाले यस वर्ष भत्ता वितरण गर्न निकासा दिएको विवरण देहायबमोजिम उल्लेखित छन्

| लाभग्राही विवरण | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौँथो त्रैमासिक | | जम्मा वितरण रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | संङ्ख्या | वितरण रकम | संङ्ख्या | वितरण रकम | वितरण संङ्ख्या | वितरण रकम | संङ्ख्या | वितरण रकम | |
| अन्य जेष्ठ नागरिक भत्ता | ८१०४ | ९५९२५८७६ | ८३६४ | ९९११५२१५ | ८५८३ | १०१७०८३०७ | ८७१६ | १०३९८४८३२ | ४००७३४२३० |
| जेष्ठ नागरिक भत्ता (दलित) | ६०३ | ४७१६१८० | ६१६ | ४८६२४८० | ६३१ | ४९४४९३८ | ६२८ | ४९५७७०८ | १९४८१३०६ |
| जेष्ठ नागरिक एकल महिला | १४५८ | ११५५७१६८ | १४६७ | ११६०६८२१ | १४४५ | ११४५४६९४ | १३८६ | ११०३१८६२ | ४५६५०५४५ |
| विधवा | २३५० | १८४७९०२० | २४३४ | १९२०२६२९ | २४९५ | १९६९८२७२ | २५२८ | २००४३१०० | ७७४२३०२१ |
| पूर्ण अपाङ्गता भत्ता | २०४ | २४२०४०३ | २०३ | २४१३९५० | २०२ | २४१७९४० | २०२ | २४१७९४० | ९६७०२३३ |
| अति अशक्त अपाङ्गता भत्ता | ६५६ | ४१०५९७६ | ६६३ | ४२०८२६४ | ६८५ | ४३१४६३० | ६८४ | ४३४३२४८ | १६९७२११८ |
| दलित बालबालिका | ६५५ | १००१८११ | ६८९ | १०५७४९४ | ७२४ | १०९१८१५ | ७१४ | ११०४४२१ | ४२५५५४१ |
| जम्मा | १४०३० | १३८२०६४३४ | १४४३६ | १४२४६६८५३ | १४७६५ | १४५६३०५९६ | १४८५८ | १४७८८३१११ | ५७४१८६९९४ |

**(विस्तृत विवरण बेरूजु दफा ६२.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६२.२ **एम.आई.एस विवरण :-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं. १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई. एस. लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । पालिकाबाट प्राप्त एम.आई.एस. मूल अभिलेखको परीक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । एम.आई.एस. मूल अभिलेखको परीक्षण गर्दा तेस्रो त्रैमासिकमा ७७९ जना र चौथो त्रैमासिकमा ७९६ जना लाभग्राहीको नागरिकता नं. एक अर्काबीच मिलान भएको, केही लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको समेत देखियो । एम.आई.एस. विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भई सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम.आई.एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ ।

६२.३ **तुलनात्मक विवरण:** यस उपमहानगरपालिकाबाट विगत वर्षहरुमा सामाजिक सुरक्षा भत्ता बापत आर्थिक वर्ष २०७८।७९ रु.४६,३७,९८,७००/- वितरण गरेकोमा आ.व.२०७९।८० मा रु.५३,६४,४६,५५७/- र यस वर्ष रु. ५७,४१,८६,९९४।- वितरण गरेको देखिन्छ । गत वर्षको तुलनामा यो वर्ष थप भएका ११०१ लाभग्राहीलाई रु.३,७७,४०,४३७/- वितरण गरेको छ । पालिकाबाट तीन आर्थिक वर्षमा लाभान्वित भएका सामाजिक सरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण देहायबमोजिम रहेको पाइयो ।(पालिकाले आर्थिक वर्षको अन्तिम किस्ताबापत भुक्तानी गरेको विवरणलाई आधार लिइ तुलना गरिएको)

| क्र. सं | लाभग्राही वर्ग | भत्ता दर | २०७८।७९ मा रहेको लाभग्राही संख्या | २०७९।८० मा रहेको लाभग्राही संख्या | २०८०।८१ मा रहेको लाभग्राही संख्या |
|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक भत्ता( ६८ वर्ष उमेर पुगेको ) | ४००० | ६३४८ | ७७२९ | ८७१६ |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | २६६० | ६५९ | ५९८ | ६२८ |
| ३ | जेष्ठ नागरिक एकल महिला | २६६० | १८५३ | १४९४ | १३८६ |
| ४ | विधवा | २६६० | २२९७ | २३४१ | २५२८ |
| ५ | पूर्ण अपाङ्गता भत्ता | ३९९० | २१२ | २१० | २०२ |
| ६ | अति अशक्त अपाङ्गता भत्ता | २१२८ | ६२४ | ६५७ | ६८४ |
| ७ | बालबालिका | ५३२ | ७४४ | ७२८ | ७१४ |
| | जम्मा | | १२७३७ | १३७५७ | १४८५८ |

६३ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस वर्ष २०८०/८१ मा पालिकालाई ७४ जना श्रमिकलाई रोजगार सृजना गर्न नेपाल सरकारबाट रु.२३,२२,०००।- र विश्व बैंकबाट रु.२६,७२,०००।- गरी जम्मा रु.४९,९४,०००।- प्राप्त भएको छ । पालिका अन्तर्गत रहेका २० वडा मध्ये ५ वटा वडाहरु (वडा नं. ४,५,६,१६,२०) मा ३३ वटा योजना सञ्चालन गरी यस वर्ष ५२१ जना सूचीकृत बेरोजगार श्रमिकहरुमध्ये ७४ जनालाई औसत ८६.४४ दिनले ६३९७ दिन रोजगारी उपलव्ध गराई प्रतिदिन रु.६६८/- का दरले रु.४२,७३,१९६/- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

६४ **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमः**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ अनुसार पालिकाले यस आ.व.२०८०।८१ मा २० जना नयाँ उद्यमी सृजना गर्न र १५ जना उद्यमीलाई स्तरोन्नती सम्बन्धी सीप विकास तालिम सञ्चालन गर्नको लागि रु.६,३५,०००/- बजेट व्यवस्थापन गरी २२ जना नयाँ लघु उद्यमीलाई १० दिने अचार बनाउने सीप विकास तालिम र बाख्रा पालन सीप विकास तालिम, स्तरोन्नती तर्फ १३ जनालाई ३० दिने सिलाई कटाई सीप विकास तालिम दिएको छ।सञ्चालित तालिमबाट लाभान्वित भएका उद्यमीहरुले आर्जन गरेका ज्ञान, सीप, अनुभव र प्रदान गरिएको प्रविधिबमोजिमको व्यवसाय तथा रोजगार प्राप्त गर्ने नगर्ने सम्बन्धमा कार्यक्रमको प्रभावकारिताको लेखाजोखा पालिकाबाट हुनुपर्ने देखिन्छ ।

| क्र.सं. | तालिमको नाम | वडा नं. | तालिम सञ्चालन दिन | लक्ष्य संख्या | तालिममा सहभागि संख्या | खर्च रकम |
|---|---|---|---|---|---|---|
| | नयाँ उद्यमी सिर्जना तर्फ | | | | | |
| १ | उद्यमशिलता विकास तालिम | ४ | ८दिन | २० | २२जना | ८५००० |
| २ | प्राविधिक सीप विकास बाख्रा पालन सीप विकास तालिम | ४ | १०दिन | | १३जना | १५६००० |
| ३ | प्राविधिक सीप विकास अचार बनाउने तालिम | ४ | १०दिन | | ९जना | १९०५७५ |
| जम्मा | | | | | २२जना | ४३५००० |
| | स्तरोन्नति तर्फ | | | | | |
| १ | सिलाई कटाई सीप विकास तालिम | १७ | ३० दिन | १५ | १३जना | २००००० |
| जम्मा | | | | | १३ जना | २००००० |

६५ **ट्याक कोट खपत:-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माण सम्बन्धी कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी नर्म्स भए त्यस्तो नर्म्स बमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत गराई स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेतको SECTION 1300 -BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१६ मा ट्याक कोट प्रति वर्ग मिटर औषत ०.४ देखि ०.६ सम्म हुने उल्लेख छ।पालिकाले देहाय सडक कालोपत्रे कार्यमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण बढीमा ०.६० लिटर प्रति बर्गमिटर भन्दा देहाय बमोजिम बढी हुने गरी लागत अनुमान तयार गरेको पाईयो । यसरी बढी लागत अनुमान तयार हुन गएको कारण योजना समापन हुँदा बढी देखियो । यसरी स्वीकृत नर्म्सको पालना नभएको कारण बढी भुक्तानी भएको रकम रु.४६४७४५ असुल हुनुपर्दछ । रु...

**(विस्तृत विवरण बेरूजु दफा ६५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| असुल गर्नुपर्ने | ४,६४,७४५ |
|---|---|

६६ **प्रिमिक्सको बढी खपत:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माण सम्बन्धी कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी नर्म्स भए त्यस्तो नर्म्स बमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत गराई स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ (संशोधन समेत) को क्रम संख्या १३०९ मा आस्फाल्ट कंक्रिटको मोटाई ३०-५० मि.मी. र क्रम संख्या १३१० र १३११ मा प्रिमिक्स कंक्रिटको मोटाई २० मि.मी. हुनुपर्ने उल्लेख छ । पालिकाले स्पेशिफिकेसनमा Premix Concrete का लागि तोकिएको भन्दा बढी मोटाई राखी Premix Concrete गरेको पाईयो। पालिकाले निर्माण गर्ने सडकको प्रकृति र अन्य संघीय तथा प्रादेशिक कार्यालय र पालिकाले सोही प्रकृतिको सार्वजनिक निर्माण कार्यका लागि ४० मि.मी. राखेको असल अभ्यासका आधारमा सो योजनाका लागि समेत ४० मि.मी. सम्म राख्नु पर्नेमा सोभन्दा बढी राखेर भुक्तानी गरेको पाईयो । यसरी स्वीकृत नर्म्सको पालना नभएको कारण बढी भुक्तानी हुन गएको रकम उपभोक्ता समितिको अंश कट्टी गर्दा हुन आउने रु.१५४८५३४ असुल हुनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ६६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| असुल गर्नुपर्ने | १५,४८,५३४ |
|---|---|

६७ **स्वीकृत नर्म्स:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माण सम्बन्धी कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी नर्म्स भए त्यस्तो नर्म्स बमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत गराई स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा सिमेन्ट, फलामे डण्डी, इंटा, माटो, बालुवा, क्रकंट पाता, पोलिथिन पाईप,

जि.आई.तार लगायतका निर्माण सामग्रीको दरभाऊ, मेशिन र उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसारको योजनामा कार्यालयबाट स्वीकृत दररेटको प्रयोग नगरी अन्य दररेट प्रयोग गरेको कारण बढी भुक्तानी भएको रकम रु. १०३३३८५/- असुल हुनुपर्दछ । रु..

**(विस्तृत विवरण बेरूजु दफा ६७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,३३,३८५ |

६८ **जिन्सी हस्तान्तरणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई, कुनै बस्तुगत सहायत वा कुनै प्रकारले प्राप्त हुन आएको सम्पती तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पती तथा जिन्सी खातामा सात दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाका देहायका वडा कार्यालयलेहरुले विभिन्न मातहत कार्यालयहरुका लागि विभिन्न किसिमका खप्ने मालसामानहरु जिन्सी मालसामानहरु खर्च जनाईकोमा उक्त कार्यालयहरुमा दाखिला भएको प्रमाण लेखापरीक्षण अवधिमा पेश भएन । वडा कार्यालयहरुबाट खर्च जनाईएका मालसमानहरु फिर्त गरी सम्बन्धित वडाको जिन्सी खातामा जिन्सी आम्दानी भएको प्रमाण पेश हुनुपर्दछ ।रु.

| **क्र.स.** | **मालसामानहरुको विवरण** | **मालसामान पहिचान नं.** | वडा कार्यालय | **संख्या** | **खरिद मूल्य (मू.अ.कर सहित) रु.** | **खर्च जनाईएको मिति** | **सामान गएको कार्यालयको नाम** |
|---|---|---|---|---|---|---|---|
| १ | डेस्कटप कम्प्युटर | Desktop I3,12gen,8gb ram,256gb SSD 18.5" Monitor | २ | १ | ७६२७५ | ०८०।९।३ | वडा प्रहरी कार्यालय २ नं. वडा धरान सुनसरी |
| २ | डेस्कटप कम्प्युटर | Dell desktop 4gb ram 256 gb ssd with 18.5 "monitor and mouse keyboard set | २ | १ | ७५१४५ | ०८०।१०।२१ | श्री नन्दपुर खानेपानी तथा सरसफाई उपभोक्ता समिति |
| | | | | | | | |

( ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१७** को निर्णयले रू **९९,८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५१,४२० |

६९ **खप्ने जिन्सी सामानः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई, कुनै बस्तुगत सहायत वा कुनै प्रकारले प्राप्त हुन आएको सम्पती तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पती तथा जिन्सी खातामा सात दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । देहायका वडाहरुले खप्ने सामग्रीहरु खर्च भएर नजाने जिन्सी खातामा आम्दानी बाँधी राख्नु पर्नेमा खर्च भएर जाने जिन्सी खातामा आम्दानी बाँधेको देखियो । खर्च भएर नजाने मलेपफा नं.४०८ मा आम्दानी जनाएको प्रमाण पेश हुनुपर्दछ ।

| क्र.सं. | वडा नं. | भौनं./मिति | सामानको नाम | खरिद गरिनुको प्रयोजन | परिमाण | मुअक सहित जम्मा मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १० | १०७-०८१।३।१७ | Led Display Bord | डिजिटल डिस्प्ले वोर्ड | १ | ४४८५० | ४०७ मा भएको |

( ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **४७६,००४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१७** को निर्णयले रू **१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१७** को निर्णयले रू **१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१७** को निर्णयले रू **५०,२८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१७** को निर्णयले रू **३६,३८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१७** को निर्णयले रू **५२,२०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१७** को निर्णयले रू **२२१,४८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१७** को निर्णयले रू **६१,६९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१७** को निर्णयले रू **८०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२४** को निर्णयले रू **२९,९४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१७** को निर्णयले रू **२७,६८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१७** को निर्णयले रू **८,१३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४४,८५० |

७० **दाखिला प्रमाणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई, कुनै बस्तुगत सहायत वा कुनै प्रकारले प्राप्त हुन आएको सम्पती तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पती तथा जिन्सी खातामा सात दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गरी राख्नुपर्ने कानुनी व्यवस्था रहेको छ । कार्यालयबाट खरिद भएका विभिन्न किसिमका मेशिनरी ईक्युपमेन्टहरु कार्यालयको खप्ने जिन्सी खाता (म.ले.प. फा.नं.-४०८) मा आम्दानी जनाएको नपाईएको हुँदा दाखिला भएको प्रमाण पेश हुनुपर्दछ ।

| क्र.स. | ब.उ.शि.नं. | गो.भौ./ मिति | आपूर्तीकर्ताको नाम | बिजक नं./ मिति | मालसामानहरुको विवरण | संख्या | खरिद मूल्य (मू.अ.कर सहित) रु. | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | पालिका पूँजिगत | ११। ०८०। ८।२६ | A&D International Wenghing System Trading, Dharan | २०४। ०८०।८। २४ | सि.सी. टि.भी. क्यामेरा | १ | १७३९७० | १७३९७० |
| २. | पालिका पूँजिगत | ११। ०८०। ८।२६ | Noble Technology Systems Pvt.Ltd., Birtamode | ७७। ०८०।७। १४ | DH-IPC-HFW2831-ZS-S2 (8 MP Camera) | ५ | ४३००० | २१५००० |
| | | | | | DH-PFS3106 UET-60 (4 PORT SFP SWITCH) | ४ | ९५०० | ३८००० |
| | | | | | OTHER | - | ४५३०० | ४५३०० |
| ३. | पालिका पूँजिगत | ७। ०८०। ६।१४ | उमा ईन्टरप्राईजेज, ईमाडोल | ००२। ०८०।४। १५ | Power Spray Fogger Machine | १ | ७०००० | ७०००० |
| ४. | पालिका पूँजिगत | १६। ०८०। ८।२९ | D. ARBA Industries, Dharan | १०१। ०८०।८। २० | बिजुली पोल | ८ | १२४७७।६० | ९९८२० |
| ५. | पालिका पूँजिगत | १३। ०८०। ८।२६ | D. ARBA Industries,Dharan | १०२। ०८०।८। २० | ५० वाट स्ट्रिट लाईट स्टेण्ड सहित | ३१ | ६४३५ | १९९४८० |
| | | | | | | | **जम्मा** | **८४१५७०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,४१,५७० |

७१ **खप्ने सामान हस्तान्त्रण/खर्च:-**

आर्थिक कार्यबिधि तथा बितिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्त्रण भई, कुनै बस्तुगत सहायत वा कुनै प्रकारले प्राप्त हुन आएको सम्पती तथा जिन्सी मालसामानको बिवरण र मूल्य समेत खुलाई सम्पती तथा जिन्सी खातामा सात दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गरी राख्नुपर्ने कानुनी ब्यबस्था रहेको छ।डिभिजनले खप्ने मालसामानहरु जिन्सी मालसामानहरु खर्च जनाईकोमा उक्त सामानहरु कुन कारण तथा प्रयोजनमा खर्च जनाईएaको हो पेश भएन । पालिकाले खर्च जनाईएका निम्नानुसारका मालसमानहरु कार्यालयको जिन्सीमा पुन आम्दानी जनाएको प्रमाण पेश हुनु पर्दछ ।

| क्र.स. | मालसामानहरुको बिवरण | मालसामान पहिचान नं. | ब्राण्ड | दाखिला मिति | संख्या | खरिद मूल्य (मू.अ.कर सहित) रु. | सामान खर्चको प्रयोजन |
|---|---|---|---|---|---|---|---|
| १ | LAPTOP HP P hp Pavilion I5 | ६१६११०१७७८२ | HP | ०३/२४/२०८१ | १ | ११७५२० | नखुल्ने |
| २ | Dell I5 | ६१६११०११४६ | DELL | बिभिन्न | ५ | ४८०२५ | नखुल्ने |
| ३ | Brother Colour MFC 3750 CDW printer | ६१६११०१०५१ | BROTHER | ०३/१६/२०८१ | १ | १४२९४५ | नखुल्ने |
| | | | | | जम्मा | ३०८४९० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,०८,४९० |

७२ **जिन्सी दाखिला हुनु पर्नेः**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१७** को निर्णयले रू **१४०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७३ **वडा कार्यालय वडा नं. २ तर्फः**

७३.१ ( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **२१,२५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

**(विस्तृत विवरण बेरूजु दफा ७३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७३.२ ( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **३०,४५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७३.३ ( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२४** को निर्णयले रू **२९७,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **९४,९२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **१०३,९६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **८१,३६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-८** को निर्णयले रू **२८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७४ **वडा कार्यालय वडा नं. ८ तर्फः**

७४.१ **संस्थालाई अनुदान (वडा नं.-८)** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ मा बितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दिर्घकालीन पूँजि निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित सहकारी लगायत निजी स्वामित्वका संस्थाहरुलाई अनुदान दिन तथा अन्य कार्यका लागि रकम खर्च गर्न मिल्दैन । कार्यालयले निम्न शैक्षिक प्रतिष्ठानलाई अनुदान उपलब्ध गराएको पाईयो।यसरी छुट्टै कानुन तथा बजेट व्यवस्थापन भएका निजी संस्थाहरुलाई भुत्तानी दिनु नियमसम्मत देखिएन । यसरी भुक्तानी भएको रकम नियमित हुनु पर्दछ ।रु.

| सि.. नं . | ब. उ . शि . नं . | गो. भौ . /मिति | संस्थाको नाम | खर्च/अनुदानको प्रकार | खर्च/अनुदान रकम |
|---|---|---|---|---|---|
| १ | पालिका पूँजिगत | ४२।०८१।३। २४ | हिमाली सामुदायिक वन उपभोक्ता समुह | सामुदायिक बन भित्र बिबिध सार्वजनिक निर्माण | ५०००० |

| अनियमित भएको | ५०,००० |
|---|---|

७४.२ ( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१७** को निर्णयले रू **९४,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१७** को निर्णयले रू **१३६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१७** को निर्णयले रू **८८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१७** को निर्णयले रू **५८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

**(विस्तृत विवरण बेरूजु दफा ७४.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| प्रमाण पेश नगरेको | ० |
|---|---|

७५ **हिरासत भवन निर्माण (वडा नं.१२)** (४-२०८०-६-२६):

पालिका अन्तर्गत वडा नं. १८ मा निर्माणाधिन हिरासत भवनको सिडीमा ग्रिनाईट लगाउने कार्यका लागि रु.४,९८,१५३ (कन्टिजेन्सी सहित) मा गर्न पालिका र इलाका प्रहरी कार्यालय हिरासत भवन निर्माण समितिबीच मिति २०८०।३।१५ मा कार्य सम्पन्न गर्ने गरी मिति २०८०।२।२४ मा सम्झौता भएको देखियो । सम्झौता बमोजिम उक्त खर्च रकम वडा नं.३, र ७ बाट प्रति वडा रु.५० हजारका दरले र वडा नं. ८,१२ र १५ बाट प्रति वडा रु. १ लाखका दरले र बाँकी रु.९८,२२०।-उपभोक्ता समितिले व्यहोर्ने उल्लेख छ । यस वर्ष वडा नं. १२ ले वडा अन्तर्गत निर्माणाधिन रहेका उक्त हिरासत भवन निर्माणको लागि भुक्तानी बाँकीको विवरण मलेपफा नं.२२१ प्रमाणित नगरी रु.९७,८४३।– भुक्तानी दिएको छ । छुट्टै निकायबाट बजेट विनियोजन भई निर्माण हुने हिरासत भवन निर्माणका लागि पालिका अन्तर्गतका वडाहरुबाट उपभोक्ता समितिलाई रु.४,००,०००।- भुक्तानी दिनु नियमसम्मत देखिएन । यसरी हुने सार्वजनिक खर्चबाट काममा दोहोरोपना हुन सक्ने र बजेट हिनामिना समेत हुन सक्ने हुँदा यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ साथै उक्त हिरासत भवन निर्माण गर्नुपूर्व गृह मन्त्रालयको पूर्व स्विकृती लिएको समेत पाईएन । यसरी भुक्तानी दिन नमिल्ने रकम भुक्तानी दिनुको कारण र भवन निर्माण हुँदा खर्चमा दोहोरो नभएको पुष्ट्याई खुल्ने प्रमाण सहित नियमित हुनुपर्दछ ।

| अनियमित भएको | ४,००,००० |
|---|---|

७६ **कृषि उपकरण खरिदमा मू अ कर (वडा नं.-१४)**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१७** को निर्णयले रू **४,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

७७ **वडा कार्यालय वडा नं. १८**

वडा कार्यालय वडा नं. १८ तर्फ देखिएका मुख्य मुख्य व्यहोराहरु

७७.१

**दररेट फरक पारेको:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माणसम्बन्धी कार्यको लागत अनुमान तयार गर्दा निर्माणसम्बन्धी नर्म्स भए त्यस्तो नर्म्सबमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत गराई स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले निर्मण सामग्री लगायत अन्य सामग्रीको मूल्य निर्धारण गर्दा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसार सार्वजनिक निर्माण/खरिद गर्दा पालिकाबाट स्वीकृत पालिका दररेटको पालना गरेको पाईएन । पालिबाट निम्नानुसार स्वीकृत भएको पालिका/जिल्ला दररेट भन्दा बढी दररेट राखी भुक्तानी भएको पाईयो । जसबाट पालिकालाई बढी ब्ययभार परेको पाईयो ।यसरी बढी भुक्तानी भएको रकम रु. ९०,२४७।- असुल हुनुपर्दछ ।

| सि.नं. | ब.उ.शि.नं. | गो.भौ./ मिति | आपूर्तिकर्ता/ उपभोक्ता समितिको नाम | मालसामानको नाम/ आईटमवाईज कार्य | बिल नं./ मिति | परिमाण | भुक्तानी दर | स्वीकृत दर | बढी भुक्तानी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | पालिका पूँजिगत | ३२। ०८१। ३।२३ | पबित्र नर्सरी | आर.सि.सी. गमला | ७५६। ०८१। २।१७ | ९ | २१७८ | १७२५ | ४०७७ | पालिकाबाट स्वीकृत थप नगर दररेट ख(५) अनुसार गमला प्रतिथान १७२५।- स्वीकृत भएकोमा सोभन्दा बढी दररेट राखी भुक्तानी |
| | | | पबित्र नर्सरी | आर.सि.सी. गमला | ७५५। ०८१। २।१६ | ९ | २१७८ | १७२५ | ४०७७ | |
| | | | पबित्र नर्सरी | आर.सि.सी. गमला | ७५४। ०८१। २।१० | ५ | २१७८ | १७२५ | २२६५ | |
| २. | पालिका पूँजिगत | २१। ०८१। ३।१९ | नेपाल राष्ट्रिय संयुक्त निबृत कर्मचारी उ.स. | फर्माको कार्य | – | १४.८७ बर्ग मिटर | १७२१। ०६ | ७३५ | ११७३० (१४६६३ मा २०% उपभोक्ताको अंश कटाउँदा) | स्वीकृत दर बिष्लेशणको औषतभन्दा बढी दररेट राखी भुक्तानी |
| ३. | पालिका पूँजिगत | १०। ०८०। ११। २७ | किराँत राई यायोक्खा भवन निर्मण उ.स. | फर्माको कार्य | – | ११९.७० बर्ग मिटर | १४१४। २१ | ७३५ | ६८०९८ (८१३०१ मा १६.२४% उपभोक्ताको अंश कटाउँदा) | स्वीकृत दर बिष्लेशणको औषतभन्दा बढी दररेट राखी भुक्तानी |
| | | | | | | | | **जम्मा** | **९०२४७** | |

**(विस्तृत विवरण बेरूजु दफा ७७.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९०,२४७ |

७७.२ **वितरणमुखी खर्च** ः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा खरिद गरेको सामग्री एवं समिति र संघसस्थामार्फत गरेको खर्चबाट निम्नानुसारका सामग्री वितरण गरेको व्यहोरासहित खर्च लेखेको छ । कार्यविधि वेगर वितरणमुखी

कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ ।यसका केही उदाहरण निम्न तालिकामा उल्लेख गरिएको छ । पालिकाले यस्ता प्रकृतिका वितरणमुखी खर्चलाई नियन्त्रण गरी अन्य विकासात्मक कार्यमा लगानी बढाउनुपदर्छ ।

| वडा नं | भौ नं/ मिति | खर्च शीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | भुक्तानी पाउने | खर्च |
|---|---|---|---|---|---|
| १८ | ६७/१। १७ | युवा तथा खेलकुद | गोर्खा सिमिट्रेज ट्रस्टलाई गोर्खा ट्रेल ब्लेजर दौड प्रतियोगिता संचालन खर्चबापतको रकम भुक्तानी । | गोर्खा सिमेट्रीज ट्रस्ट नेपाल | ५०,००० |
| १८ | ९४/३। १३ | किरात राई यायोख्खा प्रा का स धरान १८ लाई विभिन्न सामग्रीहर हस्तानतरण व्यवस्थापन तथा कार्यक्रम सहयोग | किरात राई यायोक्खा धरान वडा कार्यसमितिलाई साकेला पर्वमा जेष्ठ १० देखी २७ सम्म विभिन्न कार्यक्रम संचालन खर्च रकम संलग्न सम्झौता विल प्रतिवेदन तथा वडा सदस्यको अनुगमन प्रतिवेदन समेतको आधारमा भुक्तानी । | किरात राई यायोक्खा वडा कार्यसमिति | १, ०० , ००० |
| | | | | | |

७७.३ **संस्थालाई अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ मा बितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दिर्घकालीन पूँजि निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । जसबाट नाफा कमाउने उद्वेश्यले स्थापित सहकारी लगायत निजी स्वामित्वका संस्थाहरुलाई अनुदान दिन तथा अन्य कार्यका लागि रकम खर्च गर्न मिल्दैन । पालिकाले निम्न शैक्षिक प्रतिष्ठानलाई अनुदान उपलब्ध गराएको पाईयो।यसरी छुट्टै कानुन तथा बजेट व्यवस्थापन भएका निजी संस्थाहरुलाई भुत्तानी दिनु नियमसम्मत देखिएन । यसरी भुक्तानी भएको रकम नियमित हुनु पर्दछ ।

| सि.. नं . | ब . उ . शि . नं . | गो. भौ . /मिति | संस्थाको नाम | खर्च/अनुदानको प्रकार | खर्च/अनुदान रकम |
|---|---|---|---|---|---|
| १ | पालिका पूँजिगत | २१।०८१।३।१९ | नेपाल राष्ट्रिय संयुक्त निबृत कर्मचारी संघ, धरान | भवन निर्माण अनुदान | ९६३४७ |
| २ | पालिका पूँजिगत | २०।०८१।३।७ | नेपाल पूर्ब प्रहरी संगठन, नगर कार्य समिति, धरान | भवन निर्माण अनुदान | ९४६५९ |
| | | | | जम्मा | १९१००६ |

| | |
|---|---|
| अनियमित भएको | १,९१,००६ |

७७.४ **अन्य कार्यालयको खर्चः** आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७७ को नियम ३९ बमोजिम सरकारी खर्च गर्दा बजेटको सिमा भित्र रही तोकिएको प्रकृया पुरा गरी तोकिएको प्रयोजनामा मात्र खर्च गर्नु पर्दछ । स्थानीय निकायका लागि बित्तिय सामान्यीकरण अनुदान बापत केन्द्र सरकारबाट प्राप्त रकम छुट्टै बजेट बिनियोजन हुने सरकारी कार्यालयका लागि खर्च गर्न मिल्ने देखिदैन । पालिकाले विभिन्न सरकारी कार्यालयको भवन निर्माण,मर्मत संभार, बस्तुगत अनुदान तथा अन्य चालु प्रकृतिका खर्चहरु बापत भुक्तानी दिने गरेको पाईयो । यसरी सार्वजनिक निर्माण,अनुदान, सहायता उपलब्ध गराउनु पर्ने अवस्था श्रृजना भएमा आफ्नो आन्तरिक श्रोतबाट प्राप्त रकमको उपभोग गर्नुपर्नेमा सो समेत गरेको पाईएन । यसरी हुने सार्वजनिक खर्चबाट काममा दोहोरोपना हुन सक्ने, बजेट तथा जिन्सी मालसामानको अनियमिता र हिनामिना समेत हुन सक्ने हुँदा यस्ता खर्चमा नियन्त्रण हुनु पर्दछ । यस्तो खर्च नियम सम्मत नभएको रु.

| सि.नं. | ब. उ . शि . नं . | गो. भौ./मिति | आपुर्तिकर्ता फर्मको नाम | भुक्तानी पाउने कार्यालय/संस्थाको नाम | प्रयोजन/कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | नगरपालिका पूँजिगत | ७।०८०।९।३ | हिमालय सर्भिस स्टेशन, धरान | ईलाका प्रहरी कार्यालय, धरान | ईन्धन खरिद | ९९९२३ |
| २ | नगरपालिका पूँजिगत | ४।०८०।७। १९ | श्री गणेश अटो वर्कस | ईलाका प्रहरी कार्यालय, धरान | गाडी मर्मत | ९९९८८ |
| | | | | | जम्मा | १९९९११ |

| अनियमित भएको | १,९९,९११ |
|---|---|

७७.५ **अप्रासङ्गिक खर्च** १०/२०८०।६।१६ विविध खर्च क्रमागत अन्तर्गत यस वडाले नेको मेडिकल हल (३०२२०४१५१) बाट रु. ५७,०८१ मुल्यको फेस मास्क, ग्लोब्स तथा सेनिटाइजर खरिद गरि विभिन्न ५ वटा टोल विकास संस्थाहरुलाई वितरण गरेको छ। कोभिड महामारी समेत अन्त्य भैसकेको अवस्थामा खर्चको भुक्तानी बाँकी राखी यसरी असान्दर्भिक शीर्षकमा खर्च गरिनु नियम संगत देखिन्दैन । वडा कार्यालयमा खर्चको अभाव भएको अवस्थामा मितव्ययी तवरले खर्च गरी खर्चमा कटौती गर्दै स्रोत साधनको उचित सदुपयोग गर्नुपर्नेमा यसरी असान्दर्भिक एवं अनिवार्य दायित्व नभएको क्षेत्रमा भुक्तानी बाँकी राखी खर्च गरिनु नितान्त औचित्य हिन देखिन्छ।वडाको लागि विनियोजित बजेटबाट रकम खर्च गर्दा वडा समितिको निर्यण बमोजिम गर्नुपर्नेमा सो समेत नगरी तपशीलमा उल्लेखित टोल विकास संस्थाहरुलाई वितरण गरिएको यस्तो सामग्रीको खर्च बापत भएको भुक्तानी रु. ५७,०८१ अनियमित देखिएकोले नियमित हुनुपर्ने रु.

| क्र.सं. | नाम थर / पद | सामग्री |
|---|---|---|
| १ | मोहित राई देविथान TLO अध्यक्ष | माक्स १५ प्याकेट, ग्लोब्स १५ प्याकेट, सेनिटाइजर १ लिटर |
| २ | बृष बहादुर राई बुद्धचोक TLO अध्यक्ष | माक्स १५ प्याकेट, ग्लोब्स १५ प्याकेट, सेनिटाइजर २ लिटर |
| ३ | मेन कुमार श्रेष्ठ TLO अध्यक्ष | माक्स १५ प्याकेट, ग्लोब्स १५ प्याकेट, सेनिटाइजर २ लिटर |
| ४ | अमित तामाङ्ग TLO अध्यक्ष | माक्स १५ प्याकेट, ग्लोब्स १५ प्याकेट, सेनिटाइजर २ लिटर |
| ५ | ज्योति राई TLO अध्यक्ष | माक्स १५ प्याकेट, ग्लोब्स १५ प्याकेट, सेनिटाइजर २ लिटर |
| ६ | कविता राई TLO अध्यक्ष | माक्स १५ प्याकेट, ग्लोब्स १५ प्याकेट, सेनिटाइजर १ लिटर |

| अनियमित भएको | ५७,०८१ |
|---|---|

७८ **वडा कार्यालय वडा नं. १९ तर्फः**

७८.१ **विद्यालयलाई फर्निचरः** ५७-०८०।१०।११ वडा नं. १९ ले किराँतेश्वर मा.वि. धरान १९ लाई +२ संचालनार्थ २५ थान कुर्सि रु.१,४५,०००।- खरिद गरी हस्तान्तरण गरेको छ । हस्तान्तरित कुर्सीको विद्यालयले जिन्सी आम्दानी बाँधेको प्रमाण पेश नभएकोले उक्त प्रमाण पेश हुनुपर्दछ ।

| प्रमाण पेश नगरेको | १,४५,००० |
|---|---|

७८.२ **सामुदायिक वनमा तार जाली (वडा नं.१९)** ११-०८०।१०।१२ स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ मा बितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानिय पूर्वाधार बिकास तथा दिर्घकालीन पूँजि निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । वडा नं. १९ ले हरियाली समुदायिक वन उपभोक्ता समूहबाट तार जाली लगाएको भनी खुद कार्य गरे बराबरको रकम रु.९६,०३५। भुक्तानी गरेको छ । यसरी नाफा कमाउने उद्देश्यले स्थापित निजी स्वामित्वका सामुदायीक वनलाई अनुदान दिन

तथा अन्य कार्यका लागि रकम खर्च गर्न मिल्दैन । निजी रुपमा बन बिकास तथा सोको उपयोगबाट प्राप्त गर्ने आयमा बन उपभोक्ता संस्थाको एकाधिकार कायम हुने, संघिय सरकार/प्रदेश सरकार/स्थानिय सरकारलाई आम्दानीको कुनै अंश प्राप्त भएको देखिदैन । यसरी छुट्टै कानुन तथा बजेट ब्यबस्थापन भएका निजी संस्थाहरुलाई भुक्तानी दिनु नियमसम्मत देखिएन । यसरी भुक्तानी भएको रकम नियमित हुनु पर्दछ ।

| असुल गर्नुपर्ने | ९६,०३५ |
|---|---|

७८.३ **जिआई तारः** हरियाली समुदायिक वन उपभोक्ता समूहबाट जिआई तार जाली लगाउने कार्यको लागि प्रति वर्ग फिट रु.२५ का दरले २६०० वर्ग फिट जिआई तार रु.६४,९८८।- मा खरिद गरेको देखिएकोमा नापी किताब र सम्पन्न प्रतिवेदनमा २०६१.२ वर्ग फिट मात्र प्रयोग भएको देखियो । प्रयोगमा नआएको ५३८.८ वर्ग फिट जिआई तार बापत भुक्तानी भएको रकम रु.१३,४७०।– सम्बन्धमा अन्य योजनामा प्रयोग भएको नापी किताब पेश हुनुपर्दछ अन्यथा असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

| प्रमाण पेश नगरेको | १३,४७० |
|---|---|

७९ **वडा कार्यालय वडा नं. २०**

**दररेट फरक पारेकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माणसम्बन्धी कार्यको लागत अनुमान तयार गर्दा निर्माणसम्बन्धी नर्म्स भए त्यस्तो नर्म्सबमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत गराई स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले निर्मण सामग्री लगायत अन्य सामग्रीको मूल्य निर्धारण गर्दा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसार सार्वजनिक निर्माण/खरिद गर्दा पालिकाबाट स्वीकृत पालिका दररेटको पालना गरेको पाईएन । पालिबाट निम्नानुसार स्वीकृत भएको पालिका/जिल्ला दररेट भन्दा बढी दररेट राखी भुक्तानी भएको पाईयो । जसबाट पालिकालाई बढी ब्ययभार परेको पाईयो ।यसरी बढी भुक्तानी भएको रकम रु. ५३,९३६।- असुल हुनुपर्दछ ।

| **सि.नं.** | **ब.उ.शि.नं.** | **गो.भौ./ मिति** | **आपूर्तिकर्ता/ उपभोक्ता समितिको नाम** | **मालसामानको नाम/ आईटमवाईज कार्य** | **खुद भएको कार्य परिमाण** | **भुक्तानी दर** | **स्वीकृत दर** | **बढी भुक्तानी रकम रु.** | **खुद बढी भुक्तानी (उ.स.को अंश २२ प्रतिशत घटाउँदा)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | पालिका पूँजिगत | ४२। ०८१। ३।२१ | कृषि भवन निर्माण उ.स. | कोल्याप्सेवल गेट ४ ईन्च ग्यापमा प्रति बर्ग मिटर ४० के.जी. | २६.०४ | ११०१७। ५० | ८३६२ | ६९१४९ | ५३९३६ | पालिकाबाट स्वीकृत थप नगर दररेट ख(५) अनुसार गमला प्रतिथान १७२५।- स्वीकृत भएकोमा सोभन्दा बढी दररेट राखी भुक्तानी |
| | | | | | | | | **जम्मा** | **५३९३६** | |

| असुल गर्नुपर्ने | ५३,९३६ |
|---|---|

८० **सि. सि. क्यामेराः**

पालिका र अन्तर्गतका वडा कार्यालयहरूले सि. सि. क्यामेरा व्यवस्थापनका लागि बजेट विनियोजन गरी देहायबमोजिम खर्च गरेको देखिन्छ । यसरी विनियोजित बजेटबाट सि.सि.क्यामेरा खरिद गर्दा हरेक वडाहरूमा खरिदको दररेट फरक रहेको, सि.सि.क्यामेरा जडान भएको यथेष्ट प्रमाण पेश नभएको, प्रभावकारी अनुगमन नभएको र अत्याधिक संख्यामा खरिद गरिएको देखिएको हुँदा खर्चमा

मितव्ययिता भएको देखिदैंन । आगामी दिनमा पालिकाले सडक बत्ती व्यवस्थापनका लागि सबै वडाहरूको लागि आवश्यक पर्ने सडक बत्तीको संख्या यकिन गरी पालिकाबाट नै बोलपत्रको माध्यमबाट खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| सि. नं | वडा | खर्च रकम |
|---|---|---|
| १ | वडा नं. १ | ४०००००० |
| २ | वडा नं. २ | २९७६०० |
| ३ | वडा नं. ३ | ५७२१३५ |
| ४ | वडा नं. ६ | ४९०००० |
| ५ | वडा नं. ७ | ३०३६६० |
| ६ | वडा नं. ९ | ३६८९२९ |
| ७ | वडा नं. ११ | २२५११५० |
| ८ | वडा नं. १२ | ७९७३५० |
| ९ | वडा नं. १३ | २१८०९८ |
| १० | वडा नं. १४ | ४३००० |
| ११ | वडा नं. १६ | २९८१४८ |
| १२ | वडा नं. १७ | ८३१५० |
| १३ | वडा नं. १९ | ७३००० |
| १४ | वडा नं. २० | १८५१८८ |
| | | ४३५५४०८ |

८१ **सडक बत्तीः**

पालिका र अन्तर्गतका वडा कार्यालयहरूले सडक बत्ती व्यवस्थापनका लागि बजेट विनियोजन गरी देहायबमोजिम खर्च गरेको देखिन्छ । यसरी विनियोजित बजेटबाट सडक बत्ती खरिद गर्दा हरेक वडाहरूमा खरिदको दररेट फरक रहेको, बत्ती जडान भएको यथेष्ट प्रमाण पेश नभएको, प्रभावकारी अनुगमन नभएको र अत्याधिक संख्यामा खरिद गरिएको देखिएको हुँदा खर्चमा मितव्ययिता भएको देखिदैंन । आगामी दिनमा पालिकाले सडक बत्ती व्यवस्थापनका लागि सबै वडाहरूको लागि आवश्यक पर्ने सडक बत्तीको संख्या यकिन गरी पालिकाबाट नै बोलपत्रको माध्यमबाट खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| सि. नं | वडा | विनियोजित वजेट | खर्च रकम |
|---|---|---|---|
| १ | वडा नं. १ | २००००० | २००००० |
| २ | वडा नं. २ | २००००० | २००००० |
| ३ | वडा नं. ३ | ३२०००० | ३१९९६० |
| ४ | वडा नं. ४ | ९०,०००.०० | ९००००. |
| ५ | वडा नं. ५ | २७५००० | २७५००० |
| ६ | वडा नं. ६ | ५, ०० , ०००.०० | ४०९०८३. |
| ७ | वडा नं. ७ | ७५,०००.०० | ७५०००. |
| ८ | वडा नं. ८ | ४, ०० , ०००.०० | २०३७२८. |
| ९ | वडा नं. ९ | ३, ०० , ०००.०० | २४३४०२. |
| १० | वडा नं. १० | ३५०००० | ३४७४४० |
| ११ | वडा नं. ११ | ८००००० | ७५१६२० |
| १२ | वडा नं. १२ | १५०००० | १४९९८५ |
| १३ | वडा नं. १३ | २, ३० , ०००.०० | २२९९१८. |
| १४ | वडा नं. १४ | २, ९८ , ९५०.०० | २९८९५०. |
| १५ | वडा नं. १५ | ५००००० | २७३८०१ |
| १६ | वडा नं. १६ | ३००००० | २८५४०४ |
| १७ | वडा नं. १७ | ११५०००० | ६६६१५९ |
| १८ | वडा नं. १८ | ३, ५० , ०००.०० | ३४९९८०. |
| १९ | वडा नं. १९ | ७, ०० , ०००.०० | ७००००० |
| २० | वडा नं. २० | १, ६० , ०००.०० | १५९७७०.९ |
|  | जम्मा |  | ६२२९२०१ |

८२ **वडागत करार कर्मचारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । मिति २०७९/३/२३ गतेको एघारौं नगरसभाले स्वीकृतगरेको संगठन तथा व्यवस्थापन सर्वेक्षणमा प्रस्ताव नगरेको पदहरु कार्यालय सहायक, सामाजिक परिचालक, कर संकलक जस्ता पदमा निम्नानुसार वडा कार्यालयहरुले करारमा कर्मचारी नियुक्तगरी रु. १,६३,३२,७५४/- तलब भत्ता खर्च लेखेको देखियो । स्वीकृत पदहरुमा नियमानुसार स्थायीपदपूर्ति गर्न प्रदेश लोकसेवा आयोगमा मागसमेत नपठाई स्वीकृत भन्दा फरक पद तथा संख्यामा कर्मचारी नियुक्त गरी तलब भत्ता भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| वडा कार्यालय | नियुक्ति संख्या | तलव भत्ता रु. |
|---|---|---|
| वडा नं. १ | ४ | ५५५०० |
| वडा नं. २ | ६ | ८७६००० |
| वडा नं. ३ | २ | ४६३४५० |
| वडा नं. ४ | ४ | ८६८८४८ |
| वडा नं. ५ | ५ | ११९४००० |
| वडा नं. ६ | ४ | ६१०००० |
| वडा नं. ७ | ४ | ८७५००० |
| वडा नं. ८ | ४ | ६०३१०० |
| वडा नं. ९ | ३ | ४८६८१० |
| वडा नं. १० | ६ | ८५४५०० |
| वडा नं. ११ | ४ | ९०२३०० |
| वडा नं. १२ | ५ | ८२०८०० |
| वडा नं. १३ | ३ | ६४८००० |
| वडा नं. १४ | ४ | ८०४००० |
| वडा नं. १५ | ८ | १८११४४६ |
| वडा नं. १६ | ४ | ८०२००० |
| वडा नं. १७ | ४ | ९७५००० |
| वडा नं. १८ | ६ | ११३४००० |
| वडा नं. १९ | ४ | १०६७००० |
| वडा नं. २० | ३ | ४८१००० |
| जम्मा | ८७ | १६३३२७५४ |

८३ **धरान खानेपानी:**

धरान उपमहानगरपालिका अन्तर्गत खानेपानी परियोजना सञ्चालन एवं व्यवस्थापन सम्बन्धमा धरान उपमहानगरपालिका र धरान खानेपानी व्यवस्थापन बोर्ड बीच मिति २०७४।२।१४ मा भएको सम्झौतामा परियोजना निर्माणको लागि नगर विकास कोष (ए.डी.बी.) सँग नगरपालिकाले लिने ३५ प्रतिशत ऋण रकमको साँवा ब्याज भुक्तानी गर्नका लागि बोर्डले उपमहानगरपालिका र उपमहानगरपालिकाले नगर विकास कोषलाई तिर्नु पर्ने साँवा तथा ब्याज भुक्तानीको सुनिश्चितताका लागि एक Escrow Account को व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । साथै धरान खानेपानी परियोजनाको लागि धरान उपमहानगरपालिकाबाट भएको १५ प्रतिशत लागत सहभागिता वापतको रकम बोर्डले किस्ता बन्दीमा नगरपालिकालाई प्रत्येक आर्थिक वर्षको मंसिर मसान्त तथा जेठ मसान्तगरि दुई किस्ताको दरले फिर्ता दिने समेत उल्लेख छ । उक्त आयोजना निर्माणको लागि नगर विकास समितिसँग लिएको ऋण रु.६२,१३,५३,१६६/६९ को २०९१ पौष सम्म साँवा र व्याज समेत रु. ८९,०६,०३,६५१/०५ भुक्तानी दिनुपर्ने ऋण फिर्ता भुक्तानी तालिकाबाट देखियो । यस वर्ष ऋणको साँवा रु.१,६४,५८,०८५।९१ भुक्तानी दिई साँवा रकम रु.५१,१७,९९,९२२।६५ बाँकि रहेको छ । उपरोक्त सम्झौता बमोजिम नगरपालिकाको लागत सहभागिता वापतको १५ प्रतिशत रकमको साथै उपमहानगरपालिकाले ऋण

वापत नगर विकास कोषलाई भुक्तानी दिईरहेको रकममध्ये कुनैपनि रकम खानेपानी व्यवस्थापन बोर्डलाई फिर्ता भुक्तानी दिएको देखिएन । संचालन भई सकेको खानेपानी आयोजनाले उपभोक्ताबाट संकलनगरेको रकमबाट आयोजना निर्माणमा भएको खर्च उपमहानगरलाई बुझाएको नदेखिएकोले उपमहानगर र खानेपानी व्यवस्थापन बोर्डबीच भएको सञ्चालन एवं व्यवस्थापन सम्बन्धमा भएको सम्झौता बमोजिम उपमहानगरलाई फिर्ता बुझाउनुपर्ने रकम माँगगरि स्थानीय संचितकोष दाखिला गर्नुपर्दछ ।

८४ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने व्यवस्था उल्लेख छ । पालिकाको आर्थिक वर्ष २०८०।८१ को सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएकोमा सोको प्रतिवेदन लेखापरीक्षण अवधिको अन्तमा प्राप्त भएको छ । अतः आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका देहायका व्यहोराहरु नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| ब उ शि न | भौ नं र मिति | विवरण | नियमित गर्नु पर्ने रकम रु |
|---|---|---|---|
| न. पा . चालु तर्फ | १२६७।२०८०/ ९ / २९ | अनलाइन मिडिया एसोसिएन नेपाललाई पत्रकारिता सम्बन्धी आधारभूत तालिम संचालन गरे वापत रु.५० , ०००।- भुक्तानी भएकोमा प्रशिक्षक(गोपाल देवान र निर्मला तामाङ) को योग्यताको प्रमाणपत्र भएको तालिम संचालन गरेको सेड्युल कार्य पत्र समावेश नभएको | ५०००० |
| न. पा . चालु तर्फ | २१६६।२०८१/ ३ / ५ | नेपाल आदिबासि जनजाति माहासघं नगर समन्वय परिसद धरानलाई मासुको अचार बनाउने तालिमको सम्झौता बमोजिम भुक्तानी गर्दा कम्पनि दर्ता, पान नं , नविकरण र फोटाहरु समेत नरहेकोले नियमित हुनु पर्ने रु | २००००० |
| न. पा . पुंजिगत तर्फ | ११९।२०८०/ ९ / २ | चन्चला देवि ट्रेडर्सलाई कार्यालयको ब्याकहो लोडरको लागी मर्मत सामग्री खरिद वापतको रकम भुक्तानीमा लागत स्टमेट नरहेको साथै मेकनिकल इन्जीनियरले चेकजाँच नगरेको देखिएको | ९९७७९ |
| प्रदेश सरकार चालु | ५४। २०८० / ३ / २४ | उमा सर्जिकल एण्ड सप्लार्यसलाई अपाङ्गता भएका ब्यक्तिहरुको लागी सहायता सामग्री खरीद गरी खर्च रकम भुक्तानी गरेकोमा गरीद गरिएका सामाग्रि एकमुष्ठ अनिशा राईले बुझेको तर अपाङ्गता भएका ब्यक्तिहरुले बुझिलिएको भर्पाई नरहेको । | ३८९९८० |
| संघीय चालु तर्फ | ४१५।२०८०।३। १४ | विज्ञान तथा प्रविधी शिक्षा सेवा कम्पनी प्रा.ली. लाई रेजगार प्रवर्द्ध कार्यक्रम अन्तर्गत आलु चिप्स बनाउने तालिम संचालन खर्चको भुक्तानीमा तालिममा सहभागीहरु को छनौटको आधार के कस्ता व्यक्ति छनौट गर्ने भन्ने आधार नदेखिएको, तालिम सम्वन्धि सुचना प्रकासन नभएको , प्रशिक्षक को योग्यताको प्रमाणपत्र नरहेको , उप प्रमुख स्तरीय अनुगमन भएको नदेखिएको साथै नगर प्रमुखबाट स्वीकृत भएको नदेखिएको | ६६००० |
| वार्ड नं.१ चालु तर्फ | १३।२०८०/ ६ / २१ | सुवास राई स्मृति सुपर एट प्रतियोगितामा वडा का खेलाडी हरु सहभागी गराए वापत खेलकुद सामग्री खरिद गरेकोमा खेलाडीहरुले खेलकुद सामग्री वुझिलिएको भपाई नरहेको। | ४०७५० |
| वार्ड नं.४ चालु | ३९।२०८०।९।१३ | गोर्खा बुक डिपो वाट खेलकुद सामग्री खरीद गरी भुक्तानी दिएको मा सामग्री कसलाई दिएको हो सो को भर्पाई नरहेको साथै वडागत निर्णय नरहेको । | ९९८५८ |
| वार्ड नं.५ पूजींगत | ३७।२०८१।२।१४ | धरान कम्प्यूटर गेमिङ्ग जोनलाई ठिंगावारी खानेपानी भवनका लागी कम्प्यूटर तथा प्रिन्टर खरीद गरी भुक्तानी भएकोमा सामग्री दिने सम्वन्धमा निर्णय तथा हस्तान्तरण गरेको कागजात नरहेको | ६६००० |
| वार्ड नं.७ पूंजीगत | ४।२०८०।११।८ | शुभश्री जेनेरललाई लिला सुब्बा श्रेष्ठ प्रतिष्ठानलाई 35 थान प्लाष्टिक कुर्सि खरीद गरी खर्च भुक्तानी दिएकोमा माग पत्र नभएको तथा हस्तान्तरण फाराममा बुझिलिनेको सही नभएको , वडाको निर्णय पनि नरहेको | ३४६०६ |
| वार्ड नं.८ चालु | ७७।२०८०।१२।६ | ल्याब्रटरि मा.बि. धरान ८ लाई माग बमोजिम खेलकुद सामाग्रि उपलब्ध गराएकोमा बुझिलिएको भरपाई नरहेको | १३९२० |
| वार्ड नं.११ पूँजिगत | १६।२०८१।१।३१ | जिग्वी कम्प्युटर्सलाई कोटेशन मार्फत सि सि क्यामरा खरीद गरी भुक्तानी भएकोमा प्रविधिक पुष्ट्याई तथा वडाको निर्णय नरहरेको | १८२७५० |
| वार्ड नं.१२ चालु तर्फ | १०८।२०८१।१। ३१ | अर्वा ईन्डस्ट्रिजलाई सडकवत्ति जडान तथा मर्मत खर्चको रकम भुक्तानी गर्दा लागत स्टमेट, वडागत निर्णय , प्रविधिक पुष्ट्याई तथा भुक्तानी सिफारीस पत्र नरहेको | ७१४५२ |
| वार्ड नं.१३ चालु | ४०।२०८०।९।८ | डेङ्गो रोग नियन्त्रण कार्यमा खटिने जनप्रतिनिधि र स्वास्थ्य कर्मीले खाएको खाजा बापतको रकम प्रतीक्षा खाजाघरलाई भुक्तानी भएकोमा कति दिन को को खटिएको उपस्थिति नरहेको | २८४५० |
| वार्ड नं.१३ पुंजिगत | ७।२०८०/ ६ / १६ | कोलिनीमार्ग खाने पानी टंयाकी निर्माण उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी दिएकोमा डोर हाजीरी फारममा पारीश्रमिक बुझिलिनेको हस्ताक्षर नरहेको | १४९६६७ |

| | | | |
|---|---|---|---|
| वार्ड नं.१४ पूँजिगत | ९।२०८०/ ६ / १४ | आइडियल वोर्डीङ्ग स्कुललाई खानेपानी फिल्टर उपलब्ध गराए वापत होम प्लानलाई भुक्तानी दिएकोमा स्कुलले सामग्री बुझीलिएको भर्पाइ नरहेको | ५०००० |
| वार्ड नं.१५ चालु | ३८।२०८०/ ८ / १२ | युनाईटड डान्स एकेडेकमि लाई अन्तर विद्यालय डान्स प्रतियोगिता संचालन गरे बापत भुक्तानीमा संस्थाको कर चुक्ता तथा दर्ता प्रमाणपत्र नरहेको | ५०००० |
| वार्ड नं.१६ पूंजीगत | ११।२०८०/ ९ / ३ | लक्ष्मि नारायण उपभोक्ता समितिलाई मन्दिर घेराबारा समितिको रकम भुक्तानीमा डोर हाजिरीको रकम रु.२, ३९ , ५७५। - भुक्तानीमा रकम बुझिलिनेको भर्पाई नरहेको । | ४००००० |
| वार्ड नं.१७ चालु | ४।२०८०/ ६ / १२ | तिज विशेष कार्यक्रमको लागि बविता कार्की (संयोजक) जलकन्या भजन किर्तन टोली मण्डली धरान-१७ लाई रु ५६ , ८७५।- भुक्तानी दिएकोमा मण्डली संग सम्झौता भएको कागजात नरहेको संस्थाको लेटर प्याट दर्ता प्रमाण पत्र सही छाप नरहेको। | ५६८७५ |
| वार्ड नं.१९ चालु | ८। २०८० / ५ / १७ | परम्परागत शीपकला प्रवद्धन समाज लाई दलित वालवालिका विद्यार्थीहरुका लागि शैक्षिक सामग्री वितरण गरीएकोमा वडागत निर्णय तथा टिप्पणी स्वीकृत भएको नदेखिएको विद्यार्थीहरु के कति संख्यामा कति कति सामग्री वितरण भएको सो को विवरण नरहेको। | ५०००० |
| वार्ड नं.२० पुंजिगत | २१। ०८० / १२ / २६ | जि. टेक. आईटि सोलुसनलाइ कार्यालयको ल्यापटप खरिद गर्दा बडागत निर्णय प्रबिधिक पुष्ट्याई नरहेको। | ८८४९९ |
| | | जम्मा | २१८८५८६ |

| | |
|---|---|
| अनियमित भएको | २१,८८,५८६ |

८५ **उपभोक्ता समिति:-**

सार्वजनिक खरिद नियमावली-२०६४ को नियम, ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधिको बारेमा उल्लेख छ।उपभोक्ता समितिबाट सार्वजनिक निर्माण कार्य गराउँदा फलामे डण्डी, सिमेन्ट, ईट्टा, कर्कटपाता रङ्ग, पाईप जस्ता मूल्य अभिबृद्धि कर लाग्ने निर्माण सामग्रीहरु खरिद गरी कर बिजक पेश गरेको अवस्थामा मात्र उपभोक्ताले तिरेको मूल्य अभिबृद्धि कर थप गरी भुक्तानी दिनुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले निम्न योजनामा उपभोक्ता समितिले पेश गरेको कर बिजकमा उल्लेखित परिमाण र रकमभन्दा बढी भुक्तानी दिएको पाईयो।यसरी उपभोक्ताबाट पेश गरेको कर बिजकमा उल्लेखित रकमभन्दा नापी किताब र कार्यसम्पन्न प्रतिवेदनमा बढी मुल्याङ्कन गरी भुक्तानी भएको रकम असुल गरी राजस्व दाखिला हुनु पर्दछ ।

| **सि.नं.** | **ब.उ.शि.नं.** | **गो.भौ./ मिति** | **योजनाको नाम** | **उपभोक्ता समितिको नाम** | **निर्माण सामग्री** | **इकाई** | **संख्या** | **भुक्तानी दर (मू.अ.कर सहित)** | **पेश भएको बिल अनुसार भुक्तानी हुनुपर्ने दर मू.अ.कर सहित) रु.** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | संघीय सरकार पूँजिगत | ४६। ०८१। ३।२३ | पटनाली धारा खोला झोलुङ्गे पुल निर्माण | पटनाली धारा खोला झोलुङ्गे पुल निर्माण उ.स. | सिमेन्ट | ब्याग | २०८.५६ | ९०४।०० | ६५५।४० | ५१८४८ |
| | | | | | फलामे डण्डी | के.जी. | १२६२.५५ | ११५।९६ | ९४।९२ | २६५६४ |
| | | | | | Bore Piling Work by DHL Six Pilling Work | मिटर | ९० | १०५५४। ८९ | ८४१८।५० | १९२५४५ |
| २. | संघीय सरकार पूँजिगत | ३०। ०८१। ३।९ | चेपेखोला झोलुङ्गे पुल निर्माण | चेपेखोला झोलुङ्गे पुल निर्माण उ.स. | सिमेन्ट | ब्याग | २८५ | ९०४।०० | ६२१।५० | ८०५१३ |
| | | | | | | | | | **जम्मा** | **३५१४७०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,५१,४७० |

८६ **पालिकाको काम उपभोक्ता समितिमार्फत गराएकोः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। पालिकाले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहाय अनुसार रु. ३८,०१,८४२।- खर्च गरेको छ।उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा पालिकाले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत सरकारी भवनहरु निर्माण तथा मर्मत कार्य गराउनु अनियमित देखिएको रु.

| सि.नं. | ब.उ.शि.नं. | गो. भौ./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | खुद भएको काम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १. | पालिका पूँजिगत | ३७६।०८१।३।२१ | आयुर्बेद भवन निर्माण उपभोक्ता समिति | आयुर्बेद भवन निर्माण | १४६७४८६ | १२०२००० |
| २. | पालिका पूँजिगत | ९७९।०८०।८।१२<br>१८४८।०८०।१२।८<br>२४०।२०८०।१२।८ | माया धराने साबुन फ्याक्ट्री निर्माण उपभोक्ता समिति | साबुन फ्याक्ट्री स्थापना | ३२८२४९३ | २५९९८४२ |
| | | | | | **जम्मा** | **३८०१८४२** |
| | | | | | अनियमित भएको | ३८,०१,८४२ |

८७ **प्राकृतिक स्रोतको रोयल्टी (वडा कार्यालय तर्फ)**

कोशी प्रदेश आर्थिक ऐन-२०८० को दफा ७(१), अनुसुचि-५ बमोजिम पालिकाले प्रदेश सरकारले तोकेको ढुङ्गा, गिट्टीको लागि रु.७ प्रति घन फिट र बालुवा लगायतका निर्माण सामग्रीमा रु.६ प्रति घन फिटको का दरले रोयल्टी असुल गर्नु पर्नेमा गरेको पाइएन । पालिकाले ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट लागयतका स्थानीय निर्माण सामग्रीहरुको रोयल्टी संकलनका लागि ठेक्का समेत लगाएको छैन । विभिन्न योजनाहरुमा स्थानीय खोलानाला र खानीहरुबाट संकलन गरिएको निर्माण सामग्री प्रयोग गरेको पाईएको हुँदा सो बापतको रोयल्टी रकम गणना गरी असुल गर्नु पर्नेमा गरेको पाइएन । पालिकाबाट निम्नानुसारका विभिन्न योजनामा प्रयोग भएको निर्माण सामग्री बापतको रोयल्टी रकम एकिन गरी सम्बन्धित उपभोक्ता समितिहरुबाट रु.८,०७,७५६।-असुल गर्नु पर्दछ ।

| नं. | ब.उ.शि.नं. | गो.भौ./ मिति | योजनाको नाम | प्रयोग निर्माण सामग्री(घन फिटमा) | | | | कुल परिमाण | प्रति घन फिट दर (मू.अ.कर सहित) | असुल गर्नु पर्ने जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ढुङ्गा | गिट्टी | बालुवा | ग्राभेल | | | |
| १. | वडा नं.१७ | ३।०८०। ६।२५ | चतरा मार्ग लुप सडक निर्माण धरान १७ | २२८७.५५ | ० | ० | ० | २२८७.५५ | ७।९१ | १८०९४ |
| २. | वडा नं.१७ | ८-०८०। ८।२९ | हवाई मार्ग सडक निर्माण उपभोक्ता समिति | ३००३ | ० | ० | ० | ३००३ | ७.९१ | २३७५३ |
| ४ | वडा नं.८ | ३७। ०८१।३। २३ | जुनेली पथ सडक निर्माण | ३३१ | ० | ० | २५९६ | २९२७ | ७।९१ | २३१५३ |
| ५ | वडा नं.८ | ३६। ०८१।३। २३ | शतिमार्ग ढल तथा एजिङ्ग वाल निर्माण | ९१२ | ० | ० | ४३३९ | ५२५१ | ७।९१ | ४१५३५ |
| ६ | वडा नं.८ | १४। ०८१।१। २६ | सिद्धार्थमार्ग लुप बिनायोमार्ग पश्चिम ढल तथा एजिङ्गवाल निर्माण | ३७० | ० | ० | १९२० | २२९० | ७।९१ | १८११४ |
| ७ | वडा नं.६ | ९।०८०। ११।६ | पानवारी खानेपानी मुहान जानेबाटो स्तरोन्नती | ० | ० | ० | ९३८४ | ९३८४ | ७।९१ | ७४२२७ |
| ८ | वडा नं.६ | ६।०८०। ९।१७ | नियमित सडक मर्मत संभार कार्य | ० | ० | ० | १७८४४ | १७८४४ | ७।९१ | १४११४६ |
| ९ | वडा नं.१३ | ३२। ०८१।३। २१ | शिवधारा खानेपानी ट्याङ्की दोभान मार्ग रोड निर्माण | १३८१ | १३३४ | ० | ० | २७१५ | ७।९१ | २१४७५ |
| | | | | ० | ० | ६६७ | ० | ६६७ | ६।७८ | ४५२२ |
| १० | वडा नं.१३ | २६। ०८१।२। २४ | शिव स्वस्तिका लुप बाटो निर्माण | १३२३ | २४५० | | ० | ३७७३ | ७।९१ | २९८४४ |
| | | | | ० | ० | १२७० | ० | १२७० | ६।७८ | ८६११ |
